सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
• वर्ष २३ • अंक ४९ • FRIDAY, 27 APRIL 2018 • काठमाडौं शुक्रबार, वैशाख १४, २०७५ • पृष्ठ ३२ • मूल्य रु. १५/-





# सुनको पासो

पृष्ठ २२ मा

मध्यपृष्ठमा
## हिमानी





समय सन्दर्भ

# बेरोजगार भविष्य र हाम्रा सन्तति



अधिकारी रवीन्द्र

सर्वप्रथम एउटा ऐतिहासिक प्रसङ्ग। उन्नाइसौं शताब्दीको सुरुवाती समयमा बेलायतमा गलैंचा उद्योगमा नयाँ प्रविधि घुसाइयो। औद्योगिक क्रान्तिको त्यो समयमा भित्र्याइएका मेसिनले हजारौं मजदुरलाई बेरोजगार बनायो। कारण गलैंचाका सबै काम अब मेसिनबाट हुने भए। ती मजदुरमध्येका नाइके मजदुरको नाम लुडाइट थियो र उनको अग्रतामा उक्त प्रविधिको ठूलै विरोध भयो। रोजगारी खोसिएको रिसमा उनीहरूले फ्याक्ट्रीमा आगजनी गरे, मेसिन बिगारिदिए। आज पनि अंग्रेजी भाषामा लुडाइट भन्ने प्रतीकात्मक शब्दले कुनै त्यस्तो व्यक्तिलाई जनाउँछ जो नयाँ प्रविधि, औद्योगीकरण, स्वचालित प्रणाली वा कम्प्युटरको विरोधी हो। किनभने उसको विचारमा त्यस्ता चिजले मानवीय रोजगारी विस्थापित गरिरहेका छन्।

मेसिनले अब ती काम पनि गर्न थालिसकेको छ जुन काम केवल मानिस मात्रको वशमा छ भनेर सोचिन्थ्यो। मानिसलाई मनोरन्जन दिने, उनीहरूको देखभाल गर्ने र अन्य सहानुभूतिजन्य कामहरूसमेत अहिले मेसिनले गर्दैछन्।

विशिष्ट सीप चाहिने कामबाहेक मध्यम तथा निम्न सीप भएका मानिसहरूले गर्ने सबै प्रकृतिका काम मेसिनबाटै गर्न सकिन्छ भनेर दावा गर्नेहरू कम छैनन्। हुन पनि हो, उनीहरूको दाबालाई सिद्ध गर्ने थुप्रै उदाहरण भेटिन्छन्। कम्प्युटरले कुन किसिमका काम भविष्यमा कहिल्यै गर्न सक्दैन भन्ने भनाइ समयसँगै पटक-पटक गलत सावित हुँदै आएका छन्।

एउटा चाखलाग्दो कुरा यो हुन सक्छ : मास्लोवको मानवीय आवश्यकताको तहगत वर्गीकरण अनुसार विविध आवश्यकता प्रविधिले पूरा गर्न सक्नेछ अथवा गाँस, बास र कपास तथा सूचना र शिक्षाका लागि धेरै पैसा पर्नेछैन। जब धेरै आवश्यकता निःशुल्क हुनेछन् तब मानिसका लागि कामको चपेटा पनि निश्चय नै कम पर्नेछ। यति मात्र नभै सुरक्षा तथा दोस्रो वर्गमा पर्ने मानसिक आवश्यकता पनि कुनै उपकरणले पूरा गरिदिनेछ, तर मानिस हो, उसका आवश्यकता यति धेरै थपिनेछन् कि उसलाई आम्दानी वा रोजगारीको खाँचो अहिलेभन्दा बढी हुनेछ।

यस्ता काम गर्न अब कुनै मानिसको आवश्यकता पर्नेछैन जुन काम एकोहोरो र दोहोरिरहने प्रक्रियामा आधारित छन्। सडक-सडकमा एटीएम राखिदिएकाले बैंकले कति मानव कर्मचारी कटौती गरेको छ ? सिसी क्यामेराको प्रयोगले गार्डको संख्या कतिले घटेको छ ? अनि सोच्नुहोस्, चोक-चोकका भेन्डिङ मेसिन तथा रकम रिचार्ज गर्ने मेसिनले कति कर्मचारीलाई बेतलबी बनायो ? यस्ता मेसिनले काममा भएका कर्मचारीलाई कामबाट प्रत्यक्ष निकाल्ने भन्दा पनि मेसिन आउँदैखेरि नयाँ काम गर्ने गराउने भनेर आउँछन् र हेर्दा नयाँ काम देखिए पनि वास्तवमै मानव वर्क फोर्सकै अतिरिक्त आएका हुन्छन्, अर्थात् कसै न कसै गरी मानिस स्टाफभन्दा यी मेसिन जागिर दिनेहरूका लागि धेरै प्रिय हुन्छन्। प्रिय हुन्छन् यस अर्थमा कि यी मेसिन मानिसजस्तो कहिल्यै थाक्दैनन्, कहिल्यै बूढो हुँदैनन्, बिग्रिए तुरुन्त बनाउन सकिन्छ, आवश्यकता परे भ्याकेन्सी ननिकाली वा इन्टरभ्यू नलिई तुरुन्त हजारौंको संख्यामा रेप्लिकेट गरेर ल्याउन सकिन्छ अनि थप यस्ता मेसिन मानिसजस्तो सानातिना कुराले कामबाट विकर्षित हुँदैनन्। यिनीहरू न गर्भवती हुन्छन्, न सुत्केरी नै, यिनीहरूलाई कामका दौरानमा न प्यास लाग्छ न पिसाब। अरू त अरू एकपटक इन्स्टालेसन खर्च बेहोरिसकेपछि आजीवन बिनातलब यी मेसिनलाई चाहेजसरी काम लगाउन सकिन्छ। पेन्सन, उपदान, बिमा आदि-इत्यादि खर्च सोच्नु पनि पर्दैन। महिना दिनमा एक दिन सर्भिसिङ गराइदिए हप्तामा सातै दिन र दिनमा चौबीसै घण्टा निर्धक्क चलिदिने यी मेसिन मानव मजदुरका घोर सत्रु सावित भएका छन्।

एस्प्रेस्सो क्युबले बिनावेटर र कुक चाहेजस्तो कफी तपाईंको हातमा खसालिदिन्छ। चेन रेस्टुरेन्ट डोरड्यासले घरघरमा अर्डर पुर्‍याउन साना आफैं चल्ने रोबोटिक कारहरूबाट सेवा सुरु गरिसकेको छ भने केही समयअघि सिंगापुरमा नुटोनोमी नामक कम्पनीले गरेको अटो ड्राइभिङ कारको सफल परीक्षणले संकेत गर्छ, सवारी चालक दाजुहरूले अब छिट्टै आफूलाई नयाँ पेसाका लागि तयार गर्नुपर्नेछ। यो पेशा धराशायी हुँदैछ। चालकरहित कार सुरक्षित पनि हुनेछ। तिनीहरूमा स्पिड प्रतिस्पर्धाको भावना हुँदैन, रिस हुँदैन। पिएर झल्लु भएर सवारी चलाउने मानव चालकको तुलनामा ती कारले निर्धक्कसँग गन्तव्यमा पुर्‍याइदिन्छन्, अनि अर्को कुरा यिनीहरूको हेर्ने क्षेत्र मानिसको जस्तो एकतर्फी हुँदैन। यिनीहरूले चारैतिर देख्छन् अनि अपारदर्शक अवरोधपछाडि पनि के छ थाहा पाउन सक्छन्, कारण यिनीहरूले हाम्रो जस्तो सीमित पञ्चइन्द्रीय प्रयोग गर्ने होइनन्, सेटेलाइटबाट लाइभ रन हुने म्याप र जीपीएस प्रयोग गर्छन्, तसर्थ मानव चालकले सफ्टवेयर प्रणालीसँग प्रतिस्पर्धा गर्न सक्नेछैनन्।

आखिर मान्नुहोस्-नमान्नुहोस्, जुनसुकै प्रविधिको अन्तिम बिन्दु मानव संसाधनको आवश्यकतालाई न्यूनीकरण गर्नु नै हो। नयाँ प्रविधि जन्माउने काममा थोरै मान्छे सम्मिलित हुन्छन्, फलस्वरूप उनीहरू आर्थिक रूपले निकै समृद्ध पनि हुनेछन्, तर उनीहरूबाट प्रतिपादित प्रविधिले लाखौंको संख्यामा बेरोजगारी थपिनेछ। बदलिँदो समयमा लुडाइट भएर प्रविधिको विकासमा अड्चन सिर्जना गर्न खोज्दा असफल भइने निश्चित छ, तसर्थ अब हाम्रा सन्ततिलाई पढाउँदा, प्रशिक्षण दिँदा प्रविधिका चपेटामा नपर्ने वा यसको सिकल्प हुने गरी गर्नुपर्ने देखिन्छ, त्यति नभए प्रविधिसँग जुध्न वा खेल्न सक्ने योद्धाका रूपमा खडा गर्नुपर्ने हुन्छ। नवीन प्रविधि सिर्जना गर्ने सर्जक भए झनै राम्रो।

ravinems@iom.edu.np

युवा मन

# डर



सुविन भट्टराई

डर, हिँड्दाहिँड्दै ठेस लागेर लडिन्छ कि भन्ने। डर, लडेर उठ्न सकिन्न कि भन्ने। डर, उठेर हिँड्न सकिन्न कि भन्ने। डर, हिँड्न सके पनि कसैलाई उछिन्न सकिन्न कि भन्ने। डर, एकपटक उछिने पनि, सधैँभरि उछिनिरहन सकिन्न कि भन्ने।

थाहा छैन जीवन डरमा बाँचेको हो कि डर जीवनमा बाँचेको हो।

डरले जिब्रो लरबरिन्छ। हातगोडा काँप्छन्। तर्कका धारलाई भुत्ते बनाइदिन्छ। मस्तिष्कका सुन्दर विचारहरूलाई कुरूप विचारले विस्थापित गरिदिन्छन्। हिम्मतका पंखमा कैंची चलाइदिन्छन्। उत्साहको अँगेनामा जब खस्न थाल्छन् डरका थोपाहरू, तब मानिसभित्र अकर्मण्यताको हिमनदी जम्न थाल्छ।

चोर, डाँका, भूत, राक्षस र किचकन्नीसितको डरले अक्सर मानिसको बाल्यकाल रातमैत्री हुन सक्दैन। असुरक्षा, असफलता, शंका अनि प्रतिस्पर्धाको डरले जवानी दिनमैत्री हुन सक्दैन। यो डर हारसँगको डर हो। यो डर अरूसित होइन, आफैंसित हो। आफ्नै क्षमतासितको डर हो। आफ्नै हिम्मतसितको डर हो।

यहाँ डरमा बाँच्ने कति होलान् ? रिजल्टको डरले परीक्षै नदिनेहरू होलान्। घाटाको डरले नयाँ व्यापारको आइडिया हुँदाहुँदै पनि सुरु नगर्नेहरू होलान्। रिजेक्सनको डरले कसैलाई प्रेम प्रस्तावै राख्ने हिम्मत गर्न नसक्ने घायल प्रेमीहरू होलान्। थाकिन्छ कि भन्ने डरले यात्रै नगर्नेहरू होलान्। नमीठो होला भन्ने डरले नयाँ खानेकुरा चाख्न हिचकिचाउनेहरू होलान्। अझ गलतलाई गलत भन्न डराउनेहरू कति होलान् ?

डर हाम्रो कमजोरी हो। हामी अक्सर नचाहिने कुरामा हिम्मत देखाउँछौं र चाहिने कुरामा डराउँछौं। हामीलाई यसले घाटाबाहेक अर्थोक केही दिँदैन, तर हाम्रो यो कमजोरीको फाइदा अरूले भने मज्जाले उठाइरहेका हुन्छन्।

असफल हुनु त्यति नराम्रो कुरा होइन, तर असफलतासित डराउनुचाहिँ पक्कै नराम्रो हो।

घाटा हुनुमा दोष जसको होला-होला, तर घाटासित डराएर सम्भावित नाफाहरूको बाटो थुन्नु पनि पक्कै मूर्खता नै होला।

प्रेम डरको डोरीमा आफैंलाई बाँधेर गर्ने चीज होइन, रहरको धागोमा बाँधेर उडाउने चीजहो। डरमा प्रेम हुँदैन र प्रेममा कुनै डर हुनु हुँदैन। चाखेरै थाहा हुन्छ, कुनै पनि चीज मीठो छ कि नमीठो, तर स्वादसित डराएर जिब्रोको अधिकार खोस्नु कहाँको बुद्धिमता हो ?

नथाकी यात्रा गर्छु र आँसु नझारी रुन्छु भन्नु उस्तै-उस्तै कुरा हुन्। यो कुरा यात्रासित डराउने तमाम ती मानिसहरूलाई कसले बुझाउला ?


गलतलाई गलत भन्न डराउने सबै मानिस गलत हुन्। सही र गलतको पार्थक्य मानिसले सही ढंगले कसरी छुट्याउला?

हामी डरसित भाग्न मात्र जान्दछौं। डरसित उठ्ने प्रयास गर्दैनौं। डरसित बस्ने प्रयास गर्दैनौं। डरसित लढ्ने प्रयास गर्न सक्दैनौं। हामी डरका अघिल्तिर जहिल्यै आत्मसमर्पणको भावमा हुन्छौं। डर यदि मुसा हो भने हामी बिरालो बन्न सक्नुपर्छ। डर यदि यात्रा हो भने हामी पाइला-पाइलामा परिणत हुन सक्नुपर्छ। डर असफलताको हो भने हामी कम्तीमा प्रयासमा अनूदित हुन सक्नुपर्छ। डर यदि घाम हो भने हामी छायाँमा बद्लिन सक्नुपर्छ। डर यदि बर्षात् हो भने हामी ओत बन्न सक्नुपर्छ।

भन्नुहोला, यी सब भन्न धेरै सजिलो छ, तर भनेभन्दा गाह्रो प्रयास गर्नमा पनि छैन। प्रयास नगर्नु भनेको फेरि घुमीफिरी उही कुरा आउँछ, हारसितको डर। संसारको सबैभन्दा ठूलो हतियार हरेक मानिसले आफैंसित बोकेर हिँडेको हुन्छ– हिम्मत। फरक यति हो, थोरैले देखाउँछन्, धेरैले लुकाउँछन्।



यात्रा सन्दर्भ



किशोर नेपाल



तस्बिर : नवराज बाले

# दन्त बझान र दन्त उपचार

कुनै मानिसले अर्को कसैसँग झगडा गरिरहेका बेला दिने गज्जबको धम्की हो– दाँत भाँचिदिउँला । बंगारा झारिदिउँला । बत्तीसी निकालेर हातमा राखिदिउँला । यस्ता झगडालुहरूले जे बोले पनि दाँतमा आक्रमणचाहिं गरी हाल्दैनन् । त्यसो गरी हाल्ने भए दिनहुँ कतिका दाँत र बंगारा झर्ने थिए होला ? दाँतका सम्बन्धमा यो हिंस्रक उदाहरण मात्र होइन, अहिंस्रक उखान पनि प्रचलित छ । अक्सर गाउँ-छिमेकका घरहरूमा हुने सासू-बुहारीको ठास-ठुस र झगडाका बारेमा कुरा गर्दा मानिसहरू 'सासू-बुहारीको दन्त-बझान' को उल्लेख गरिहाल्छन् । सासू-बुहारीबीचको झगडा दक्षिण एसियाइ समाजको मूल चरित्र नै बनिसकेको छ । देशमा यस्ता सासू र बुहारीको संख्या बढ्दो छ, जो एक-अर्काको जगल्टा उखेल्न सधैं तयारीका साथ बसेका हुन्छन् ।

यी त भए दाँतका सम्बन्धमा केही रमाइला गफ । यी उदाहरणबाट पनि दाँत मानव शरीरको कति महत्वपूर्ण अंग हो भन्ने प्रकट भैहाल्छ । सरसर्ती हेर्दा दाँतको रोग सामान्य नै मानिन्छ, तर यो सामान्य हुँदैन । जसरी मानिसको आँखा, नाक, कानजस्ता इन्द्रियको उपचारका अलग विधि हुन्छन् त्यसरी नै दन्त-चिकित्साका पनि अलग विधि छन् । चिकित्सा शास्त्रमा नेत्र चिकित्सा विज्ञानको जस्तै दन्त चिकित्सा विज्ञानको अलग अध्ययन गराइन्छ । मूल डाक्टरी पढने चाहना भएका मानिसहरूले त्यस्तो अध्ययनको अवसर पाएनन् भने दन्त विज्ञान पढ्छन् । पहिले 'के होला र दन्त विज्ञान ?' भन्ने मनस्थिति बनाएकाहरूले पनि पछि यसको जटिलता थाहा पाउँछन् ।

एसएलसीमा दोलखा जिल्लामै पहिलो भएर नाम कमाएका दिनेश कार्की बीपी कोइराला प्रतिष्ठान, धरानमा चिकित्साशास्त्र पढ्न चाहन्थे, तर उनको भागमा पऱ्यो दन्त विज्ञान । सन्तोषी युवा दिनेशले त्यसैलाई अपनाए । अहिलेका प्रतिष्ठित युवा दन्त चिकित्सकहरूको लहरमा उनको नाम निकै चम्किएको छ ।

डा. दिनेशका लागि दन्त विज्ञानको अध्ययन व्यक्तिगत जीवनका लागि पनि निकै अनुकूल भएको छ । दोलखाका डा. कार्कीले डाक्टरी शिक्षा धरानमा लिए । उनको आँखा भैरहवामा दन्त विज्ञान पढिरहेकी आशाका आँखासँग जुध्न पुगे । त्यसपछि तयार भयो एउटा त्रिकोण : दोलखा, धरान र भैरहवाको । अहिले कार्की दम्पतीसँगै प्राक्टिस गर्छन् । यो आलेखमा डा. आशाका विचारलाई सामेल गर्न सकिएन, किनभने उनी घरकाजमा व्यस्त थिइन् । छोरीकी आमा भैसकेपछि आशाले डाक्टरीबाट केही समयका लागि बिदा लिएकी छिन् । यता डाक्टर दिनेशको स्वभाव भने अलिकति बिन्दास छ । निश्चित बिरामी छन् । राम्रो आम्दानी छ । लोभ-लालचबाट बूढाबूढी नै टाढा छन् । कफी सप वा बियर बारमा एक कप कफी वा एक बोत्तल वियरसँग मात्तिएर राम्रो पुस्तक पढ्न पाए डाक्टर गम्किहाल्छन् । घूमघाम भनेपछि हुरुक्क हुन्छन् । टाइम निकालेर फिक्सन लेख्छन् । अब लेखनलाई सह-व्यवसाय बनाउने धुनमा लागेका छन् ।

दाँतको उपचारको कुरा गर्दा डा. दिनेश भन्छन्- कसैसँग भिडेर बंगारा फुस्काएर आएको मानिसको त होइन, दाँतको पीडाले छटपटाइरहेको कसैलाई पनि पाँच मिनेटमा पीडाबाट बाहिर ल्याएर उपचार गर्छु । दाँत दुखेर छटपटाइरहेको मानिसको पीडा निको नपारेसम्म अरू उपचार सम्भव पनि हुँदैन । हिजोआजका दन्त-चिकित्सकहरू बिरामीको दाँतलाई उखेलेर फाल्नेमा विश्वास गर्दैनन् । दाँत सकेसम्म फाल्नु हुँदैन । रुट क्यानल ट्रिटमेन्ट गरेर पनि दाँतलाई जोगाउनुपर्छ । यद्यपि, आरसीटी अलिकति खर्चिलो हुन्छ, तर यसले दाँतको सौन्दर्य र स्वास्थ्य दुवैलाई फिट राख्छ ।

डाक्टर दिनेश भन्छन् : दन्त चिकित्सा उपचार मात्र नभएर फेसन पनि हो । मानिसहरू लाखौं खर्च गरेर दाँतको साजसज्जा गर्छन् । देशका लाखौंलाख गरिब जनताको दाँत खराब छ । दाँतमा लागेको रोगका कारण सडकमा भेटिने हरेक तेस्रो मानिसको मुख गन्हाएको हुन्छ । दाँतको चिकित्सामा सरकारी अनुदान छैन । कतैबाट सहयोग आएको देखिँदैन । ओरल हेल्थलाई सरकारले नै प्रोत्साहित गर्नुपर्ने हो । सहर-बजारकै अवस्था ठीक छैन । गाउँघरको त के कुरा गर्नु ?

मानिसका जम्मा २८ वटा दाँत र चारवटा बुद्धिबंगारा हुन्छन् : डा. दिनेश भन्छन्, बुद्धिबंगाराको आकार गजब-गजबका हुन्छन् । कुनै गोलो, कुनै थेप्चो । ती अप्ठेरा पनि हुन्छन् । सौन्दर्यका हिसाबले काठमाडौंका केटीहरू दाँतको सुरक्षामा लागेका छन् । दाँत बांगो नहोस्, इनामेल नजाओस्, कालो नहोस्, दाँतको बीचमा ग्याप नहोस् भनेर सबै सचेत छन्, तर केटाकेटीमा खाएको जंक फुड, चिसो आइसक्रिम र गुलियोले धेरैका दाँत कमजोर भएका छन् ।

डा दिनेश खुशी छन् : दाँतका बारेमा चेतना बढ्दो छ । जनता सचेत हुँदै छन् । दन्त उपचारको ग्ल्यामर भ्यालु पनि बढ्दैछ । जीवन रमाइलो बन्दैछ ।

## प्रतिक्रिया




साप्ताहिकलाई चुनौती दिन सक्ने अर्को कुनै मनोरन्जक पत्रिका छैन । अझैं राम्रा विषयवस्तु समेट्दै जानुहोस् ।

**सन्तोष घिमिरे**

मनोज गजुरेलजीलाई चलचित्र यात्राका लागि शुभकामना (मंगल होस् : सिनेमा खेलिनँ, किन खेलें ?) । हास्यव्यंग्य क्षेत्रमा मिलेको सफलता पुनः दोहोऱ्याउन सक्नुहोस् ।

**शंशाक पन्त**

महिला पत्रकारहरूको आँटलाई सलाम छ (महिला पत्रकारहरूले सगरमाथा आरोहण गर्ने) । सर्वोच्च शिखर सगरमाथाको आरोहण सफल होस् ।

**कन्चन सुब्बा**

लखनउ सहर र नवावहरूको किस्सा रोचक लाग्यो (यात्रा सन्दर्भ : लखनउमा पहले आप) । इतिहास र सम्पदाहरूको जगेर्ना एवं सम्मान गर्न लखनउवासीहरूबाट केही कुरा सिक्नैपर्छ ।

**अमृत शाही**

प्रायः सुन्दरी प्रतियोगितामा भाग लिनेहरूले राजनीतिमा खासै रुचि दिएको पाइँदैन (प्रधानमन्त्री हुने रहर छ) तर नयाँ मिस नेपाल शृंखला खतिवडा अरूभन्दा भिन्न देखापरिन् । प्रधानमन्त्री हुने उनको इच्छा पूरा होस् ।

**उमेश श्रेष्ठ**

यो प्रयोग नयाँ लाग्यो (यस्तो पो भिडियो) । चर्चाका लागी मात्र नहोस्, कला, संस्कृतिको जगेर्नामा पनि ध्यान दिइयोस् ।

**मनोज रेग्मी**

नेपालमा मौलिक कथामा निर्माण भएका चलचित्रको खाँचो छ (२०७५ मा कस्ता चलचित्र आउँछन्) । कसैबाट प्रभावित नभई आफ्नै खालको प्रस्तुति होस् । आमदर्शकको चाहना सम्बोधन गर्न सक्ने चलचित्र बजारमा आउन् ।

**सुस्मी लिम्बू**

पहिलेका वर्षहरूको तुलनामा रंगमञ्चमा उल्लेख्य प्रगति भएको छ (२०७४ मा निरन्तर मञ्चन भए नाटक) । स्वदेशमा मात्र होइन विदेशमा पनि नेपाली नाटक मञ्चन भएका छन् । नयाँ पुस्ता नाटकप्रति आकर्षित छ । यसलाई सकारात्मक नै मान्नुपर्छ ।

**प्रतीक बोहरा**

विवादभन्दा पनि प्रतिभा अनि स्वरले दिएको चर्चा दिगो हुन्छ (कुराकानी : विवादले थप चर्चा दियो) । चर्चामा आउन मात्र गरिने काम स्थायी हुँदैन ।

**मनिता राई**

चम्ल्याहा आमाको खबर रोचक लाग्यो (चम्ल्याहा आमा) । साहसिक सुन्दरीको त्याग सम्मानयोग्य छ ।

**वर्षा खड्का**

मिस नेपाल-२०१७ निकिता चाण्डकको अभिनय हेर्न आतुर छु (निकिता अब अभिनेत्री) । अभिनयमा पनि उनले आफ्नो स्तर कायम गर्ने छिन् भन्ने आशा छ ।

**सागर आचार्य**

मंगोलियन हार्ट लामो समयपछि फेरि झुल्किएको छ (मंगोलियन हार्टको सिल्भर जुब्ली) । अब बिभिन्न सहरहरूमा हुने कार्यक्रममार्फत दर्शकहरूलाई झुमाउन सफल होस् ।

**रचना सिग्देल**

साहसिक खेलमा विजय हासिल गरेकोमा सुनिल गुरुङलाई बधाई (पहिलो क्यानोनिङ उपाधि गुरुङलाई) । यो खेलमा तपाईंको राम्रो सम्भावना छ ।

**नवीन आचार्य**

मार्क जुकरबर्गले नढाँटी सबै कुरा भनेका छन् (हो, त्यो हाम्रै गल्ती थियो) । फेसबुकसँग जोडिएका मानिसहरूको गोपनियतालाई फेसबुकले सम्मान गर्नैपर्छ । यो कुरामा जुकरबर्ग र उनको कम्पनी सचेत हुनु जरुरी छ । उनलाई सचेत बनाउन जरुरी पनि थियो । अमेरिकी सिनेटले सही काम गरेको छ ।

**मात्रिका गौतम**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# मेरो गीतमा राजा वीरेन्द्र नाचे



तस्बिर : नवराज वाले

**काठमाडौंमा जन्मिएर दोलखामा हुर्किएका लोकगायक कुमार बस्नेत परिचय दिइरहनुपर्ने नाम होइन । लोकलयमा नाच्दानाच्दै गायक बनेका बस्नेत प्रारम्भिक दिनमा विशेष गरी द्विअर्थी गीत गाएर चर्चामा आएका हुन् । लामो समयदेखि संगीतकर्ममा व्यस्त बस्नेतलाई नै नेपाली लोकलयलाई रेडियो नेपालमार्फत घर-घरमा पुऱ्याउने श्रेय दिनेहरूको कुनै कमी छैन । कुमार बस्नेतसँग अहिलेको सन्दर्भमा लोकगीत-संगीतका बारेमा साप्ताहिकले गरेको कुराकानी :**

**कसरी गायक बन्नुभयो ?**

म वि.सं. १९९८ मा काठमाडौंको कमलपोखरीमा जन्मिएको हुँ, सानो छँदा म निकै बिरामी थिए रे, आमा पनि बिरामी । हाम्रो परिवारसँग खान लाउन सक्ने प्रशस्त सम्पत्ति थिएन । मलाई बचाउन भनेर हजुरआमाले हामीलाई दोलखा पुऱ्याउनुभयो । म सानैदेखि बाजा बजाउने रहर गर्थें । मैले बाजा बजाउँदा क्षेत्रीको छोरो भएर पनि बाजा बजाउँछ भनेर घरमा गाली गर्थे, तर मेरो बाजामोह कहिल्यै कम भएन । त्यतिबेला मेरो बुवा नेपाल नाट्य संघको जनरल सेक्रेटरी हुनुहुन्थ्यो । म बुवासँगै त्यहाँ जान्थे, त्यही बेला हो लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण समहरूसँग मेरो भेट भएको । त्यो बेलाका हास्यकलाकार केशरगुप्त सिंहलाई अहिले कसैले सम्झँदैनन्, उनी त्यो बेलाका चर्चित हास्यकलाकार थिए । उहाँहरूसँगको संगतमा पुगेपछि म उहाँहरूकै पछि लागें । म केही जान्दिनथें, तर संगत राम्रो पऱ्यो । सिकाइदिने गुरु उनीहरू नै हुन्, उनीहरू कुरा गर्दै सिकाउँथे । म २००८ सालतिर बालकलाकार हुँदै कलाकारितामा आएको हुँ । बच्चैदेखि नाच्ने भएकाले केआई सिंह, विश्वेश्वरप्रसाद कोइराला, टंकप्रसाद आचार्यजस्ता राजनैतिक हस्तीहरूले मलाई चिन्थे । त्यतिबेला नेपालमा नाचको त्यति विकास भएको थिएन तर भैरवबहादुर थापा जसलाई म गुरु मान्छु, उहाँ राष्ट्रिय नाचघरको नृत्य निर्देशक हुनुहुन्थ्यो । त्यहाँ नाच्दा-नाच्दै रेडियो नेपाल पुगेर म गायक भएको हुँ ।

**रेडियो नेपालमा तपाईंको प्रवेश कहिले भयो ?**

२०१५/२०१६ सालतिर होला । म पहिलो पटक रेडियो नेपालमा नाच्न गएको थिएँ ।

**तपाईं त नर्तक हुनुहुन्थ्यो, गीत कसरी गाउन थाल्नुभयो ?**

राम्रो नाच्ने भएकाले रेडियो नेपालमा मलाई सबैले चिन्थे । म गायक हुन खोजेर भएको पनि होइन । आफ्नो गाउँ दोलखामा हुने जात्रामा जे सुन्थें, म त्यही गुनगुनाउँथे । बाल्यकालमा गुनगुनाएको त्यही स्वाद पछिसम्म रहँदो रहेछ । रेडियो नेपालमा नाच्न थालेपछि सडक विभागका लेखापाल रवीन्द्र शाहले तँ राम्रो गीत गाउँछन् निवेदन हाल भनेपछि मैले निवदेन दिएँ । मभन्दा अगाडि नारायणगोपालको अन्तर्वार्ता चलिरहेको थियो, नारायणगोपाल ६/७ वटा गीत गाएर फर्किएँ । त्यसपछि मेरो पालो आयो । स्वर राम्रो छ तर मान्छे सानो भयो भनिरहेका थिए । त्यसमा नारायणगोपाल पास भएनन्, तर म पास भएँ । भाग्य रहेछ, भाग्यले साथ दियो भने डोकोमा पनि दूध अडिँदो रहेछ ।

**कलकत्तामा कुन-कुन गीत गाउनुभयो ?**

त्यहाँ मैले दुईवटा गीत गाएँ । एउटा 'चौतारी झ्याङला नानी कान्छा' बोलको तामाङ गीत थियो, दोस्रो 'रिमझिम रिमझिम पानी पर्ला' बोलको आधुनिक गीत । भगवान्ले आशीर्वाद दिएका रहेछन्, दुवै गीत चले । त्यसपछि नाच्ने-गाउने क्रम बढ्दै गयो ।

**मौलिक भाकातर्फ कसरी मोडिनुभयो ?**

साथीहरू भन्थे, तँ आफ्नो संस्कृतिको विकासमा

पृष्ठ ७ मा






बहस

# कस्ता चलचित्र मन पराउँछन् युवा ?

लक्ष्मी भण्डारी थापा



तस्बिर : श्रुति श्रेष्ठ

हिजोआज मल्टिप्लेक्समा चलचित्र हेर्ने पहिलो झुन्ड भनेकै युवाहरूको हो । अंग्रेजी-हिन्दी चलचित्र हुन् वा नेपाली नै, सुविधासम्पन्न मल्टिप्लेक्ससम्म पुगेर चलचित्र हेर्ने पहिलो दर्शक भनेका यिनै युवा हुन् । यिनीहरूकै रहर पूरा गर्न कतिपय अभिभावकले फ्यामिली मुभी डे नै छुट्याएका हुन्छन् । सहरका युवाहरू मल्टिप्लेक्समा पाइने सुविधा र त्यहाँ उपलब्ध रमणीय वातावरणका कारण पनि त्यसतर्फ तानिएका छन् । पछिल्लो समय नेपाली चलचित्रमै पनि युवा लक्षित कथा समेटिन थालिएकाले कतिपय युवा यस्ता चलचित्रले आफूलाई मोटिभेट गर्ने बताउँछन् । सायद, होस्टल, जेरी आदि नेपाली चलचित्रले थुप्रै यस्ता युवा दर्शकलाई हलसम्म तानेका थिए । युवा दर्शकहरूकै कारण यी चलचित्र रुचाइएका चलचित्रको क्याटागोरीमा परेर व्यवसायिक रूपमा सफल पनि भए । अहिले नेपाली चलचित्रमा दुई खालको ट्रेन्ड छ । पहिलो सहरिया, सम्भ्रान्त अनि कस्मोपोलिटन लाइफ रिप्रेजेन्ट गर्ने कथा र लोकेसन अनि सोहीअनुसारको लाइफ स्टाइल, अर्को ठेट नेपाली भाषा-शैली तथा संस्कृतिलाई प्रतिनिधित्व गर्ने खालका कथा अनि उस्तै वेशभुषा र दृश्य । केही समययता युवा जमात पनि यस्ता फरक स्वाद दिने नेपाली चलचित्रतर्फ तानिँदै गएको पाइन्छ, यद्यपि अझै पनि धेरै युवाहरू हिन्दी-अंग्रेजी चलचित्रमै रमाउँछन् ।

केएमसी कलेजका रोचकसिंह थापा साइन्स फिक्सनमा आधारित अंग्रेजी चलचित्रले आफूलाई आकर्षित गर्ने बताउँछन् । थापाका अनुसार चलचित्र हेर्नु भनेको विशुद्ध मनोरञ्जन मात्र हो । ज्ञान आर्जनका लागि अन्य थुप्रै स्रोत छन् । चलचित्रले मेरो मस्तिष्कलाई तरोताजा र तन्दुरुस्त बनाउँछ । थापा भन्छन्- अर्को कुरा त्यस्ता चलचित्रले ज्ञानको स्रोतमा मन लगाइदिन्छ । थापालाई हलिउडमा बनेका हाइ-टेक चलचित्र हेर्दा नेपालमा पनि यस्तै चलचित्र बनिदिए हुन्थ्यो भन्ने लाग्छ । आफ्नो कुरालाई प्रस्ट पार्दै थापा भन्छन्- सबै जना सकारात्मक चलचित्रबाट शिक्षा लिने भन्छन् तर म नकारात्मक चलचित्र पनि हेर्नुपर्ने कारणहरू देख्छु किनभने हाम्रो समाजमा धेरै नकारात्मक कुराहरू छन् जसलाई परास्त र न्यूनीकरण गर्न यस्तै चलचित्रले सिकाउँछन् । त्यसबाहेक अंग्रेजी चलचित्रले थापाको शब्दज्ञान बढाएको छ भने उच्चारणमा समेत सुधार ल्याएको छ ।

सेन्ट जेभियर्स कलेजमा ११ कक्षामा अध्ययनरत न्हुजः महर्जनलाई अंग्रेजी चलचित्र मनपर्छ । उनलाई मानव जीवनमा आधारित अनि मस्तिष्क खेलाउन सिकाउने चलचित्रले आकर्षित गर्छन् । चलचित्र र पुस्तक उस्तै हुन्- चलचित्रबाट पनि थुप्रै ज्ञान आर्जन गर्न सकिने बताउँदै न्हुजः भन्छन्- हामी जस्ता युवाले चलचित्रलाई गाइड (निर्देशक) का रूपमा लिनुपर्छ । मैले हेरेको चलचित्र अक्टोबर स्काइमा कसरी एउटा विद्यालय जान मन नगर्ने बालक रूसले बनाएको स्याटेलाइट रकेट राति आकाशमा चम्किएको देखेर विद्यालयमा रुचि राख्ने हुन्छ र कालान्तरमा गएर नासामा काम गर्न पुगी त्यस्तै स्याटलाइट निर्माण गर्न सफल हुन्छ भन्ने कुरा देखाइएको छ । यस्ता मोटिभेसनल कथा समेटिएका चलचित्रले हामीलाई कतिपय अवस्थामा जीवनको अर्थ र उद्देश्य सिकाइरहेका हुन्छन्, तसर्थ म चलचित्रलाई शिक्षा आर्जनकै माध्यमका रूपमा लिन्छु । न्हुजःको व्यक्तिगत जीवनमा चलचित्रले अत्यन्तै सकारात्मक छाप पारेको छ त्यसैले उनी चलचित्रलाई प्राथमिकतामा राख्छन् ।

लिटिल एन्जल्सकी रेगिसा महर्जन ज्ञान दिने खालका चलचित्र हेर्ने बताउँछिन् । उनलाई नैतिक ज्ञान सिकाउने तथा हिम्मत प्रदान गर्ने खालका चलचित्रले लोभ्याउँछन् । त्यसका अतिरिक्त उनलाई कोरियन ड्रामाले जिउमा पुतली नाचेको अनुभूत गराउँछन् । चलचित्रबाट मैले थुप्रै कुरा सिकेकी छु, बोल्ने, हिँड्ने, खाने लगायत ड्रेसिङ सेन्स, टाइमिङ म्यानर, लाइफ प्लान, कन्फिडेन्टजस्ता कुरा मैले चलचित्रबाटै सिकेकी हुँ । रेगिसा भन्छिन्- चलचित्रमा राम्रा-नराम्रा दुवै पक्ष देखाइन्छ तर राम्रा कुरालाई स्वीकार गर्दै जीवनमा लागू गर्ने प्रयास गर्नुपर्छ, म मनोरञ्जनका लागि मात्र चलचित्र हेर्दिनँ । समय, पैसा अनि मस्तिष्क लगानी भैसकेपछि त्यसबाट केही न केही सिक्नै पर्छ ।

बेबिलोन स्कुलका सविच रिजाल ज्ञानमूलक तथा मोरल-मोटिभेसनल चलचित्र मनपर्ने बताउँछन् । त्यसबाहेक उनलाई एड्भेन्चरस चलचित्र पनि उत्तिकै मनपर्छन् किनभने यस्ता चलचित्रले डर भगाउने र बहादुर बनाउने उनको बुझाइ छ । उनलाई आत्मविश्वास वृद्धि गर्ने खालका चलचित्रले बढी तान्छन् भने चलचित्र हेर्दा उत्तिकै भावुक भएर कतिपय अवस्थामा उनी रोइदिन्छन् । मेहनत गर्नुपर्छ भन्ने कुरा मैले चलचित्र बाटै सिकेको हुँ, सविच भन्छन्- चलचित्रका सकारात्मक कुरा र ज्ञानलाई लिने हो । चलचित्र हेरेरै मैले कडा मेहनत गर्न र अरूको दुःखमा साथ दिन सिकें । मलाई यस्ता चलचित्रले प्रेरित गर्छन् जसलाई हेरेर आत्मविश्वास बढोस् अनि त्यसले जीवनलाई अघि बढाउन प्रेरित गरोस् ।

- केही समययता युवा जमात पनि यस्ता फरक स्वाद दिने नेपाली चलचित्रतर्फ तानिँदै गएको पाइन्छ, यद्यपि अझै पनि धेरै युवाहरू हिन्दी-अंग्रेजी चलचित्रमै रमाउँछन् ।
- चलचित्र हेर्नु भनेको विशुद्ध मनोरञ्जन मात्र हो । ज्ञान आर्जनका लागि अन्य थुप्रै स्रोत छन् ।
- मोटिभेसनल कथा समेटिएका चलचित्रले युवाहरूलाई कतिपय अवस्थामा जीवनको अर्थ र उद्देश्य सिकाइरहेका हुन्छन् ।
- युवाहरू मनोरञ्जनका लागि मात्र चलचित्र हेर्दैनन् । समय, पैसा अनि मस्तिष्क लगानी भैसकेपछि उनीहरूले त्यसबाट केही न केही सिकेकै हुन्छन् ।
- युवाहरूलाई कतिपय चलचित्रले उनीहरूको लक्ष्य निर्धारण गर्न प्रेरित गर्छन् जसलाई हेरेर युवाहरूको आत्मविश्वास बढ्छ अनि त्यसले उनीहरूलाई जीवनलाई अघि बढाउन प्रेरित गर्छ ।
- दयाहाङ राई, निश्चल बस्नेत अनि सुनिल रावलहरूले अभिनय तथा निर्माण गरेका नेपाली चलचित्रले पनि युवाका लागि उपयुक्त खुराक दिएका छन् । यस्ता चलचित्र जति धेरै बन्छन् त्यति नै नेपाली चलचित्रको क्रेज पनि बढ्दै जान्छ ।

कुलेश्वरका श्रृजन बस्न्यातले आफूलाई साइन्स-फिक्सन चलचित्रले बढी लोभ्याउने बताए । अंग्रेजी चलचित्रबाट आफ्नो भाषासमेत शुद्ध हुने उनको अनुभव छ । अर्कातर्फ हास्य चलचित्रले सेन्स अफ ह्युमर बढाउने उनको तर्क छ । अंग्रेजी चलचित्र स्कुल अफ रकले मेरो मन छोएको थियो । गिटार बजाउने सोख भएका श्रृजन भन्छन्- उक्त चलचित्रमा एउटा रकब्यान्ड र त्यसको म्युजिसियनको कथा छ । ब्यान्ड छोडेर हिँडेको त्यो संगीतकार आफ्नो साथीको पछि लागेर एउटा स्कुलका केटाकेटीलाई गिटार सिकाउन पुग्छ । उसले स-साना नानीहरूलाई गिटारमा पोख्त बनाउँछ । उक्त चलचित्रको क्लाइमेक्समा ती केटाकेटीले स्टेजमा आफूलाई प्रस्तुत गर्दा मेरो मन नै उद्वेलित भएको थियो । बस्न्यातका अनुसार पछिल्लो समय दयाहाङ राई, निश्चल बस्नेत अनि सुनिल रावलहरूले अभिनय तथा निर्माण गरेका नेपाली चलचित्रले पनि युवाका लागि उपयुक्त खुराक दिएका छन् । यस्ता चलचित्र जति धेरै बन्छन् त्यति नै नेपाली चलचित्रको क्रेज पनि बढ्दै जान्छ भन्ने श्रृजनको विश्वास छ ।

वीरगन्ज स्थायी घर भै बेबिलोनमै अध्ययनरत छात्रा मुस्कान अर्याल भन्छिन्- मलाई लभ-स्टोरी चलचित्र मन पर्छन् । म अनमोल केसीको डाइ हार्ट फ्यान हुँ । म उसका सबै चलचित्र हेर्छु । चलचित्रले मलाई रिफ्रेस बनाउँछ । मुस्कानलाई चलचित्रबाट धेरै कुरा सिकिन्छ भन्ने लाग्छ । कस्ता इभेन्टमा कस्ता लुगा कसरी लगाउने ? कोसँग कसरी वार्तालाप गर्ने, आफ्नो जीवनलाई कसरी अघि बढाउने, कस्ता समस्या कसरी समाधान गर्ने ? जस्ता थुप्रै कुरा चलचित्रले सिकाउने अर्यालको धारणा छ । नेपाली चलचित्रमा पनि ज्ञानवर्द्धक अनि यथार्थपरक र जीवनमा काम लाग्ने कुराहरू समेटिनुपर्ने मुस्कानको तर्क छ ।

# मेरो गीतमा...

पृष्ठ ५ बाट

नलागेर किन विदेशीहरूको कपी गरेर हिँड्छस् ? त्यो बेला गाई चराउने, भैंसी चराउनेहरूले गाउँमा गाउने लोकगीत नेपालमा चल्दैनथ्यो, हेला गर्थे । ती गीत चलाउन मैले 'दिउँला तिमीलाई दिउँला यो जोवन' जस्तो गीत गाए ।

**धेरै चलेको मध्येको एउटा गीत छोरीभन्दा आमा तरुनी... कुन सन्दर्भमा गाइएको थियो ?**

त्यो धेरैपछि ०४८ सालमा गाएको गीत हो । एकथरी हाम्रा पुर्खाहरूका गीत हुन्छन्, अहिले गीत लेख्ने पनि छन्, बनाउने पनि छन् । बेनीघाटभन्दा पर चरौदी भन्ने ठाउँमा माछा मारेर फर्कंदै थिएँ, मलेखुमा पन्चेबाजा निकै राम्रोसँग बजिरहेको थियो । मलाई पनि हेर्न रहर लाग्यो, मोटरसाइकल रोकें । केटाहरूले मलाई चिनिहाले । त्यो बिहेको जन्तीका रूपमा सिंगारपटार गरेर आएका बूढी आमाहरू देखेपछि 'हत्तेरिका है छोरीभन्दा आमा तरुनी भएर हिँड्ने चलन निस्कियो,' केटाहरूले भने । मलाई पनि घत पऱ्यो । ओहो भाइ हो, यो राम्रो गीत बन्छ, यसमा शब्दहरू कति करेक्सन गर्न सकिन्छ गर, म पछि आउँछु भनेर काठमाडौं आए । त्यति बेला म बाहिर घुमिरहन्थें । पछि ती भाइहरू क-कसले के-के शब्द थपे थाहा भएन, तर गीत राम्रो बन्यो ।

**गीतको कस्तो प्रतिक्रिया आयो ?**

निकै तीव्र प्रतिक्रिया भयो, जुलुस नै निस्कियो । तत्कालीन सञ्चारमन्त्री प्रदीप नेपालले त्यसमाथि बन्देज नै लगाउनुभयो । धनकुटाको एउटा कार्यक्रममा गीत गाउने बेला एउटाले स्लिपमा 'दाइ तपाईंले छोरीभन्दा आमा तरुनी' गीत गाएर किन आफ्नो देशका दिदीबहिनीहरूको बेइज्जती गर्नुभएको ? भनेर सोध्यो । गीत गाइसकेपछि मैले भाइहरू, नरिसाउनुस् यो हाम्रो दिदीबहिनीको बेइज्जती होइन, संसारभरि नै छोरीभन्दा आमा तरुनी छन् । मैले गाएको भएर बरु मेरै बदनामी भयो होला । मैले गीत त गाइहालें, तर मेरी श्रीमतीका लागि गाएको सम्झिदिनुहोस् भनेपछि भोलिपल्टदेखि नै प्रतिबन्ध खुलिहाल्यो ।

**त्यतिबेला तपाईंलाई गाली गर्नेहरू पनि निकै थिए होलान् नि ?**

गाली त खाएँ । मैले गाएको 'काठमाडौं कि नेवार्नी, रुम्जाटार गुरुङ्नी, थाकखोलाकी थकाली, हेलम्बुकी शेर्पिनी' गीतमा राजा वीरेन्द्र नै नाचेका थिए । गीतहरू त रमाइलोका लागि गाइएका हुन्छन्, त्यसलाई त्यही रूपमा लिइदिनुपर्छ ।

**कहिले र कहाँ नाचेका थिए राजा वीरेन्द्र ?**

२०३१ सालतिर सुर्खेत क्याम्पमा राजालाई मेरो गीत मन पऱ्यो र उनी त्यहीं नाचेका थिए ।

**गीत कसरी राम्रो बन्दो रहेछ ?**

गीतमा एउटै मान्छेले सबै कुरा राम्रो बनाउन सक्दैन, सबैको शब्द र भावना एउटै हुन्छ भन्ने पनि छैन । मैले गीतमा एउटा शब्द राखेको छु, तपाईंले योभन्दा यो राम्रो हुन्छ भनेर अर्को सुन्दर शब्द थपिदिनुहुन्छ । अर्कोले त्यसको अन्तरा योभन्दा यो राम्रो हुन्छ भनेर अर्को वाक्य जोडिदिन्छ । यसरी सबैको प्रयासबाट एउटा राम्रो गीत बन्ने हो ।

**अहिले परिश्रम गर्ने बानी हराउँदै गएको हो ?**

हो, पहिलेको तुलनामा परिश्रम गर्ने बानी हराउँदै गएको छ । अहिलेको प्रविधीले जोसुकैलाई गायक बनाइदिन सक्छ ।

**तपाईंहरू शब्द, लय संकलन गर्न जुन मेहनत गर्नुहुन्थ्यो, अहिले त त्यस्तो छैन नि ?**

'हेर्दा राम्रो माछापुच्छ्रे...' गीतको लय, शब्द र गायनमा मैले ६ वर्ष मेहनत गरेको छु । म श्रोताहरूलाई नेपालीपनको झझल्को र स्वाद दिनुपर्छ भन्ने मान्यता राख्छु । मेरो यो मान्यताले लोकगीत माथि त आयो तर कहिलेसम्म भन्ने प्रश्न भने जीवितै छ । नेपाली बुद्धिजीवीहरूले भन्ने एउटा कुरा मलाई निकै घत त लाग्छ– तिमीले गर्दाखेरि नै अहिले नेपालको लोकगीतले परिचय पाएको छ, तिमीले नगाइदिएको भए अहिले त्यसको अवस्था के हुन्थ्यो ? भन्न सकिन्न ।

**सबैभन्दा गाह्रो शब्द र लय संकलन कुन गीतमा भएको थियो ?**

सबै गीतमा उत्तिकै गाह्रो भएको थियो । सबैभन्दा गाह्रो लागेको प्रेमदेव गिरीको देउडा गीत 'कोइली बास्यो कुहु कुहु....' थियो ।

**आजभोलि तपाईंको गीत कपी गरेको चर्चा पनि छ हैन नि ?**

अब छोडिदिनुहोस त्यो कुरा । मदनकृष्ण-हरिवंश मेरा आफ्ना मान्छे हुन्, उनीहरूले पनि कपी गरेका छन् किन त्यसो गरे उनीहरू नै जानुन् । हामी यो क्षेत्रमा सँगसँगै हुर्किएको, म उनीहरूलाई गाली गर्न सक्दिनँ, तर दुःखलाग्दो कुरा यहाँ जसले जे गरे पनि हुने भयो । अहिले श्रोताले माया गरेका दुई जना गायक जिउँदै छौं, प्रेमध्वज आधुनिक गीतका, म लोकगीतको । अहिले हामी दुई गल्लीको कुकुरजस्ता भएका छौं । हामीलाई यो स्थितिमा संगीतको कालाबजारी गर्नेहरूले नै पुऱ्याएका हुन्, बरु उल्टै हाम्रै बदनामी गर्छन्, अब के गर्ने त ?

**नयाँ गीत पनि आउँदैछन् कि ?**

अस्ति भर्खर पनि गाएको छु, गाउने तयारी पनि चलिरहेको छ । श्रोताहरूले माया पनि गर्छन्, गाली पनि गर्छन् । गाली र ताली दुवैलाई मैले सम्मान गर्ने गरेको छु । पहिलेको जस्तो वातावरण छैन । अहिले १० वटा गाउँ घुम्दा पनि एउटा राम्रो गीत फेला पर्दैन ।

**८/१० वर्षयता मन परेको गाउँले भाका समेटिएको गीत कुन लाग्छ ?**

पूर्व राष्ट्रपति डा. रामवरण यादवसँग चरिकोट मेला हेर्न गएको थिए । त्यहाँ बूढाहरूले एउटा गीत गाएका थिए, 'बूढानीलकण्ठ नारायणथान, उत्तानो परेको देउता थान...' मलाई त्यो गीत मन पऱ्यो । शब्द पूरा भएन, त्यसपछि धन लामासँग सोधखोज गर्दै गएपछि गीत पूर्ण भयो । म पहिले गीतका शब्द फाइनल गर्छु, अनि संगीतकारकहाँ जान्छु ।

**नयाँ आएका लोकगायकमा कस्तो सम्भावना देख्नुहुन्छ ?**

दोहोरीतिर धेरै प्रतिभाशाली कलाकार छन् । एउटाको नाम नलिऊँ । प्रतिस्पर्धा चर्को छ, काम गर्न दिनुहोस्, कसले कति गर्छ हेर्दै जाऊँ ।

**कमाइका दृष्टिले लोकगायकको अवस्था कस्तो थियो ।**

मेरो कुरा छाडिदिनुहोस्, मैले सर्वस्व डुबाएको छु । गीत गाउन कलकत्ता जानुपर्थ्यो, एकपटक कलकत्ता जाँदा १० लाख रुपैयाँसम्म खर्च हुन्थ्यो । त्यति पैसाले त्यो बेला २ सय रोपनी जग्गा किनेको भए यो पूरा अनामनगर मेरै हुन्थ्यो कि हुँदैनथ्यो ? मूर्ख त म नै भएँ नि । यद्यपि भाग्यले साथ दिएकाले म राम्रो भए, नत्र म पनि गाउँमा गाई-भैंसी चराउने गोठालो नै त हुँ ।




# तथ्यांक दुरूपयोगविरुद्ध फेसबुक




आभाष अधिकारी

फेसबुकबाट प्रयोगकर्ताको तथ्यांक दुरुपयोग भएको घटनापछि अहिले फेसबुकले तथ्यांक दुरुपयोग हुन नदिन विभिन्न उपाय अवलम्बन गर्न थालेको छ।

भर्खरै फेसबुकले डाटा एब्युज बन्टी सार्वजनिक गरेको छ, जसमार्फत फेसबुकले ती व्यक्तिलाई इनाम दिनेछ, जसले फेसबुक एपमार्फत तथ्यांकको दुरुपयोग भएको जानकारी प्रदान गर्छन्। प्रयोगकर्ताको तथ्यांकको दुरुपयोग नहोस् भनेर थालिएको फेसबुकको यो अभियान फेसबुककै अघिल्लो एवम् अहिले पनि चलिरहेको बग बन्टी प्रोग्रामबाट प्रभावित छ। बग बन्टी प्रोग्राममार्फत फेसबुकले सुरक्षाका विभिन्न विषयमा ध्यान दिने गरेको छ।

यो कार्यक्रममा फेसबुकले ती व्यक्तिलाई इनाम प्रदान गर्नेछ, जसले सबैभन्दा पहिले सप्रमाण कुनै पनि एपले प्रयोगकर्ताको विवरण संकलन गरेर दुरुपयोग गरेको जानकारी फेसबुकलाई रिपोर्ट गर्छन्। यद्यपि पुरस्कार रकम भने उल्लेख गरिएको छैन। कुनै फेसबुक एपले प्रयोगकर्ताको तथ्यांक संकलन गरी अरू कसैलाई बेचेको, राजनैतिक प्रभाव पार्न प्रयोग गरेको फेला परेमा त्यस्ता एपविरुद्ध रिपोर्ट गर्न सकिन्छ।

तथ्यांक संकलनपछि दुरुपयोग भएको प्रमाणित भए तथ्यांक संकलन गर्ने एपमाथि प्रतिबन्ध लगाउनुका साथै आवश्यक कानुनी कदमसमेत चालिनेछ।

### कस्तो उजुरी गर्नेले इनाम पाउँछन् ?

तथ्यांकको दुरुपयोग गर्ने एपको उजुरी गर्दा ती व्यक्तिले इनाम पाउनेछन्, जहाँ उजुरी गरेको एपको कम्तीमा १० हजारभन्दा बढी प्रयोगकर्ता हुन्छन् र ती १० हजार प्रयोगकर्ताको तथ्यांक दुरुपयोग हुने सम्भावना हुन्छ। प्रयोगकर्ताको तथ्यांक संकलन मात्र गर्ने एपलाई तबसम्म कुनै असर गर्नेछैन, जबसम्म उसले संकलित तथ्यांकको दुरुपयोग गर्दैन। त्यस्तै उजुरी दिने व्यक्तिको उजुरी पहिलो हुनुपर्छ। यदि फेसबुकले छानबिन गरिरहेकै एप र विषयमाथि पुनः रिपोर्ट गरिएमा उजुरीकर्ता इनाम प्राप्त गर्न योग्य हुँदैन।

### कहाँ उजुरी दिने ?

कुनै एपले प्रयोगकर्ताको तथ्यांक दुरुपयोग गरेको छ भन्ने लागे https://www.facebook.com/data-abuse/report/ मा गएर फेसबुकलाई रिपोर्ट गर्न सकिन्छ। उजुरी गर्दा तपाईंले आफ्नो नाम फेसबुकलाई भन्नुपर्ने छ भने कुन एपले तथ्यांकको दुरुपयोग भएको उजुरी दिँदै हुनुहुन्छ, त्यसको जानकारी पनि फेसबुकलाई प्रदान गर्नुपर्छ। अनुमानित कति जना फेसबुक प्रयोगकर्तालाई त्यसले असर गरेको छ, त्यो जानकारी पनि फेसबुकलाई दिनुपर्छ।

एप बनाउने डेभलपरले संकलन गरिएका तथ्यांकलाई के गरिरहेको छ ? उसको उद्देश्य के हो ? आफूलाई थाहा भएको सम्पूर्ण जानकारी रिपोर्टमा उल्लेख गर्नुपर्छ। त्यस्तै कस्तो प्रकारको तथ्यांक संकलन भएर दुरुपयोग भएको छ, जस्तै : नाम, इमेल, फोन नम्बर, त्यसको जानकारी पनि प्रदान गर्नुपर्छ।

### फेसबुकको तथ्यांक सुरक्षासम्बन्धी केही कार्य :

- मार्च २८ देखि फेसबुकले प्रयोगकर्ताको गोपनियता लागि प्राइभेसी सर्ट-कट न्युज फिडको सबैभन्दा माथि र सहजै भेटिने गरी राखेको छ।
- अप्रिल ८ देखि फेसबुक एपमार्फत संकलित हुने तथ्यांकको संख्या घटाएको छ।
- अप्रिल १० देखि डाटा एब्युज बन्टी कार्यक्रममार्फत एप डेभलपरले कुनै तथ्यांकको दुरुपयोग गरे उजुरीकर्तालाई इनाम प्रदान गर्ने घोषणा गरिएको छ।

## बसको टिकट घरबाटै

नयाँ वर्षसँगै घरमै बसी-बसी बसको टिकट काट्न सकिने व्यवस्थाको सुरुवात भएको छ। Seven Tech नामक संस्थाले busObas अनलाइन टिकट बुकिङ वेबसाइट सार्वजनिक गरेको छ, जसमार्फत वैशाख १५ गतेदेखि टिकट काट्ने सुविधा उपलब्ध हुनेछ।

पोखरा-काठमाडौंलाई पहिलो प्राथमिकतामा राख्दै busObas अनलाइन टिकटिङ सञ्चालनमा ल्याएको Seven Tech ले बताएको छ। busObas छ भने किन टिकट काउन्टरसम्म पुग्ने ? तपाईंको बैंक खाता अवश्य छ होला, इ-बैंकिङ पनि प्रयोग गर्नुभएकै होला, इन्टरनेट त अवश्य प्रयोग गर्नुहुन्छ भने सजिलै www.busobas.com मा गै टिकट काट्न सक्नुहुन्छ।

## अंगहीन व्यक्तिका लागि थ्रिडी प्रिन्टेड आर्म



अंगहीन व्यक्तिहरूको सहजताका लागि बेलायतको स्टार्टअप कम्पनी ओपन बायोनिक्सले थ्रिडी प्रिन्टेड आर्म निर्माण गरेको छ। उक्त आर्मको नाम हिरो आर्म राखिएको छ। यसलाई ८ वर्षका बालकले समेत सहज रूपमा प्रयोग गर्न सक्छन्।

हिरो आर्म विश्वकै पहिलो चिकित्सकीय रूपमा प्रमाणित थ्रिडी प्रिन्टिङ बायोनिक आर्मसमेत भएको दाबी गरिएको छ। यसमा भएका विशेष प्रकारका सेन्सरले मसलको मुभमेन्ट थाहा पाउँछ र सहज तरिकाले त्यसमा नियन्त्रण गर्न सकिन्छ। यो करिब एक किलोग्रामको छ। यसलाई लामो समयसम्म प्रयोगमा ल्याउनुपरे फ्रिज मोड राख्न सकिन्छ। प्रकाश, ध्वनि तथा भाइब्रेसन पहिचान गर्न सक्ने यो आर्मलाई १ सय ८० डिग्रीमा घुमाउन सकिन्छ। हात नभएकाहरूका लागि यो आर्म निकै नै प्रभावकारी हुने अनुमान गरिएको छ।

## एप्पलले ल्यायो सस्तो आइप्याड

शिकागोमा आयोजित एजुकेसन इभेन्टमा एप्पलले ९ दशमलव ७ इन्चको सस्तो आइप्याड बजारमा ल्याएको घोषणा गरेको छ। कम्पनीका अनुसार उपभोक्ताका लागि उक्त आइप्याड ३ सय २९ डलर तथा विद्यार्थीहरूका लागि २ सय ९९ डलरमा उपलब्ध गराइने छ।

एप्पलका अनुसार उक्त आइप्याडमा भएको ब्याट्रीले एक पटकको चार्जमा १० घण्टाको ब्याकअप दिन्छ। यसमा भएको ए-१० फ्युजन चिपले धेरै मेमोरी भएको एप्सलाई पनि सपोर्ट गर्छ र राम्रोसँग प्ले हुन सहयोग गर्छ। त्यसैगरी यसमा १ हजार ८० पिक्सेलको भिडियो सपोर्ट गर्ने ८ मेगापिक्सेलको क्यामेरा छ। यसले ३ सय एमबीपीएसको एलटीई स्पिडलाई पनि सपोर्ट गर्छ। उक्त आइप्याडमा टच आईडी सपोर्ट समेत उपलब्ध छ। त्यसैगरी भिडियो कलिङका लागि यसको अघिल्लो भागमा एचडी क्यामेरा छ। यसमा भएको रेटिना डिस्प्लेका कारण सफा अर्थात् भिडियो हेर्न सकिन्छ।



## कसरी सुरक्षित हुन्छ मोबाइलको ब्याट्री ?

हिजोआज अधिकांश व्यक्तिको हातमा मोबाइल हुन्छ, तैपनि मोबाइलको ब्याट्रीका बारेमा भने धेरै मानिस भ्रममा रहेका पाइन्छन्। ब्याट्री चार्ज गरिरहेको समयमा मोबाइल प्रयोग गर्ने कि नगर्ने ? यसलाई कति समयसम्म चार्ज गर्न सकिन्छ ? आदि विषयमा धेरै भ्रम देखिन्छ।

### स्विच अफ

मोबाइल फोनलाई पनि आरामको आवश्यकता हुन्छ, तर धेरैजसो व्यक्तिले मोबाइल फोनलाई कहिल्यै अफ गर्दैनन्। मोबाइल फोनको ब्याट्री लाइफ बढाउन समय-समयमा फोन अफ गर्नुपर्छ। विशेषज्ञहरूका अनुसार कमसेकम सातामा एक पटक मोबाइल फोनलाई अफ गर्नु आवश्यक छ।

### शून्य ब्याट्री

ब्याट्री पुरै नसकिँदासम्म चार्ज नगर्ने बानी धेरैमा हुन्छ, तर यो खराब बानी हो। यद्यपि दैनिक रूपमा अलि-अलि चार्ज गरिरहनु सबैभन्दा राम्रो हो। ब्याट्रीलाई शून्य अवस्थासम्म पुऱ्याउँदा यसको लाइफ छिटो सकिन्छ। त्यसैले१० प्रतिशतभन्दा बढी नै भएको अवस्थामै ब्याट्री चार्ज गर्नु उपयुक्त हुन्छ।

### रातमा चार्ज

राति पनि फोन चार्ज गर्न सकिन्छ। स्मार्टफोनभन्दा पनि धेरै स्मार्ट त्यसको ब्याट्री हुन्छ। त्यसैले शतप्रतिशत चार्ज भए पछि स्वचालित रुपमा त्यसको चार्जिङ अफ हुन्छ।

### सक्कली वा नक्कली चार्जर

कुनै अन्य ब्रान्डको चार्जर प्रयोग गर्दा ब्याट्रीमा समस्या आउँदैन। त्यसैले एउटा ब्रान्डको ब्याट्री चार्ज गर्न अर्को ब्रान्डको चार्जर प्रयोग गर्दा समस्या सिर्जना हुँदैन, बरु नक्कली चार्जरको प्रयोगले भने ब्याट्रीमा समस्या ल्याउन सक्छ।

### तापक्रमको असर

ब्याट्रीलाई बढी तापक्रम भएको स्थान नजिक राख्नु हुँदैन। तापका कारण ब्याट्रीमा खराबी आउँछ। त्यसैगरी यसलाई धेरै चिसो स्थानमा पनि राख्नु हुँदैन। चिसोले पनि ब्याट्री खराब हुन्छ। यी दुवै अवस्थामा ब्याट्रीलाई मोबाइलबाट बाहिर निकाल्नु हुँदैन।

### छिटो ब्याट्री सकिनु

यदि चार्ज गरेको छोटो समयमै ब्याट्री सकिन्छ भने त्यसमा केही खराबी आएको छ भन्ने कुरा बुझ्नुपर्छ। ब्याट्रीलाई मोबाइलबाट निकालेर जमिनमा राखी घुमाउदा यदि मजासँग घुम्यो भने त्यो कुनै स्थानमा फुलेको छ भन्ने हुन्छ। यसको अर्थ त्यसमा केही खराबी छ। यस्तो अवस्थाको ब्याट्री परिवर्तन गर्नु उपयुक्त हुन्छ।

केवल एक प्रश्न

# लङ ट्वाइलेट जाँदा के सोच्नुहुन्छ ?

म बिहान ट्वाइलेट बस्दा दिनभरि गर्नुपर्ने कामको तालिका बनाउँछु अनि हिजो गरेको काम सम्झन्छु । काम गर्दा कुनै गल्ती गरेको रहेछु भने सच्याउने प्रयत्न गर्छु, राम्रो काम गरेको रहेछु भने खुसी हुन्छु ।

**सुरेन्द्र केसी, हास्यकलाकार**

अरू बेला इन्टरनेट चलाउन समय कम हुन्छ, त्यसैले म ट्वाइलेटमै इन्टरनेट चलाउँछु ।

**बाबु बोगटी, गायक**

म बिहानको समयमा ट्युसन पनि पढाउँछु, जसले गर्दा बिहान सबेरै उठेर ट्वाइलेट जान्छु । ट्वाइलेट पस्नेबित्तिकै पहिले आज रातिको फुटबल म्याच कसले जित्यो भन्ने प्रश्न मनमा आउँछ अनि ट्वाइलेटमै बसेर त्यसको हाइलाइट हेर्छु ।

**नरेश रेग्मी, नेता**

दिनभरि गर्ने कामका बारेमा सोच्छु । गीत-संगीतमा रुचि भएकाले गीत पनि सुन्छु ।

**विष्णु गौतम, फेसन डिजाइनर**

खाने र फाल्ने समयमा आनन्द लिनुपर्छ । त्यसैले म पनि पूर्णतः रेस्ट गर्छु ।

**अञ्जु पन्त, गायिका**

केही सोच्दिनँ । युट्युब र फेसबुक चलाउँछु । न्युजहरू हेर्छु ।

**कुञ्जना घिमिरे, हास्यकलाकार**

भिडियो कन्सेप्टहरू सोच्छु । मेरो दोस्रो भिडियो 'हेल्लो हनिबनी' नितिन दाइले निर्देशन गर्नुभएको हो, तर त्यो भिडियोको कन्सेप्ट मैले ट्वाइलेटमै तयार पारेको थिएँ ।

**पल शाह, नायक**

ट्वाइलेट भनेको आनन्द लिने ठाउँ हो । त्यहाँ छिरेपछि फ्रेस भइन्छ । त्यसैले म ट्वाइलेट बस्दा दिनभरिको कार्यतालिकाका बारेमा सोचिरहेको हुन्छु ।

**धीरज राई, गायक**

केही सोच्दिनँ । किनभने मोबाइल हातमा हुन्छ ।

**कालिप्रसाद बाँस्कोटा, संगीतकार**

चलचित्रको स्टोरीका बारेमा सोच्छु भने कुनै दिनचाहिँ मोबाइलमा समाचार पढिरहेको हुन्छु ।

**साम्तेन भुटिया, निर्देशक**

म सुटिङ हुन लागेको गीत ठूलो साउन्डमा बजाएर भिडियोको कन्सेप्ट सोच्छु ।

**शंकर बिसी, मोडल तथा निर्देशक**

गायक र ट्वाइलेटको अप्रत्यक्ष गहिरो सम्बन्ध हुन्छ । बाटोमा हिँडिरहेको समयमा केही नयाँ धुन अथवा शब्द फुर्‍यो भने मोबाइलमा रेकर्ड गर्छु अनि त्यसलाई ट्वाइलेट बसेका बेला सुनेर ठीक हुन्छ कि हुँदैन, निर्णय गर्छु । मेरा धेरैजसो गीत ट्वाइलेटमै भेरिफाई भएका छन् ।

**हेमन्त शर्मा, गायक**

धेरैजसो मोबाइल चलाएर बसिरहेकी हुन्छु । त्यसैले केहि सोच्दिनँ ।

**मालिभका सुब्बा, मोडल**

प्रायः फेसबुक चलाएर बस्छु । फेसबुकमा केही स्टाटस अपलोड गर्छु अनि दिनभरि गर्नुपर्ने कामका बारेमा सोच्छु ।

**रामचन्द्र काफ्ले, गायक**

केही सोच्दिनँ, जे कामका लागि गएकी हुँ त्यो काम सक्छु अनि निस्किहाल्छु ।

**आँचल शर्मा, अभिनेत्री**

त्यहाँ तनाव हुँदैन । त्यसैले त्यो समयमा म आफ्नै जिन्दगीका बारेमा सोचिरहेको हुन्छु ।

**विजय बराल, रंगकर्मी**

ट्वाइलेटमा एक्लै भइन्छ, जसले गर्दा आनन्द हुन्छ । म सधैं स्रष्टाहरूका बारेमा चिन्ता गरिरहन्छु । त्यसैले ट्वाइलेट बस्दा पनि स्रष्टाहरूलाई कसरी धनी र सम्मानित बनाउने भनेर चिन्ता गर्छु ।

**लक्ष्मण शेष, संगीतकार**

विशेष गरी म आफ्नो कामकै बारेमा सोचिरहेको हुन्छु । अर्को कुरा, म अविवाहित भएकाले भविष्यमा आफ्नो श्रीमान् कस्तो पर्ला भन्ने पनि सोचिरहेकी हुन्छु ।

**अञ्जली अधिकारी, मोडल**

म लामो समय शौचालयमा बस्दा पहिले त बच्चैदेखिको गीत गाउने सौख पूरा गर्छु । ट्वाइलेटभन्दा बाहिर गीत गाउने आँट आउँदैन । यहाँ गायक पनि मै अनि श्रोता पनि मै ।

त्यसबाहेक म कानुनले गलत भनेका कुरासमेत सोच्छु ।

**दीपकराज गिरी, अभिनेता**

नयाँ-नयाँ सिर्जना अनि अरूको भन्दा कसरी फरक गर्न सकौं भन्ने कुरा सोचिरहेको हुन्छु ।

**दुर्गेश थापा, मोडल तथा गायक**

म ट्वाइलेटलाई आनन्दको ठाउँका रूपमा लिन्छु । त्यहाँ आफू मात्र हुने भएकाले त्यसको आनन्द उठाउँछु । केही सोच्न थालें भने त तनाव हुन्छ । त्यसैले केही पनि सोच्दिनँ ।

**राधिका हमाल, गायिका**

म आफ्नो भावी श्रीमान् कस्तो होला भन्ने पनि सोच्छु ।

**भावना गुरुङ, अभिनेत्री**



Cambridge Assessment International Education
Cambridge International School
Study GCE A Level
British Model College
A Levels
Admission forms are available
9:00 AM – 5:00 PM (Sunday to Friday)
Hotline : +977 9801134208
Entrance Date :
29th April 2018, Sunday
Scholarships Available
FOR JUNE 2018 INTAKE
Admissions OPEN

SOM SHUKLA
(Country Topper , Accounting, CIE, Oct/Nov 2017)

AKASH LUSH LIMBU
(Country Topper, Sociology and Economics, CIE, Oct/Nov 2017)
The British College
British Model College (BMC) is a sister organisation of
Trade Tower, Thapathali, Kathmandu
T : +977 1 5111100/1/2
www.britishmodelcollege.edu.np

संगीत

कृष्ण भट्टराई

# सञ्जयको कमब्याक

माया मेरी माया हाम्रो मिलन कहिले हुन्छ... गायक सञ्जय श्रेष्ठलाई सम्झनेबित्तिकै संगीतप्रेमीहरूले यही गीत सम्झिन थाल्छन् । सन् १९९२ मै स्थापना भएको सांगीतिक समूह क्रसरोड्समार्फत सांगीतिक क्षेत्रमा उदाएका गायक श्रेष्ठले यो अवधिमा दर्जनौं गीत गाए, तीमध्ये अधिकांश गीत लोकप्रिय भए । आजसम्म उनका गीत गुनगुनाउने श्रोताहरूको संख्या उल्लेखनीय छ । फरक यत्ति हो, एक दशकअघिसम्म उनी केही वर्षको अन्तरालमा एक-एकवटा गीति एल्बम सार्वजनिक गर्थे, नयाँ-नयाँ गीत सिर्जना गरिरहन्थे अनि हप्तैपिच्छे कन्सर्टमा प्रस्तुत भैरहन्थे । पछिल्लो एक दशक उनी सांगीतिक क्षेत्रमा झन्डै-झन्डै निष्क्रियझैं रहे भने कन्सर्टमा पनि निकै कम देखिए ।

सञ्जय ३ महिना अघिदेखि फेरि सक्रिय भएका छन् । उनी एक्लै सक्रिय भएनन्, आफ्नो नाम तथा पहिचान जोडिएको सांगीतिक समूह क्रसरोड्सलाई

> **लोकप्रिय गीत**
> माया मेरी माया, टाढा नजाइदेऊ तिमी, त्यो मुटुलाई, अञ्जान मायालु, सपनामा भुलेछु, एउटा गाउँ थियो, एघार बाह्र तेह्र, मुसुमुसु हाँसिदेऊ

नै सक्रिय गराए । यसपटक उनले आफ्नो ब्यान्डमा बिल्कुलै नयाँ सदस्यहरूलाई आबद्ध गराए । ब्यान्डका लागि उनीहरू नयाँ भए पनि सांगीतिक क्षेत्रका लागि भने पुरानै खेलाडी हुन् । गायक श्रेष्ठले आफूसँगै लिजेन्ड ब्यान्ड, प्रिजम ब्यान्ड, ब्लाइन्ड फेथ ब्यान्ड, कलिन्द ब्यान्ड आदि पुराना सांगीतिक समूहसँग आबद्ध संगीतकर्मीहरू ज्योति घिमिरे (गिटारिस्ट), उदेशलाल श्रेष्ठ (गिटारिस्ट), प्रवीण मानन्धर (ड्रम), भूपेन्द्र बज्राचार्य (गिटारिस्ट), रूपमसिंह गुरुङ (किबोर्ड) लाई समावेश गरेर क्रसरोड्सलाई पुनः जगाएका छन् ।

नयाँ सदस्यहरूसहितको क्रसरोड्सले पछिल्लो ३ महिनायता झन्डै एक दर्जनभन्दा बढी स्थानमा लाइभ कन्सर्ट दिइसकेको छ । ३ महिनाअघि ललितपुरस्थित एट डिग्री रेस्टुराँमा पहिलो कन्सर्ट दिएको थियो । गायक श्रेष्ठलाई लामो समयको अन्तरालपछि एउटै लाइभ कन्सर्टमा १५-१६ वटा गीत प्रस्तुत गर्न सकिन्छ कि सकिन्न भन्ने परीक्षण पनि गर्नु थियो । ब्यान्डका संगीतकर्मीहरूसहितको उक्त कन्सर्ट गायक श्रेष्ठले अपेक्षा गरेभन्दा सफल भयो । त्यसपछि उनीहरूले लगातार आफूलाई कहिले विराटनगर त कहिले दोलालघाट पुगेर सक्रिय बनाइरहे । यतिबेला हामीसँग १४ वटा कन्सर्टको सेड्युल तयार छ, साप्ताहिकसँगको भेटमा गायक श्रेष्ठले भने- हामीले देशका सातै प्रदेशका १४ वटा मुख्य-मुख्य सहरहरूमा कन्सर्ट दिने निश्चित भैसकेको छ । मिति घोषणा हुन बाँकी ती कन्सर्टमा दर्शकहरूको उल्लेख्य सहभागिता रहने अपेक्षा गायक श्रेष्ठको छ ।

## मेरी आमा

यसबीच गायक श्रेष्ठले आफ्नै शब्द, संगीत तथा स्वरको नयाँ गीत मेरी आमा भर्खरै सार्वजनिक गरेका छन् । आमाको मुख हेर्ने दिन सार्वजनिक गरिएको उक्त गीतलाई गायक श्रेष्ठले संसारभरिका आमाहरूप्रति समर्पित भनेका छन् । भिडियोको निर्देशन पनि मैले नै गरेको हुँ, श्रेष्ठ भन्छन्– भिडियोमा मैले आफैंले तयार पारेका आमा र छोराको सम्बन्ध दर्साउने १४ वटा स्केचलाई ग्राफिक्समार्फत प्रस्तुत गरेको छु । नयाँ शैलीको गीत तथा फरक शैलीको भिडियो भएकाले दर्शक तथा श्रोताबाट उत्साहजनक प्रतिक्रिया पाइरहेको छु । उक्त गीत क्रसरोड्स ब्यान्डले आगामी दसैंअघि सार्वजनिक गर्ने सातौं एल्बम टिजिआइएफमा समावेश हुनेछ । उक्त एल्बममा समावेश गरिने पाँचमध्ये तीनवटा गीत रेकर्ड भैसकेका छन्, दुईवटा गीत रेकर्डका क्रममा छन् । मेरी आमाबाहेक थप दुई गीतको म्युजिक भिडियो निर्माणको क्रममा छ । एउटा गीतको भिडियोमा गायक श्रेष्ठले मिथिला संस्कृतिको चित्रण गर्ने बताएका छन् ।

## पुनरागमनको कुरा

गायक श्रेष्ठलाईसांगीतिक क्षेत्रमा पुनः सक्रिय हुने प्रेरणा उनकै प्रशंसकहरूले दिएका हुन् । सामाजिक सञ्जालमा आउने सन्देश, आफन्त तथा शुभचिन्तकहरूको घचघच्याइ, नेपाली पप संगीतको खस्किँदो अवस्थाले हामीलाई पुनः सक्रिय हुन बाध्य बनायो, गायक श्रेष्ठ भन्छन्- सुगम पोखरेल, नवीन के भट्टराई, दीपक बज्राचार्यको पुस्तापछि नेपाली सांगीतिक क्षेत्रमा पप संगीतलाई जोगाउने पुस्ता नै आएन । त्यही भएर ढिलै भए पनि हामीले आफूलाई पुनः एक पटक सक्रिय बनाउने निर्णय गरेका हौं ।

## अबको तयारी

विगतको कन्सर्टलाई अहिले महोत्सव भित्र खुम्च्याइएकोमा गायक श्रेष्ठलाई दुःख लागेको छ । कन्सर्ट भनेको कन्सर्ट नै हो, गायक श्रेष्ठ थप्छन्- कन्सर्टलाई व्यवसायभन्दा पनि संगीतकर्मीको भोक शान्त पार्ने माध्यम बनाइनुपर्छ । क्रसरोड्सले कन्सर्टको पुरानो शैलीलाई पुनः ताजा गराउनेछ । हामी अहिले त्यसकै तयारीमा जुटेका छौं । क्रसरोड्सले सातौं एल्बम सार्वजनिक गरेलगत्तै देशव्यापी टुर प्रारम्भ गर्नेछ । पुराना मेलोडीसहित नयाँ सिर्जनाहरू पस्केर यो ब्यान्डले पुरानो र नयाँ पुस्तालाई एकै ठाउँमा नचाउने र झुमाउन तयारी गरेको छ । संगीत सिर्जनालाई अत्याधुनिक प्रविधिले निकै सहज बनाए पनि नयाँ पुस्ताका संगीतकर्मीहरू खहरे खोलाका रूपमा मात्र प्रस्तुत भैरहेकोमा गायक श्रेष्ठ दुःखी छन् । गीत गायो, भिडियो बनाएर युट्युबमा फाल्यो अनि भ्युज गनेर बस्यो, श्रेष्ठको गुनासो छ- धेरै भ्युज हुने बित्तिकै, ट्रेन्डिङमा पर्नेबित्तिकै गीत लोकप्रिय भएको कसरी मान्ने ? गीत त प्रत्येक दर्शक तथा श्रोताको मनमा बसेर उनीहरूले गुनगुनाउन थालेपछि मात्र लोकप्रिय भएको मानिन्छ । ६ फिटको बाकसजस्तो स्टेजमा काराओकेजस्तो ट्र्याकमा गीत गाउने शैलीलाई कन्सर्ट भन्न नरुचाउने गायक श्रेष्ठ लाइभ ब्यान्डसहितको प्रस्तुति मात्र वास्तविक कन्सर्ट हुने धारणा व्यक्त गर्छन् ।

> **क्रसरोड्समा को-को ?**

| | |
|---|---|
| संजय श्रेष्ठ : | गायन |
| ज्योति घिमिरे : | लिड गिटारिस्ट |
| उदेशलाल श्रेष्ठ : | बेस गिटारिस्ट |
| प्रविण मानन्धर : | ड्रम |
| भूपेन्द्र बज्राचार्य : | गिटार |
| रुपम सिंह गुरुङ : | किबोर्ड |



> **क्रसरोड्सका एल्बम**
> नयाँ मोड, घुम्दाघुम्दै, टाढा नजाइदेऊ, एउटा गाउँ थियो, जाऊ तिमी जाऊ, तिमी बिना, टिजिआई एफ (प्रकाशोन्मुख)

## म्युजिक डायरी



### प्रधानलाई सम्मान

संगीतकार संघ नेपालले गायक प्रेमध्वज प्रधानलाई अजर अमर सम्मानबाट सम्मानित गरेको छ । शुक्रबार काठमाडौंमा आयोजित एक समारोहमा गायक प्रधानलाई उनको निवासस्थान बागबजारबाट बग्गीमा सवार गराई आर्मी अफिसर्स क्लब पुर्‍याई सम्मान गरिएको हो । संघले शुक्रबार काठमाडौंबाट मेची-महाकाली अभियान समेत प्रारम्भ गरेको छ । संघले आगामी दुई वर्षभित्र देशका सबै जिल्लामा सांगीतिक अभियानअन्तर्गत कार्यक्रम प्रस्तुत गर्ने बताइएको छ ।

### सीतारामको भिडियो

गायक सीताराम पोखरेलले 'स्वर्ग तिम्रो...' गीतको म्युजिक भिडियो सार्वजनिक गरेका छन् । काठमाडौंमा आयोजित एक समारोहमा रमेश अधिकारीको शब्द तथा करणराज कार्कीको संगीतको उक्त गीतको भिडियो सार्वजनिक गरिएको हो । जनकदीप पराजुलीद्वारा निर्देशित भिडियोमा अनु शाह, सुवास पराजुली, सीताराम पोखरेल, अर्जुन गौतम तथा प्रन्स तिवारीले अभिनय गरेका छन् ।

### जापानमा साकुरा नाइट

जापानको मुख्य पर्व गोल्डेन विकलाई लक्षित गर्दै सूर्य कर्पोरेसनले नेपाली सांस्कृतिक कार्यक्रम साकुरा नाइट-३ को आयोजना गर्ने भएको छ । उक्त कार्यक्रममा गायक हेमन्त शर्मा, कमल खत्री, मिलन लामा, गायिका मिलन अमात्य, व्यंग्यकार सन्दिप क्षेत्री आदिले प्रस्तुति दिने छन् । आगामी बिहीबार टोकियोबाट प्रारम्भ हुने उक्त कार्यक्रम नायोगा तथा ओशाकामा समेत प्रस्तुत हुनेछ ।

### अतृप्त ज्योति सार्वजनिक

गीतकार अतृप्त पाण्डेयद्वारा रचना गरिएका गीतहरूको संग्रह 'अतृप्त ज्योति' काठमाडौंमा लोकार्पण भएको छ । एल्बमका पाँचवटा गीतमा एनबी जनकपुरीको संगीत तथा गायक सञ्जय खड्गीको स्वर सुन्न सकिन्छ । एल्बममा समावेश एउटा युगल गीतमा गायक खड्गीलाई गायिका मेलिना राईले समेत साथ दिएकी छिन् ।

## फिल्मी डायरी

### अब छक्का पञ्जा-३

चलचित्र छक्का पञ्जाको तेस्रो श्रृंखला बन्ने पक्का भएको छ । चलचित्रका लागि दीपकराज गिरीको अपोजिटमा दीपिका प्रसाई फाइनल भएकी छिन् । दसैंको फूलपातीमा प्रदर्शनमा ल्याउने गरी वैशाख १७ गते चलचित्रको छायांकन सुरु हुने गिरीले बताए । यो चलचित्रको निर्देशन पनि दीपाश्री निरौलाले नै गर्दैछिन् ।

### निर्माता बन्दै प्रदीप

युवास्टार प्रदीप खड्काले चलचित्र निर्माण गर्ने भएका छन् । चलचित्र लिलिबिलीका निर्माता गोविन्द शाहीसँग मिलेर प्रदीपले नयाँ चलचित्र निर्माण गर्न लागेका हुन् । यसअघि प्रदीपले स्केप र ठूलोमान्छे चलचित्र निर्माण गरेका थिए । कात्तिक पहिलो साताबाट छायांकनमा जाने उक्त चलचित्र २०७६ वैशाख १ गते प्रदर्शनमा ल्याइने बताइएको छ ।

### असोजमा बाँध मायाले

आर्यन अधिकारी र सृष्टि श्रेष्ठ अभिनीत चलचत्रि बाँध मायालेको प्रदर्शनी मिति घोषणा गरिएको छ । सविर श्रेष्ठको लेखन, निर्माण तथा निर्देशनको यो चलचित्र असोज ५ गतेदेखि प्रदर्शनमा ल्याइने निर्माण पक्षले जानकारी दिएको छ । हाल चलचित्रको डबिङको काम भैरहेको छ । काइट्स इन्टरटेन्मेन्टको बाँध मायालेमा किशोर खड्का, राजाराम पौडेल, विशाल चाम्लिङ र रविन होड सेनको समेत अभिनय छ ।

### निर्माताहरूको माग

काठमाडौंमा सम्पन्न निर्माताहरूको बृहत् भेलाले सेयर बाँडफाँडको विषयमा भएको सम्झौता कार्यान्वयन गर्न माग गरेको छ । निर्माता संघले सम्झौताको यथाशीघ्र कार्यान्वयन नगरे जेठ १ देखि स्वदेशी तथा विदेशी चलचित्रको सार्वजनिक प्रदर्शनमा रोक लगाइने र संघर्षका थप कार्यक्रम तय गर्ने चेतावनी दिएको छ ।




बन्ने भो यात्रा : केशव भट्टराईले चलचित्र 'यात्रा : अ म्युजिक भ्लग' निर्माण गर्ने भएका छन् । सलिनमान बनियाँ, मल्लिका महत रतथा सलोन बस्नेतले अभिनय गर्ने यो चलचित्रलाई सम्राट शाक्यले निर्देशन गर्नेछन् । यात्रामा जान्हवी बस्नेत, रेअर राई, प्रक्षा बज्राचार्य, विशाल कटुवाल, धिरेन शाक्य, राजाराम पौडेल आदि कलाकारको पनि अभिनय रहने छ ।

### बादशाह जुट बन्ने

चलचित्र बादशाह जुटको छायांकन प्रारम्भ भएको छ । काठमाडौंबाट छायांकन सुरु भएको यो चलचित्र पोखरा र मुम्बईसम्म पुगेर खिचिनेछ । सुशील श्रेष्ठ मुख्य भूमिकामा देखिने यो चलचित्रलाई जोनी सिंह राणाले निर्देशन गरिरहेका छन् । चलचित्रमा आमिर गौतम, केइसा रावत, रोशी खड्का, रश्मि पाण्डे, रोबिन तामाङ आदि कलाकारको अभिनय रहनेछ । बादशाह जुटमा एच एन्ड बी फिल्म्ससँग गोल्डेन ग्रेप्स फिल्म एन्ड इन्टरटेनमेन्टले सहकार्य गरेको छ । अभिषेक कुमार सैनी लिखित यो चलचित्रमा कमेडी, एक्सन, रोमान्स र थ्रिलको सम्मिश्रण पाइनेछ ।

### प्रेम वाणी बन्ने

सांगीतिक प्रेमकथामा आधारित चलचित्र प्रेम वाणीमा नव-कलाकार मिथुन हमाल तथा आरोही सिंह लगायतको प्रमुख भूमिका रहनेछ । सुशील शाही निर्माता रहेको यो चलचित्रलाई रिभान मल्लले निर्देशन गर्दैछन् । चलचित्रमा आयुष बीसीको कथा, बाबुल गिरी र आषिक श्रेष्ठको संगीत, विनोद सापकोटाको छायांकन, श्री श्रेष्ठको एक्सन, कविराज गहतराजको कोरियोग्राफी, नेत्र विष्टको व्यवस्थापन रहनेछ । चलचित्रमा सुशील शाही, सन्तोष आचार्य, रोशन बीसी आदि कलाकारले समेत अभिनय गर्ने जनाइएको छ ।

### छायांकनमा दि प्रिन्स

चलचित्र 'द प्रिन्स'को छायांकन उपत्यकाबाट प्रारम्भ भएको छ । विष्णु शिवाकोटीद्वारा निर्मित यो चलचित्रमा प्रिन्स थापा, शिबु शाह, कसिस दाहाल, शिवानी गिरी, सरोज खनाल, निशा केसी, महेन्द्र मैनाली आदि कलाकारले अभिनय गर्दैछन् । चलचित्रमा सम्राट बस्नेतको द्वन्द्व, कविराज गहतराजको कोरियोग्राफीका साथै मदन घिमिरेको निर्देशन रहनेछ । 'द प्रिन्स' आधुनिक परिवेशको प्रेममा आधारित रहने बताइएको छ ।

### भोरको विशेष प्रदर्शनी

काठमाडौंमा वैशाख २१ गतेदेखि प्रदर्शनमा आउने चलचित्र 'भोर' को विशेष शो सम्पन्न भएको छ । उक्त प्रदर्शनीमा राजनीतिज्ञ, मानव अधिकारकर्मी तथा कलाकर्मीहरूको सहभागिता थियो । तराई भेगमा जरो गाडेर बसेको दाइजो प्रथाविरुद्धको चलचित्र 'भोर' ले महिलामाथि दाइजोकै नाममा हुने हिंसा, न्यायको खोजीमा लाग्दा न्याय पाउनका लागि गर्नुपर्ने संघर्ष र घरभित्र हुने शारीरिक तथा मानसिक यातनालाई चित्रण गरेको छ ।

### भिएफएक्समा आधा खर्च

जेठ ११ गते दर्शकमाझ आउन लागेको चलचित्र ब्ल्याकका निर्देशक प्रदीप श्रेष्ठका अनुसार 'फ्लोरमा जति खर्च र मेहनत गरियो, त्योभन्दा बढी प्रविधिसँग जुध्नुपर्‍यो, फिल्ममा समावेश विभिन्न दृश्यलाई भीएफएक्स गर्न मात्र करिब १ वर्ष लागेको छ ।' उनका अनुसार विदेशी चलचित्रमा देखिँदै आएको असम्भव तर पर्दामा प्राकृतिक देखिने दृश्य नेपाली चलचित्रमा पनि प्रयोग गर्न सकिन्छ भन्ने उदाहरण ब्ल्याक हेरिसकेपछि थाहा हुनेछ । भीएफएक्सकै कारण छायांकनदेखि पोष्ट प्रोडक्सनसम्मको समय लम्बियो, उनले भने- त्यसमा फिल्मको आधाजस्तो बजेट खर्च भएको छ ।

### आप्पाको घोषणा

अभिनेता दयाहाङ राईलाई प्रमुख भूमिकामा अनुबन्धित गर्दै चलचित्र 'आप्पा' को घोषणा भएको छ । मंगलबार भारतको कालेबुङमा निर्माण टिम र कलाकारको उपस्थितिमा यो चलचित्रको घोषणा गरिएको हो जसलाई अनमोल गुरुङले निर्देशन गर्दैछन् । यो चलचित्रको छायांकन विश्वप्रसिद्ध घुम रेल्वे स्टेसनबाट प्रारम्भ भएको छ । 'आप्पा' बाबु-छोराको कथामा आधारित हुने छ जसमा अरुणा कार्कीको महत्वपूर्ण भूमिका रहनेछ ।

### पाँचथरबाट आरोही

हाम्रो थिएटर पाँचथरले चलचित्र आरोही निर्माण गरेको छ । २ घण्टा लामो यो चलचित्रमा प्रज्वल गिरी, खुस्बु पौडेल, अभय चन्द, पुष्कर भट्ट, लय संग्रौला, घनश्याम गिरी, रेशम फिरिरी, किरण थापा, राकेश गिरी र जयना कुँवर आदि कलाकारले अभिनय गरेका छन् । युजेश फिल्मको प्रस्तुति रहने एनबी अञ्जानको लेखन तथा निर्देशन रहेको यो चलचित्रको छायांकन काश्यप घिमिरेले गरेका हुन् भने दयाराम पाण्डे, टंक बुढाथोकी र दिनेश सुवेदीको स्वर तथा टंक बुढाथोकी र ओम सुनारले संगीत भरेका गीत समेटिएको छ ।

## सानो पर्दा



### 'द भ्वाइस' का निर्णायक

साउनदेखि प्रारम्भ हुने गायन रियालिटी सो 'द भ्वाइस अफ नेपाल' को निर्णायकमा गायक दीप श्रेष्ठ, अभया सुब्बा, प्रमोद खरेल तथा सोनुप पौडेल रहने बताइएको छ । नेदरल्याण्डको टाल्पा कम्पनीसँगको समन्वयमा एएनसीले यो कार्यक्रम तयार पार्न लागेको हो । नेपाल फ्रेन्चाइजको सो 'द भ्वाइस अफ नेपाल' को निर्देशन लक्ष्मण पौडेलले गर्दैछन् । विश्वभरिका १ सय ९२ मुलुकमा सफलतापूर्वक सम्पन्न भैसकेको यो रियालिटी शोको नेपाल फ्रेन्चाइजी पहिलो पटक प्रसारणमा आउन लागेको हो ।

### अधिकारीको मानव प्रारम्भ

निर्देशक बद्री अधिकारी लामो अन्तरालपछि टेलिचलचित्र निर्देशनमा होमिएका छन् । अविरल बग्छ इन्द्रावती, मौन आकाश, सहयात्री, कोरस आदि श्रृंखलाका निर्देशक अधिकारीको नयाँ श्रृंखला 'मानव' वैशाख १ देखि प्रसारणमा आएको हो । सामाजिक कथामा आधारित 'मानव' जनता टेलिभिजनमा हरेक शनिबार राति ८:४५ बजे प्रसारण हुँदैछ । ५५ भागको यो टेलिश्रृंखलामा सुशील पोखरेल, अस्मिता बस्नेत, श्याम खड्का, शारदा अधिकारी, लक्ष्मण विक्रम बस्नेत, अञ्जान शर्मा, अर्जुन न्यौपाने, आना देउजा, शिशिर शिवाकोटी, उमा बानियाँ, कमल बोहरा तथा किशोर कोइराला आदि कलाकारको अभिनय छ ।

## विमोचन/प्रिमियर

### लम्फूको गीत

चलचित्र लम्फूको डान्सिङ बिटको गीत सार्वजनिक भएको छ । सुको नहोस् यार बोलको उक्त गीतमा अर्जुन पोखरेलको संगीत तथा शिव परियारको स्वर छ । प्रमोद ढुंगानाले लेखेको उक्त गीतलाई शिव विकले कोरियोग्राफी गरेका हुन भने गीतमा नायकद्वय कबिर खड्का र सलोन बस्नेत देखिएका छन् । वैशाख २८ मा सार्वजनिक हुने यो चलचित्रका दुई गीत र ट्रेलर यसअघि सार्वजनिक भैसकेका छन् ।

### बेबी आई लभ यूको ट्रेलर

जेठ १८ गते सार्वजनिक हुने चलचित्र बेबी आई लभ यूको ट्रेलर सार्वजनिक भएको छ । सार्वजनिक ट्रेलरमा नव-नायक सन्तोष खड्गी र नायिका पूजा तिवारीबीचको प्रेम, रोमान्स र बिछोड देखाइएको छ । जनक पाण्डेद्वारा निर्देशित चलचित्रको कान्छी मायालु गीतमा कभर डान्स गर्ने तथा गाउने कलाकारहरूलाई पुरस्कृत समेत गरिएको छ ।




डमरुको गेटअप : वैशाख २१ गतेदेखि प्रदर्शन हुने चलचित्र 'डमरुको डण्डीबियो' को पत्रकार सम्मेलनमा अभिनेता खगेन्द्र लामिछाने । यो चलचित्रमा खगेन्द्रले डण्डीबियो खेलाडीको भूमिका निर्वाह गरेका छन् ।

### हैरानको ट्रेलर

जेठ ४ गतेदेखि प्रदर्शनमा आउने चलचित्र हैरानको टिजर सार्वजनिक भएको छ । टिजरमा चलचित्रका सबै प्रमुख कलाकारलाई देखाइएको छ । सौगात विष्ट निर्देशित चलचित्रको टिजर कमेडी शैपमा छ । चलचित्र सम्झना पोखरेलले निर्माण गरेकी हुन् ।

बलिउड



# मलाइकाको खुलासा

मलाइका अरोडाको उमेर जति बढ्दैछ उनीभित्रको तापक्रम त्यति नै बढ्दै गएको चर्चा बलिउडमा हुने गरेको छ। मलाइकाभित्र बढिरहेको तापक्रम नाप्न उनले चलाउने सामाजिक सन्जाल फेसबुक, इन्स्ट्राग्रामजस्ता सामाजिक सन्जाल हेरे पुगिहाल्छ। यसबीच मलाइकाले आफ्नो शयन कक्षको गोपनीयतासम्बन्धी नयाँ खुलासा गरेकी छिन्। एक अन्तरवार्तामा उनलाई तपाईंको विस्तरामा सुत्दाको पोजिसन के हो भनेर सोधिएको थियो, जसको जवाफमा उनले भनेकी छिन्- अरू पोजिसन मलाई खासै सहज लाग्दैन, अन टप अर्थात् माथि फर्किएर सुत्दा आनन्द महसुस हुन्छ। मलाइकाको अरवाज खानसँग डिभोर्स भैसकेको छ। हाल उनी एक्लो जीवन बिताइरहेकी छिन् भने अहिले उनको नाम अर्जुन कपुरका साथै एक व्यवसायीसँग जोडिएर आउँछ।



# बाह्रौं स्थानमा प्रियंका

संसारका सबैभन्दा मन पर्ने व्यक्तिको सूचीमा एन्जेलिना जोलीको नाम अग्रस्थानमा छ। एन्जेलिना सन् २०१५ देखि निरन्तर आफूलाई अग्रस्थानमा राख्न सफल हुँदै आएकी छिन्। भारतकी अभिनेत्री प्रियंका चोपडा भने उक्त सूचीको १२ औं स्थानमा छिन्। अमेरिकामा प्रत्येक वर्ष हुने यु गभ अध्ययनको सूचीमा २० जना पुरुष तथा २० जना महिला समेटिएका छन्। ३५ देशका ३७ हजार व्यक्तिको अनलाइन अन्तर्वार्ताका आधारमा यसपटक सर्वाधिक मन पर्ने व्यक्तिको सूची सार्वजनिक गरिएको हो। पुरुषहरूको सूचीतर्फ विल गेट्स अग्रस्थानमा छन् भने उनीपछि बाराक ओबामा, ज्याकी च्याङ तथा सी जिनपिङको नाम छ।



# इलियाना गर्भवती ?

इलियाना डिक्रुज चलचित्रका साथै व्यक्तिगत जीवनमा पनि चर्चामा छिन्। इलियानाले आफ्ना ब्वाइफ्रेन्ड एड्र्यु निवोलसँग गोप्य रूपमा विवाह गरेकी थिइन्, जुन कुरा अहिलेसम्म धेरैलाई थाहा छैन। हालै उनका बारेमा एउटा हल्ला फैलिएको छ– इलियाना चाँडै आमा बन्दैछिन्। यद्यपि यी बोल्ड अभिनेत्रीले यस विषयमा आधिकारिक धारणा भने व्यक्त गरिसकेकी छैनन्। पत्रकारहरूले जहाँ देखे पनि यही प्रश्न सोधेर हैरान बनाए पनि उनले अन्य कुरा गरेर जवाफ छल्दै आएकी छिन्। हालै एन्ड्र्युले इलियानाको एक तस्बिर पोस्ट गरेका छन्, जुन तस्बिरमा इलियाना गर्भवती भएजस्तो देखिँदैन। एन्ड्र्युले इलियानाको तस्बिर पोस्ट गर्दै भनेका छन्– इलियाना एक्लै समय बिताइरहेकी छिन्। सार्वजनिक तस्बिरमा इलियानाको अनुहार लुकेको छ तर उनले मध्यऔंला देखाएकी छिन्। इलियानाको यो संकेतबाट के बुझिन्छ भन्ने कुराचाहिँ उनैलाई थाहा होला।




# दीपिकाको पालो

प्रियंका चोपडा र अनुष्का शर्माले चलचित्र निर्माण गरिसकेका छन्। प्रियंका भारतका विभिन्न भाषाका चलचित्रमा समेत सक्रिय छिन्। अनुष्का शर्माले एनएज-१०, फिल्लौरी तथा परीजस्ता चलचित्र बनाइसकेकी छिन्। यसबीच दीपिका पादुकोणले पनि चलचित्र निर्माणमा लाग्न संकेत दिएकी छिन्। स्रोतका अनुसार दीपिका चाँडै आफ्नो प्रोडक्सन हाउस खोल्ने तयारीमा छिन्। हालै एक अन्तर्वार्तामा आफ्नो व्यक्तित्व चलचित्र निर्माणका लागि धेरै राम्रो भएको कुरा बताएकी छिन्। हरेक काम राम्रोसँग गर्ने सक्छु, व्यवस्थित छु र जीवनमा थप केही गर्न सक्छु, दीपिकाले भनेकी छिन्– पैसा कमाउन निर्माता बन्न लागेकी होइन, यो क्षेत्रमा केही नयाँ गर्ने सोच छ।

प्रसंग


# अभिनेता बन्न चाहने नेताहरू

रामजी ज्ञवाली











नेपालको राजनीतिमा त्यस्ता धेरै अनुहार छन्, जसलाई धेरैजसोले नेताका रूपमा राम्रैसँग चिन्छन् । फरक यति मात्र हो, केही नेता निकै चर्चित छन् केही कम । जो राजनीतिमा होमिए उनीहरूका पनि व्यक्तिगत चाहनाहरू थिए । जस्तै– कलाकार बन्ने, डाक्टर बन्ने, पाइलट बन्ने अथवा बिजनेस म्यान बन्ने आदि । नेपालको राजनीतिक रंगमञ्चमा जमेका र दिनहुँजसो मिडियामा आउने, टिभीमा देखिरहने ती केही अनुहार साँच्चिकै चलचित्रको पर्दामा आउन चाहन्थे, जुन सम्भव हुन सकेन । कुराकानी सुरु गरौं, स्वर्गीय नेता सुशील कोइरालाको प्रसंगबाट ।

तत्कालीन राजा महेन्द्रले ०१७ मा जननिर्वाचित सरकारलाई अपदस्थ गरी निरंकुश पञ्चायती व्यवस्था लागू गर्दा देशबाट प्रजातन्त्र मात्र लुटिएन, नेपाली कांग्रेसका नेता तथा पूर्वप्रधानमन्त्री स्वर्गीय सुशील कोइरालाको सपना समेत तुहियो । त्यतिबेला कोइराला कांग्रेसका सामान्य सदस्य मात्र थिए । आफ्नो राजनीतिक भविष्यका सम्बन्धमा न उनले कुनै कल्पना गरेका थिए, न नेता बन्ने कुनै सपना नै पालेका थिए । भर्खरका लक्का जवान कोइराला पर्दाको हिरो बन्न चाहन्थे, त्यो पनि कलिउडको होइन, हलिउडको । त्यसको प्रारम्भिक तयारी स्वरूप कोइरालाले भारतमा नृत्य तथा फोटोग्राफीको प्रशिक्षण पनि लिए । 'हिरो' बन्ने सपना पूरा गर्न हलिउडतिर हान्निने अन्तिम तयारीमा थिए कोइराला । उनले अमेरिकाको भिसासमेत लिइसकेका थिए । १ पुस ०१७ मा राजा महन्द्रले 'कु' गरेपछि कोइरालाको सपनामाथि बज्रपात भयो र हिरो बन्न तम्तयार यी नेता राजनीतिमा होमिए । उनलाई नजिकबाट जान्नेहरूका अनुसार राजा महेन्द्रले दुई महिनापछि मात्र 'कु' गरेका भए सुशील अमेरिका पुगिसकेका हुन्थे र, सम्भवतः हलिउडमा जमिरहेका हुन्थे । राजनीतिमा त बाध्यताले मात्र होमिएको कोइराला आफैंले बताइसकेका छन् । ७८ वर्षीय अविवाहित कोइरालाको हिरो बन्ने सोच र योजनाका सम्बन्धमा उनकै धेरै कार्यकर्तालाई जानकारी थिएन ।

स्वर्गीय नेता कोइरालासँग लामो संगत गरेका कांग्रेस नेता पुरुषोत्तम बस्नेतका अनुसार रंगमञ्च र फोटोग्राफी सुशीलको पहिलो रोजाइ थियो । तपाईं राजनीतिमा नआएको भए कुन पेसामा हुनुहुन्थ्यो भन्ने प्रश्नमा कोइरालाले भनेका थिए, 'म हिरो हुन्थे, हलिउडका चलचित्रमा अभिनय गर्ने इच्छा थियो । राजनीति मेरो पहिलो रोजाइ थिएन ।'

नेपाली कांग्रेसका प्रभावशाली नेता मानिन्छन्- बालकृष्ण खाँड । उनी पटक-पटक मन्त्री भैसकेका छन् । नेता खाँडलाई सानो उमेरमा चलचित्रतिर लाग्न धेरैले आग्रह गरेका थिए । ०१७ सालमा स्याङ्जामा जन्मिएका खाँड २०३३ सालमा राजनीतिमा प्रवेश गरे पनि बीचमा उनको मनमा चलचित्र नायकका रूपमा काम गर्छु भन्ने सोच नआएको होइन । खाँडले हाँस्दै भने, 'रंगमञ्चमा लागौं, हिरो बनौं, रंगीन दुनियाँमा सक्रिय हौं भन्ने खालको इच्छा भएको हो । मैले गाउँमा हुने विभिन्न नाटकमा कलाकारका रूपमा काम पनि गरें, तर राजनीतिमा लागे पछि भने त्यो रहर दिगो हुन सकेन । २०३३ तिर राजनीतिमा प्रवेश गरेका खाँड २०६४ सालमा भएको संविधानसभा निर्वाचनमा रुपन्देही क्षेत्र नम्बर-३ बाट निर्वाचित भए । दोस्रो संविधानसभाको निर्वाचनमा पनि उनी सोही क्षेत्रबाट निर्वाचित भएका थिए । युवा उमेरमै राजनीतिमा लागिसकेका खाँडले गाउँघरमा विभिन्न क्लबले आयोजना गर्ने कार्यक्रममा नाटक देखाउने, नायकको रहर पूरा गर्ने आदि काम गरे पनि राजनीतिले उनको त्यो मोह त्याग्न बाध्य बनायो । खाँड भन्छन्- 'सानो उमेरमा नाटकमा काम गर्नु मेरो पनि रहर थियो, तर बढी रहर साथीहरू गर्थे मलाई हिरो बनाउन, तर त्यस्तो कहिल्यै सम्भव भएन ।'

चलचित्रमा हिरो बनेर राम्री युवती फकाउने, एकैपटक दर्जनौं गुन्डालाई हिर्काएर ढलाउने र सात तला अग्लो भवनबाट हाम फाल्ने सपना थियो एमालेका स्वर्गीय नेता रामनाथ ढकालमा, यद्यपि उनको सपना पनि पूरा भएन । नेकपा एमाले नेता तथा प्रदेश नम्बर-५ का संसदीय दलका प्रमुख सचेतक भूमिश्वर ढकाल भन्छन्, 'उहाँले कक्षा ९ सम्म भारतमा अध्ययन गर्नुभएको थियो र बाँकी अध्ययनका लागि जन्मघर गुल्मी खर्ककोट गाविस कोन्याङ फर्कनुभयो । उक्त गाउँ तत्कालीन मालेको राम्रो पकड भएको ठाउँ भएकाले स्थानीय वातावरणले हिरो बन्ने इच्छा राखेका ढकाललाई राजनीतितर्फ डोहोऱ्यायो ।' १० कक्षा अघिसम्म भारतमा अध्ययन गरेका स्वर्गीय नेता ढकालले हिन्दी चलचित्र एवं सिरियल हेर्ने काम मात्र गरेनन् अमिताभ वच्चनजस्तै स्टार हुने सपना समेत पालेका थिए । सांसद भैसक्दा पनि उनी त्यति बेलाको हिरो बन्ने आफ्नो हुटहुटी सम्झिरहन्थे ।

झन्डै ५ वर्ष नाटकमा समय व्यतित गरेका गंगा श्रेष्ठ नयाँ शक्ति नेपालका नेता हुन् । उनलाई अहिले पार्टीले प्रदेश नम्बर-३ को इन्चार्जको जिम्मा दिएको छ । श्रेष्ठलाई पार्टीभित्र र बाहिर पनि राम्रो नेताका रूपमा चिनिन्छ । श्रेष्ठ राजनीतिमा आउनुपूर्वको काम नाटकबाहेक राम्रो नायक हुन तथा चलचित्र क्षेत्रमा जम्नचाहन्थे । यद्यपि समयसँगै त्यो रहर पनि परिवर्तन भयो अनि राजनीतिमा सक्रिय भए उनी । राजनीतिमा लागेर देशको मुहार फेर्न खोजिरहेका छु, नेता श्रेष्ठ भन्छन्, 'त्यतिबेला राम्रो कलाकार हुने इच्छा मात्र थिएन साथीभाइले पनि कलाकार हुनुपर्छ भनेर हौसला दिन्थे ।' अहिले राजनीतिमा लागे पनि म नेपाली कलालाई धेरै माया गर्छु, समय मिलेसम्म चलचित्र हेर्न गैरहन्छु, उनले भने । अभिनयमा रुचि पहिल्यैदेखि थियो, त्यसले मलाई नाटकतिर तानेको पनि हो र मैले लगभग आधा दर्जन नाटकमा काम गरिसकेको छु, उनले आफ्नो विगत सम्झिए ।

नयाँ शक्ति नेपाल पार्टीका केन्द्रीय परिषद् सदस्य तथा प्रचार विभाग प्रमुख विश्वदीप पाण्डेमा त अझैं पनि राजनीतिमा भन्दा कलाकारितामै रुचि छ । चलचित्रमा हिरो बन्ने रहरलाई एकातिर थन्काउँदै देशको राजनीति सुधार्ने यात्रामा अघि बढेको कुरा सम्झन्छन् उनी । पाण्डेमा अझै पनि चलचित्रमा काम गर्ने रुचि छ । चलचित्रको प्रचार-प्रसार वा कुनै कार्यक्रमका सिलसिलामा कलाकारहरू बुटवल पुगेका बेला उनी त्यहाँ पुगिहाल्थे । चलचित्रप्रति सानैदेखि नशा थियो, लागूपदार्थको जस्तै, उनले भने, 'तर नेपालमा १० वर्षे द्वन्द्व सुरु भयो र उनी तत्कालीन माओवादीमा होमिए ।' राजनीतिमा लागे पनि चलचित्र क्षेत्रमा केही गर्ने रहर ज्युँदै छ, उनले थपे । विश्वदीपले द्वन्द्वकालमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, प्रचण्ड आदिलाई आफ्नो अभिनय देखाउने काम समेत गरे । प्रचण्ड, बाबुराम आदि विश्वदीपको कला देखेर मुसुक्क हाँस्थे । विश्वदीप कार्यक्रमको सिलसिलामा देश तथा विदेशमा भएका बेलामा सम्भव भएसम्म नायक-नायिकाहरूसँग भेटिहाल्छन् ।

केही महिनाअघि नयाँ शक्तिका संयोजक एवं पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईसँगै नयाँ दिल्ली पुगेका बेला पाण्डेले बलिउड निर्देशक तथा निर्माता महेश भट्ट एवं कलाकार विद्या बालनसँग भेटेरै छाडे । नौ महिनाअघि विश्वदीपले बलिउड अभिनेता डिनो मोरियासँग पनि भेट गरेका थिए ।

परिस्थितिले राजनीतिमा होमीन बाध्य नभएको भए अहिले म चलचित्र लाइनमा काम गरिरहेको हुन्थे, पाण्डेले भने, 'अझैं पनि राजनीति तथा सामाजिक विषयमा बन्ने स्तरीय चलचित्रमा काम गर्ने रहर छ, यदि त्यसो नभए पुलिसको चरित्रमा निर्वाह गर्ने रहर सानैदेखिको हो । विश्वदीप नेपालका कलाकारहरू अशोक शर्मा, रेखा थापा, ऋचा शर्मा, खगेन्द्र लामिछाने, प्रदीप उदय, निरक पौडेल, धुर्मुस, सरिता लामिछाने, दीपकराज गिरी, रोज राणा, केशव भट्टराई, सुनील पोखरेल, दयाहाङ राई आदिसँग मौका मिलाएर भेटघाट गरिरहन्छन् । विश्वदीप बाल्यकालमा आमाको भुड्की फोरेर साथीभाइ जम्मा गरी चलचित्र हेर्न पुग्थे । पैसा नभएको खण्डमा भीडभाडको मौका छोपी हलभित्र छिर्ने दाउमा बस्थे । धेरै पटक यसरी पनि चलचित्र हेरेको अनुभव छ विश्वदीपसँग ।

Study In CANADA
» Affordable Tuition Fee » Credit Transfer
» Scholarship Available Up to 50%
Spouse together can apply
PROGRAM : English/Diploma/Under Graduate/Graduate
World Wide Edu. Inf. Center
Opp. Tri Chandra College, Ghantaghar Mode, Kamaladi, KTM.
Tel: 4-243556, 4-223168, E-mail:worldedu@ntc.net.np

रोजगारीमूलक प्राविधिक तालिमहरुमा
प्रवेश परीक्षा तयारी कक्षा (Bridge Course) मा
नि:शुल्क अध्ययनको अवसर

विगत वर्षहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल यस संस्थाले यस वर्ष पनि SEE परीक्षा दिई बसेका तथा SLC वा सो भन्दा माथिको शैक्षिक योग्यता भएका ईच्छुक व्यक्तिहरुलाई निम्न विषयहरुमा निःशुल्क प्रवेश परीक्षा तयारी कक्षाहरु सञ्चालन गर्न लागेको हुँदा तु.सम्पर्क राखी मौकाको फाइदा उठाउनुहोस् ।

तयारी कक्षा सञ्चालन हुने विषयहरु:

| | |
|---|---|
| १. स्टाफ नर्स | ८. कृषि जे.टि.ए |
| २. डिप्लोमा इन फार्मेसी | ९. मेडिकल ल्याब असिस्टेन्ट |
| ३. नेत्र सहायक | १०. भेटेरीनरी जे.टि.ए. |
| ४. हेल्थ असिस्टेन्ट | ११. सि.एम.ए/ अ .हे .व |
| ५. रेडियोग्राफी | १२. सिभिल सब ओभरसियर |
| ६. ओभरसियर | १३. अ.न.मी. |
| ७. आई.एस.सी.एजी.कृषि/पशु विज्ञान | १४.अमिन |

सम्पर्क: कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि., काठमाडौं
फोन नं.: ०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म ।
(शनिवार र सार्वजनिक विदाको दिन पनि कलेज खुल्ला हुनेछ) ।

विकेन्ड लाइभ

# क्लब डेजाभुमा लिज ब्राउन



आज दरबारमार्गस्थित क्लब डेजाभुमा युक्रेनकी गायिका लिज ब्राउनले लाइभ प्रस्तुति दिँदैछिन् । भारत मुम्बाइलाई कर्मथलो बनाएकी लिजले हाउस म्युजिक तथा इलेक्ट्रो हाउसमा आफ्नो बेग्लै छाप बनाइसकेकी छिन् । ६ वर्षको उमेरमै क्लासिकल म्युजिक सिक्न थालेकी लिजसंगै रेडमस, रोलिङ, आनन्द, आशिष आदि डिजेले समेत प्रस्तुति दिनेछन् ।

**स्थान :** क्लब डेजाभु, दरबारमार्ग
**समय :** ८ बजे
**शुल्क :** १ हजार ५ सय तथा २ हजार ५ सय
**आयोजक :** क्लब डेजाभु

विकेन्ड रेस्टुरा

# झम्सिखेलमा रेस्ट्रो बे

झम्सिखेललाई ठमेलको अर्को रूप पनि भनिन्छ जहाँ नयाँ–नयाँ क्याफे, रेस्टुराँ खुल्ने क्रम तीव्र रूपमा बढिरहेको छ । झम्सिखेलमा आठ महिनाअघि सञ्चालनमा आएको रेस्ट्रो बे लिफले आफ्नो बेग्लै छाप छोडिसकेको छ । १ सयभन्दा बढी परिकार पाइने यो रेस्ट्रोमा एकै पटकमा ५०–६० जना मानिस बस्न मिल्ने क्षमता छ । यहाँ चाइनिज तथा कन्टिनेन्टल परिकार उपलब्ध हुन्छन् । ग्रिल्ड चिकेन, ट्राउट फिस, तन्दुरी मःम, कवाव, हाँसको छोयला रेस्ट्रोका स्पेसल परिकार हुन् । २ जनालाई खाजा खान खल्तीमा ५ सय रूपैयाँ बोक्दा हुन्छ । केही सेलिब्रेटी पनि यो रेस्टुराँको नियमित ग्राहक भएको सञ्चालक दीपक खनाल बताउँछन् ।





विकेन्ड महोत्सव

# मारवाडी महोत्सव-२०१८

Marwari Mahotsav

भोलि शनिबार भृकुटीमण्डपमा मारवाडी महोत्सव-२०१८ हुँदैछ । नृत्य, फोटो प्रदर्शनी, परिकार, खेलकुद आदि कार्यक्रम समावेश यो महोत्सवमा भारतको राजस्थानका ३६ जना कलाकार सहभागी हुँदैछन् । महोत्सवमा २५/३० प्रकारका परिकार उपलब्ध हुने झापा मारवाडी समाज युवा मञ्चका अध्यक्ष भवानी शंकर गोयलले बताए ।

**स्थान :** भृकुटीमण्डप
**समय :** बिहान १० देखि साँझ ८ बजेसम्म
**प्रवेश :** नि:शुल्क
**आयोजक :** झापा मारवाडी समाज

विकेन्ड ब्यान्ड




# बज्र रेस्टुराँमा डिजे किडको प्रस्तुति

आज बज्र रेस्टुराँमा डिजे विद् लाइभ म्युजिक प्रस्तुत हुँदैछ । चन्द्रागिरि नगरपालिकास्थित बज्र रेस्टुराँमा हरेक शुक्रबार नयाँ खालका सांगीतिक कार्यक्रम प्रस्तुत हुन्छन् । रेस्टुराँका सञ्चालक जुलुम महर्जनका अनुसार यहाँ फरक ब्यान्ड तथा कलाकारहरूले प्रस्तुति दिँदै आएका छन् ।

**स्थान :** बज्र रेस्टुराँ, सतुंगल
**कलाकार :** डिजे किड र अन्य कलाकार
**प्रवेश :** नि:शुल्क
**समय :** ५ देखि ९ बजेसम्म

विकेन्ड गजल



# सुमधुर गजल साँझ

ललितपुरको हरिसिद्धिस्थित थान्सी नेवा कटेजमा आज सुमधुर गजल साँझ प्रस्तुत हुँदैछ । ६ महिनाअघि खुलेको यो कटेज विशुद्ध पारिवारिक भएको बताउँछन्, यसका सञ्चालक बाबुकाजी महर्जन । शान्त वातावरणमा मीठा परिकारहरूको स्वाद लिँदै गजल सुन्ने रहर छ भने यो अवसरको फाइदा उठाउन सकिन्छ ।

**कलाकार :** अनुप महर्जन, लक्ष्मी स्याङ्त्यान आदि ।
**समय :** ५ बजे
**स्थान :** थान्सी नेवा कटेज, हरिसिद्धि
**प्रवेश :** नि:शुल्क

विकेन्ड फेसन



# भोलि पोखरामा ट्रायथलन

भोलि पोखरामा छैटौं दक्षिण एसियाली च्याम्पियनसिप तथा आठौं राष्ट्रिय ट्रायथलन प्रतियोगिता हुदैछ । नेपाल ट्रायथलन संघको आयोजना तथा कास्की जिल्ला ट्रायथलन संघको व्यवस्थापनमा यो प्रतियोगिता हुन लागेको हो । यसमा करिब १ सय खेलाडीको सहभागिता रहनेछ । प्रतियोगीहरूले ट्रायथनलअन्तर्गतको स्प्रिन्ट विधामा फेवातालमा ७ सय ५० मिटरको पौडीपश्चात् बाराही घाटदेखि मुस्ताङ चोकसम्म चार ल्यापको २० किलोमिटर साइकिलिङ र ५ किलोमिटरको दौड तथा दुवाथलनअन्तर्गत ५ किलोमिटर दौड २० किलोमिटर साइक्लिङ र २ दशमलव ५ किलोमिटर दौड गर्नेछन् । यस प्रतियोगिताबाट इन्डोनेसियाको जर्कातामा हुने १८ औं एसियाली खेलकुदका लागि समेत खेलाडी छनौट गरिनेछ ।

# पोखरामा फेसन शो

आज पोखरामा 'क्राइलोन डिजाइनर कन्टेस्ट' सहितको फेसन शो हुँदैछ । साँझ ६ बजेपछि होटल ग्रान्ड पोखरामा सञ्चालन हुने कार्यक्रममा पोखरा तथा भैरहवाका १२ जना मोडल र्‍याम्पमा देखिनेछन् । उनीहरूले बिभिन्न सिक्वेन्समार्फत पोखरा, चितवन तथा बुटवलका ९० जना डिजाइनरको डिजाइन प्रस्तुत गर्नेछन् । कार्यक्रमको थप आकर्षण गायन तथा नृत्य हुन् ।

**स्थान :** होटल ग्रान्ड, बिरौटा, पोखरा
**शुल्क :** २ हजार रुपैयाँ (डिनरसहित)
**आयोजक :** आइएफसी फेसन कलेज

राजाराम पौडेल

चलचित्र


## कोहलपुर एक्सप्रेस



**निर्देशक :** विशाल भण्डारी **कलाकार :** केकी अधिकारी, प्रियंका कार्की, ऋचा शर्मा, विनोद न्यौपाने आदि । **संगीत :** राजनराज शिवाकोटी, अर्जुन पोखरेल तथा कालीप्रसाद बाँसकोटा ।


जूनकीरी आर्ट्सको ब्यानरमा निर्माण भएको कोहलपुर एक्सप्रेस आज शुक्रबारदेखि देशभर प्रदर्शन हुँदैछ । नेपालका नाम चलेका अभिनेत्रीहरूले अभिनय गरेकाले पनि यो चलचित्र प्रतीक्षित छ । केकी अधिकारीले निर्माण गरेको चलचित्र कोहलपुर एक्सप्रेसमा भद्रबहादुर शाही, देवीलाल न्यौपाने, शिवप्रसाद चौलागाई आदिले समेत सहकार्य गरेका छन् । कोहलपुर एक्सप्रेस हास्य प्रधान चलचित्र हो । यो चलचित्रको सीओ डब्लू काउ गीत चर्चित भैसकेको छ । विशाल भण्डारीले लेखेको यो चलचित्रको अधिकांश भाग बाँकेको कोहलपुर आसपासमा खिचिएको हो ।

## ह्याप्पी डेज



**निर्देशक :** मिलन चाम्स
**कलाकार :** प्रियंका कार्की, सञ्जय गुप्ता, दयाहाङ राई आदि
**संगित :** तारा प्रकाश लिम्बू तथा राजनराज शिवाकोटी

चार पटकसम्म प्रदर्शन मिति सारेको चलचित्र ह्याप्पी डेज आज शुक्रबारदेखि देशभर प्रदर्शनमा आउँदैछ । बेलायतस्थित नेपाली व्यवसायीहरूले निर्माण गरेको यो चलचित्र त्रिकोणात्मक प्रेम तथा धोकाघडीमा आधारित छ । यो चलचित्रको करिब ९५ प्रतिशत छायांकन बेलायतको राजधानी लन्डन, स्कटल्यान्ड तथा वेल्समा गरिएको हो । दयाहाङ राई र प्रियंका कार्कीको जोडीको सम्बन्धमा आउने उतारचढाव यो चलचित्रको मुख्य विषय हो । विक्की जोशी, रितेश चाम्स, मोनिका गुरुङ आदि कलाकारले समेत अभिनय गरेको यो चलचित्रले आमनेपालीको बेलायत टेक्ने सपना, बेलायत पुगिसकेपछि रातो पासपोर्टको महत्त्वाकांक्षा एवं आप्रवासीले भोग्नुपर्ने अप्ठेराजस्ता सामाजिक विषयवस्तुलाई उजागर गरेको छ ।




## अमेरिका ब्वाइज

**निर्देशक :** प्रवेश पौडेल
**कलाकार :** सुनिल थापा, अर्पण थापा तथा सन्दीप क्षेत्री ।

आज शुक्रबारदेखि प्रदर्शनमा आउने चलचित्र अमेरिका ब्वाइजलाई प्रकाश भुजेल तथा इन्द्रप्रसाद खरेलले निर्माण गरेका हुन् । विवेक पाण्डेले लेखेको यो चलचित्र हास्यप्रधान भएको बताइन्छ । चलचित्र अमिरिका ब्वाइजमा नेपाली युवाको अमेरिका जाने सपना तथा संघर्ष देखाइएको छ । यो चलचित्रमा हरिहर शर्मा, कामेश्वर चौरासिया, अभय बराल, आशिष प्रसाईं, सृष्टि कार्की, शारदा गिरी, रश्मि भट्ट, रमा थपलिया, सुवास गजुरेल, राजु खरेल तथा मनिष राउत आदिले अभिनय गरेका छन् ।

रंगमञ्च

## मण्डलामा क्लब सेभेन



मण्डला नाटकघरमा वैशाख ४ देखि मञ्चन भैरहेको नाटक क्लब सेभेनमा सोमनाथ खनाल र सिजन दाहालको लेखन तथा दयाहाङ राई र राजन खतिवडाको निर्देशन छ । १ घण्टा १५ मिनेट लामो यो नाटकमा कलाकारहरूले बैंक्वेटमा इन्गेज हुने सोसाइटीको चित्रण गरेका छन् । सोमबारबाहेक हरेक दिन मञ्चन हुने नाटक क्लब सेभेनमा सुष्मा निरौला, रिजन परियार, सचिन मल्ल, अरविन्द अमात्य, सपना कुमारी चौधरी, उमेश चौधरी, रमिला खनाल, कुशल गजमेर आदि कलाकारले अभिनय गरिरहेका छन् । कलाकारहरू मण्डला थिएटरको छैटौं ब्याचका प्रशिक्षार्थी हुन् । वैशाख २३ गतेसम्म मञ्चन हुने यो नाटकको अतिरिक्त शो शनिबार दिउँसो १ बजे हुने बताइएको छ ।

## कुञ्जमा 'अँधेरी नगरी चौपट राजा'




थापागाउँस्थित कुञ्ज थिएटरमा शुक्रबारदेखि 'अँधेरी नगरी चौपट राजा' नाटक मञ्चन हुँदैछ । भारतीय साहित्यकार भारतेन्दु हरिश्चन्द्रले लेखेको उक्त नाटकलाई संगीत सापकोटा र आशिष घिमिरेले अनुवाद तथा निर्देशन गरेका हुन् । यो नाटक विवेकहीन र निरंकुश शासन व्यवस्थाप्रति तिखो व्यंग्य गर्दै कसरी एउटा शासक आफ्नै कार्यद्वारा पतन हुन्छन् भन्ने कुरामा केन्द्रित छ । २९ गतेसम्म मञ्चन हुने यो नाटकमा जीवन भट्टराई, श्रवनसिंह राना, संजित प्रताप मल्ल, आरजेश रेग्मी, सागर दाहाल, बारात लिम्बु, दिपेन्द्र शाही, पुष्कर कार्की, प्रकु पाण्डे आदि कलाकारको अभिनय छ । नाटक हरेक दिन साँझ ५:३० देखि मञ्चन हुनेछ भने शनिबार त्यसको अतिरिक्त शो हुने बताइएको छ ।

## शिल्पीमा 'तीन बहिनी'

शिल्पी नाटकघरमा 'तीन बहिनी' नाटक मञ्चन हुने भएको छ । रसियन नाटककार एन्टन चेखबको लेखन तथा घनश्याम श्रेष्ठको निर्देशनको यो नाटक वैशाख १९ गते बुधबारदेखि मञ्चनमा आउने बताइएको छ । तीन दिदीबहिनीको कथामा आधारित नाटकमा श्रीओम श्रेष्ठ रोदन, घिमिरे युवराज, सुष्मा कोइराला, विकाश जोशी, श्याम श्रेष्ठ, जीवन बराल आदि कलाकारको अभिनय रहनेछ । हरेक दिन ५:३० बजे मञ्चन हुने यो नाटकको अतिरिक्त शो शनिबार हुनेछ ।

# पोखराका मोडल स्थापित नहुँदै पलायन

नेपालमा मोडलिङसँग सम्बन्धित गतिविधि हुने ठाउँमा पोखरा अग्रपंक्तिमा आउँछ । पोखरामा दैनिकजसो मोडलिङसँग सम्बन्धित गतिविधि भैरहेका हुन्छन् । पोखरा आसपासमा म्युजिक भिडियोदेखि टेलिचलचित्र हुँदै ठूलो पर्दाका चलचित्रको छायांकन नियमितजसो भैरहेको हुन्छ । सुन्दरी प्रतियोगिता तथा फेसन शोको त बाढीनै आएको छ पोखरामा । विभिन्न विज्ञापन, होडिङबोर्ड आदिमा समेत मोडलको आवश्यकता देखिन्छ, तर पनि यहाँको मोडलिङ व्यवसायिक बन्न सकेको छैन । मोडलिङसँग सम्बन्धित कार्य गर्न पोखरा बाहिरबाट मोडल बोलाउनुपर्ने बाध्यता हट्न सकेको छैन, बरु बढ्दैछ । हुन त मोडलिङप्रति सबैको दृष्टिकोण एउटै देखिँदैन । मोडल भएपछि शरीरका अंग देखाउनु जरुरी छ । मोडल हुन हट सिन दिनैपर्छ । अलि-अलि अंग प्रदर्शन त गर्नैपर्छ । जीउडाल पनि राम्रो हुनुपर्यो भन्ने गलत बुझाइले पनि यो क्षेत्रलाई निरन्तरता दिनेहरूको संख्या कम हुन्छ । मोडलिङको नाममा अंग प्रदर्शन गरेर




स्थापित हुन खोज्नेहरूका कारणसमेत यो क्षेत्रप्रतिको बुझाइ सकारात्मक हुन समस्या परेको छ ।

म्युजिक भिडियो निर्देशक अपिल त्रिपाठी पोखरामा हालसम्म स्थापित हुन सफल मोडल हुँदै नभएको बताउँछन् । 'म त अहिले पोखरामा व्यवसायिक मोडल नै देखिदनँ, भएकाहरूसँग पनि काम गर्न गाह्रो छ,' त्रिपाठी भन्छन्- 'दुई-तीन वर्ष भैसक्यो, काठमाडौंकै मोडल ल्याएर काम गर्दैछु ।'

६० को दशकदेखि नै पोखरामा मोडलहरूको संख्या पातलिएको हो । एसएलसीपछि रहरले यो क्षेत्रमा आउने अनि व्यवहारले थिचेपछि पलायन हुने रोग अझै व्यवस्थित हुन सकेको छैन । ब्रेभ इन्टरटेनमेन्टका संस्थापक विजय क्षेत्री रहर र इच्छा भए पनि निरन्तरता एवं शिक्षाको कमीका कारण पोखरामा मोडलहरूको अभाव हुन थालेको बताउँछन् । नयाँ पुस्तामा मोडलिङप्रति प्रसस्त मोह भए पनि राम्रो प्रशिक्षण र सही सल्लाह नपाउँदा धेरै सम्भावना बोकेका व्यक्ति यो क्षेत्रमा हराइरहेका छन्, -उनले भने ।

रातारात चर्चामा आउन नांगो जीउको तस्बिर खिचाएर र न्यापमा हिँडेर पैसा कमाउन खोज्नेहरूले समेत यो क्षेत्रको आकर्षण घटाएका छन् । विगतको तुलनामा मोडलिङमा आउनेहरूको संख्या वृद्धि भए पनि यो क्षेत्रमा निरन्तरता दिनेहरूको संख्या भने एकदमै न्यून रहने गरेको छ । केही वर्षअघि यो क्षेत्रमा आउनेहरूको संख्या कम थियो भने पछिल्लो समयमा प्रविधिको विकाससँगै यसको आकर्षण भने बढेको पाइन्छ, तर निरन्तरता दिने मोडल छदैछैनन् भने हुन्छ । व्यवसायिक रूपमा भन्दा अरूको देखासिकी र रहरका कारण मोडलिङमा प्रवेश गर्नेहरू छन्, जो छोटो समयमै पलायन हुने गरेका छन् । यता मोडलिङमा महिला मोडलहरूको शोषण पनि उत्तिकै छ । मोडलको प्रयोग गरेर लाखौं कमाउने सोचका साथ लागिपरेका व्यक्तिहरूको सिकारमा महिला मोडलहरू पर्ने गरेका छन् । मोडल बन्न योग्यता नपुगेकाहरूले थोरै पारिश्रमिक लिएर काम गर्ने भएका कारण सक्षम मोडलहरूलाई अस्तित्व जोगाउन अप्ठ्यारो परेको छ । यो क्षेत्रमा निरन्तरता दिन कतिपय अवस्थामा पैसा नलिइ पनि काम गर्नुपरेको मोडलहरूको गुनासो छ । आफूले मागेअनुसारको पारिश्रमिक पाउन नसकेको गुनासो नयाँ तथा पुराना सबै मोडलको छ ।

उमेर र परिवर्तित संस्कृतिका कारण पनि सधैंभरि यही क्षेत्रमा निरन्तरता दिन नसक्दासमेत पलायन हुनुपर्ने बाध्यता मोडलहरूको छ । उमेर र जवानी हुँदा मात्र यो पेसा ठीक रहेको र जवानी ढल्कँदै गएपछि भने बाध्यताबस यो पेसाबाट विस्थापित हुनुपर्ने मोडलहरूको गुनासो छ ।

हिजोआज मोडल बन्नेहरूको र बन्न रहर गर्नेहरूको संख्या दिन-प्रतिदिन बढ्दै छ, तर कामको अभावले उनीहरूको अवस्था लथालिङ्ग छ । हजारौं रुपैयाँ खर्च गरेर पनि मोडल बन्न सफल नभएकाहरू यसै हराएका पनि छन् ।

मोडलिङ गरेर पैसा कमाउन सहज छैन । मोडलिङमा पैसा कमाउन वढी क्षमता चाहिन्छ भने क्षमतावानहरू यो क्षेत्रमा आउनै खोज्दैनन् । यता व्यवसायिक मोडलका लागि पर्याप्त अवसरसमेत छैन ।

राजाराम पौडेल

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



# हिमानी सुब्बा

**पुर्ख्यौली थलो तेह्रथुम** भए पनि काठमाडौंलाई कर्मथलो बनाउँदै मोडलिङमा सक्रिय छिन्- हिमानी सुब्बा । थुप्रै र्‍याम्पमा क्याटवाक गरिसकेकी हिमानीले दुईवटा सौन्दर्य प्रतियोगितामा विजेता तथा उपविजेताको मुकुटसमेत पहिरिसकेकी छिन् । आफैं आवद्ध एमाजोन इन्टरटेन्मेन्टमार्फत काठमाडौं तथा मोफसलमा आयोजना भैरहेका सौन्दर्य प्रतियोगितामा कोरियोग्राफी गरिरहेकी हिमानी कुशल भिडियो जक्कीसमेत हुन् ।

अभिनयमा समेत रूचि भएकी हिमानीले 'देउरालीको दुई थुंगा फूल', 'नदेखिएका आँसुहरु' तथा 'म रोज' शीर्षकका नाटकमा मुख्य भूमिका निर्वाह गरेकी छिन् । गएको भ्यालेन्टाइन डेका अवसरमा मञ्चन भएको 'म रोज' नाटकको अभिनयबाट प्रशस्त प्रशंसा पाएकी हिमानी आफूले गरेका हरेक काममा नयाँ प्रयोग गर्न रूचाउँछिन् भने उनी यतिबेला चलचित्रमा पदार्पण गर्ने तयारी गर्दैछिन् । हिमानी भन्छिन्- 'रंगमञ्चको अभिनय अनुभवले मलाई चलचित्रमा पदार्पण गर्न हौसला प्रदान गरेको छ ।' व्यवस्थापनमा स्नातक उत्तीर्ण हिमानी भ्रमण तथा लेखनमा रूचि राख्छिन् ।

कृष्ण भट्टराई



तस्बिर : महेश प्रधान
लोकेसन : सिलौटी रिसोर्ट , नखिपोट, ललितपुर
पहिरन : पुष्पा राई, वाओ फेसन बुटिक, शंखमूल, काठमाडौं
मेकअप : रक्की श्रेष्ठ, कृति ब्युटिपार्लर, मैतीदेवी

Log on to :
facebook
www.facebook.com\kantipursaptahik





## निर्मात्रीको गुनासो

कुनै बेला मोडलिङमा सक्रिय आश्मा घिमिरे यतिबेला आश्मा पाण्डेका रूपमा रजतपटमा फर्किएकी छिन् त्यो पनि चलचित्र निर्मात्रीका रूपमा । आश्माले निर्माण गरेको पहिलो चलचित्र हो- ब्ल्याक । चलचित्रलाई नयाँपन दिन आश्माले एउटा नौलो प्रयोग गरिन्, आँचल शर्मालाई अभिनेता आकाश श्रेष्ठको जोडी बनाएर । प्रदीप श्रेष्ठको निर्देशन रहेको यो चलचित्रमा आश्माले आयुष रिजाल, सुशील क्षेत्री, धीरेन शाक्य, सुन्दर श्रेष्ठ जस्ता राम्रो ज्यान भएका पुराना अभिनेताहरूलाई पनि सशक्त भूमिकामा प्रस्तुत गराइन् । यतिबेला चलचित्र प्रदर्शनको संघारमा छ । त्यसक्रममा आश्माले केही यूट्युब च्यानललाई आफ्नो चलचित्रको छायांकनस्थलमै निम्त्याएर रमाइलो कुराकानी पनि गराइन् । यद्यपि सञ्चारकर्मीहरूले आफ्नो चलचित्रका मुख्य जोडी आँचल र आकाशको चर्चा गर्नुपर्नेमा पल र आँचलको जोडीमा केन्द्रित भएपछि आश्माको चित्त दुखेछ । आश्मा भन्दै थिइन्- 'पहिलो पटक जोडी बाँधिएका आकाश र आँचलको जोडी पनि त उत्तिकै फिट छ नि, उनीहरूको पनि चर्चा गरिनुपर्ने होइन र ?'

## प्रियंकालाई सकस

अभिनेत्री प्रियंका कार्की यतिबेला एउटा सकसमा छिन् । एकातिर उनका बेस्ट फ्रेन्ड निर्देशक मिलन चाम्सको चलचित्र 'ह्याप्पी डेज' प्रदर्शनमा आउँदैछ भने अर्कातिर उनकी नजिककी साथी अभिनेत्री केकी अधिकारीको चलचित्र 'कोहलपुर एक्सप्रेस' प्रदर्शन हुँदैछ । रमाइलो संयोग के छ भने दुवै चलचित्र एकै दिन प्रदर्शनमा आउँदैछन् अर्थात् यही शुक्रबार । अझ रमाइलो संयोग के छ भने दुवै चलचित्रमा प्रियंका स्वयं महत्वपूर्ण भूमिकामा छिन् । अघिल्लो वर्ष नै विभिन्न तीनवटा मितिमा प्रदर्शन हुने भनिएको चलचित्र ह्याप्पी डेजले अन्त्यमा आएर वैशाख १४ लाई प्रदर्शन मिति तोकिदियो, जुन मितिमा कोहलपुर एक्सप्रेस प्रदर्शन हुने घोषणा छ महिनाअघि नै गरिएको थियो । हालै आयोजित एक समारोहमा प्रियंकाले आफ्नो मनको वह पोख्दै भनिन्- ह्याप्पी डेजको मिति अझै एक पटक सारेर भए पनि कोहलपुर एक्सप्रेससँग नजुधाउँ भनेर मैले धेरै पटक अनुरोध गरें, तर निर्माताले यो मितिमा पनि प्रदर्शन नभए निर्देशकले सबै पैसा फिर्ता गर्नुपर्ने बताएपछि म चुप लाग्न बाध्य भएँ । आफूले अभिनय गरेका दुई चलचित्र एकै दिन प्रदर्शन हुने भएपछि प्रियंकालाई कुन चलचित्रको पक्षमा धेरै बोल्ने भन्ने कुराले पनि सकस परेको रहेछ । यसबीच प्रियंकाले अभिनय गरेका अन्य दुई चलचित्र शत्रुगते तथा लिलीबिली पनि सिनेमा हलबाट बाहिरिने सम्भावना कमै छ ।



## मिथुनजस्ता हमाल

राजेश हमाल अभिनेताका रूपमा लोकप्रिय भैरहँदा बलिउडमा मिथुन चक्रवर्तीको राम्रै क्रेज थियो । हमालभन्दा झन्डै १५ वर्ष जेठा मिथुनले बलिउडका चलचित्रमा डान्सिङ अभिनेताको क्रेज बनाएका थिए । मिथुनका चलचित्र हेरेर हुर्किएको नेपाली पुस्तालाई राजेश हमालले मोहनी लगाए । हमालले त्यो बेलाका मिथुनको जस्तै हेयर स्टाइल बनाएकाले पनि हमाललाई नेपाली मिथुनको ट्याग नलागेको होइन । अहिले आएर त्यो बेलाका दुई सुपरस्टार अर्थात मिथुन चक्रवर्ती र राजेश हमालको नाम र थरसँग मिल्दा-जुल्दो नाम भएका नयाँ अभिनेता नेपाली चलचित्रमा झुल्किएका छन् । उनको नाम हो– मिथुन हमाल । झट्ट हेर्दा राजेश हमाल र मिथुन चक्रवर्ती झैं देखिने मिथुन हमालले अघिल्लो साता घोषणा गरिएको चलचित्र 'प्रेम वाणी' मार्फत अभिनयको क्षेत्रमा पदार्पण गर्न लागेका हुन् ।

## लभमन्त्र



- डेटमा प्रेमी-प्रेमिकाले एक-अर्काको आँखा हेरेर कुरा गर्दा ऊ नर्भस छ कि उत्साहित छ भन्ने जानकारी हुन्छ ।
- जीवनमा जस्तै प्रेममा पनि उतार-चढाव आइरहन्छ र त्यही बेला थाहा हुन्छ कि एक-आपसमा कति माया गरिन्छ भनेर ।
- दिनहुँ भेट्न सकिँदैन भने फोनका माध्यमबाट भए पनि सम्पर्कमा रहनुपर्छ । अहिले त सामाजिक सञ्जालमार्फत पनि निरन्तर सम्पर्कमा रहन सकिन्छ ।
- प्रेममा आवश्यकताभन्दा बढी सकारात्मक हुनु पनि घातक हुनसक्छ र अलिकति पनि सकारात्मकता भएन भने त झन प्रेम नै हुँदैन ।
- कुनै समयमा बच्चा जस्तो भएर प्रेम गर्नुपर्छ भने कुनै बेला परिपक्वता पनि देखाउनु जरुरी छ ।
- साथीसंगीहरूको माझ एक-अर्कासँग कस्तो व्यवहार गरिन्छ भन्ने कुरा पनि निकै महत्वपूर्ण हुन्छ । त्यस्तो बेला कसैले कुनै गल्ती गर्‍यो भने व्यक्तिगत रूपमा सम्झाउन सकिन्छ । सबैका अगाडि प्याच्च टिप्पणी गर्नु उपयुक्त होइन ।
- एक-अर्काको प्रगतिको कारक बन्नुपर्छ ।

■ प्रदीप बास्तोला, नायक



तस्विर : करण धिमाल



# हिरो छान्दै कुसुम

कुनै बेला अभिनयमा रुचि नै छैन भन्दै चलचित्रबाट टाढा रहेकी कुसुम श्रेष्ठ अर्थात तरकारीवालीले अन्ततः अभिनयमा पाइला हालिन् । उनले अभिनय गरेको चलचित्र लम्फू प्रदर्शनको क्रममा छ । तरकारीवालीका रूपमा भाइरल भैरहेका बेला लम्फू युनिटले कुसुमलाई अभिनयको प्रस्ताव राखेको थियो । प्रस्ताव राखेको धेरै पछि मात्र उनी अभिनयका लागि तयार भएकी थिइन् । यद्यपि कुसुम अहिले अभिनय क्षेत्रका बारेमा सकारात्मक भैसकेकी छिन् । चलचित्र लम्फूले आयोजना गरेका सार्वजनिक कार्यक्रमहरूमा सहभागिता जनाएर आफ्ना धारणा व्यक्त गर्न थालेकी कुसुमले अहिले आएर राम्रो चलचित्रबाट प्रस्ताव आए अभिनयलाई निरन्तरता दिने बताउन थालेकी छिन् । अध्ययन र अभिनयलाई सँगै अघि बढाउने योजना बनाएकी कुसुम अभिनेता पुष्प खड्काकी प्रशंसक हुन् । पुष्पले अभिनय गरेका प्रत्येक म्युजिक भिडियो धेरै पटक हेरेकी कुसुमले पुष्पको जोडी बनेर चलचित्रमा अभिनय गर्ने प्रस्ताव आए तुरुन्तै तयार हुने बताएकी छिन् । यतिमात्र होइन कुसुमले अनमोल केसी, प्रदीप खड्का, पल शाह तथा सलिनमान बानियाँको अभिनय पनि मनपर्ने तथा उनीहरूको जोडीका रूपमा पनि काम गर्न मन लागेको बताएकी छिन् ।

# नृत्यमा अब्बल

सधैं मुस्कुराइरहने रेजिना क्षेत्री मिजासिली छिन् । कमल-६, झापाकी रेजिना मोडर्न, कल्चरल, आइटम तथा क्लासिकल नृत्यमा पारंगत मानिन्छिन् । झापा प्याप्सनले आयोजना गरेको नृत्य प्रतियोगितामा प्रथम भैसकेकी रेजिना मोडल सविता कार्कीबाट प्रभावित छिन् । कलाकारिताका अतिरिक्त उनी फेसन डिजाइनकी पनि सौखिन हुन् । भविष्यमा एयर होस्टेस बन्ने ध्याउन्नमा रहेकी रेजिना अभिनेत्री आँचल शर्मा तथा अभिनेता अनमोल केसीकी प्रशंसक हुन् । अध्ययन र कलाकारितालाई सँगसँगै अघि बढाइरहेकी रेजिनाले भनिन्- केही म्युजिक भिडियोमा काम गर्दैछु ।

सन्तोष राई





# अडानमा कायम अनमोल

अभिनेता अनमोल केसीले आफ्ना हरेक चलचित्रमा नयाँ-नयाँ अभिनेत्रीसँग अनस्क्रिन रोमान्स गर्ने अदृश्य अडानलाई आजको मितिसम्म कायमै राखेका छन् । फ्लोरमा जान लागेको आफ्नो नयाँ चलचित्र 'क्याप्टेन' मा पनि उनी दुई नयाँ अनुहारसँग देखिनेछन् । ड्रिम्समा साम्राज्ञी राज्य लक्ष्मी शाह, जेरीमा आना शर्मा, गाजलुमा सृष्टि केसी अनि कृमा अदिति बुढाथोकीसँग अनस्क्रिन रोमान्स गरेर दर्शकको मन जितेका अनमोलले क्याप्टेन भने उपासना सिंह तथा प्रियंका एमभीसँग रोमान्स गर्ने निश्चित भएको छ । भुवन केसीले निर्माण गर्ने यो चलचित्रको निर्देशन दीवाकर भट्टराईले गर्दैछन् । चलचित्र क्याप्टेन फुटबल खेलमा आधारित हुने तथा अनमोलले फुटबल खेलाडीको भूमिका निर्वाह गर्ने बताइएको छ ।

फटाफट

# बिग बजेटको चलचित्र निर्माण गर्दैछु

नेपाली रजतपटमा एक्सन, कमेडी, बायोपिक, लभस्टोरीजस्ता विविध धारका चलचित्र निर्देशन गर्ने निर्देशक हुन्– मिलन चाम्स । कुनै पनि चलचित्र राम्रो बन्न निर्देशक एक्लैको मात्र प्रयासले नहुने चाम्स बताउँछन् । गएको वर्ष चाम्सले ब्लाइन्ड रक्स, बोबी, ह्याप्पी डेज तथा लिलीबिली निर्देशन गर्न भ्याए ।

**लिलीबिलीले दर्शकको माया पाएकै हो ?**

हो, यो चलचित्र मनोरञ्जन र लभस्टोरीको प्याकेज भएकैले होला नेपाली दर्शकहरूले अत्यधिक मन पराउनुभयो ।

**तपाईंले धार परिवर्तन गर्नुभएको हो ?**

एउटा निर्देशकले सबै किसिमका चलचित्र निर्देशन गर्न सक्नुपर्छ । पहिले मैले एक्सन चलचित्र गरे त्यतिबेला मलाई एक्सन चलचित्रको ट्याग लागेको थियो । त्यही ट्याग मेट्न पनि मैले सबै किसिमका चलचित्र निर्देशन गरेको हुँ ।

**लिलीबिलीले लगानी सुरक्षित गऱ्यो त ?**

अहिले देखिएको बुकिङको हिसावले यो चलचित्रले आर्थिक रूपमा सफलता हात पारिसकेको छ । दर्शकहरू नेपाली निर्देशकले यस्तो चलचित्र पनि बनाउन सक्छन् भन्ने कुरा सोच्न र मनन गर्न बाध्य भएका छन् ।

**एकै वर्षमा चारवटा चलचित्र निर्देशन गर्नुभयो, यसबाट निर्देशकीय क्षमता खस्किने सम्भावना हुँदैन ?**

मेरो सवालमा त्यस्तो हुँदैन । चलचित्र निर्माण भनेको निर्देशक एक्लैको दिमाग र बलबुताको काम होइन । मैले एकसाथ चारवटा चलचित्रको काम गरे पनि त्यति धेरै तनाव महसुस गरिनँ ।

**आगामी दिनमा कस्ता चलचित्र निर्माण/निर्देशन गर्दै हुनुहुन्छ ?**

अबको मेरो काम भनेको थप राम्रो चलचित्र निर्माण गर्ने नै हो । अब छिट्टै विदेशको एउटा प्रोजेक्ट गर्दैछु अनि 'वीरविक्रम-२' त भैहाल्यो । वीर गोर्खाली, सगरमाथा र भगवान गौतम बुद्धलाई समेट्दै एउटा बिग बजेटको चलचित्र निर्माण गर्दैछु । अहिले हामी त्यसको प्रि-प्रोडक्सनमा छौं । यो मेरो ड्रिम प्रोजेक्ट पनि हो ।

प्रस्तुतिः सन्तोष राई



● मिलन चाम्स
निर्देशक

# मेरिल्यान्डमा सामूहिक इही



अमेरिकाको डिसी महानगर क्षेत्रमा २७ वर्षअघि स्थापना भएको नेपा पास पुचः अमेरिकाले १० औं इही (बेल विवाह) सामूहिक पूजा भव्यताको साथ सम्पन्न गरेको छ । मेरिल्यान्डको पोटोम्याक सहरस्थित हरे कृष्ण मन्दिरमा भएको १० औं सामूहिक इहीमा १३ जना कन्याको सामूहिक बेलविवाह गरिएको थियो ।

विजय थापा



# नवीना र आनन्द बने फेस अफ पोखरा

ब्ल्यू रेज प्रोडक्सनद्वारा पोखरामा आयोजित न्यू फेस अफ पोखराको उपाधि नवीना थापा तथा आनन्द गोदारले हात पारेका छन् । प्रतियोगिताको फाइनलमा पुगेका ९ जना प्रतियोगीमाझ उनीहरू उत्कृष्ट घोषित भएका हुन् । प्रतियोगितामा सना गुरुङ फस्ट रनर्सअप तथा रीतु मगर सेकेन्ड रनर्सअप भए । फाइनलमा पुगेका ९ जनालाई ३५ दिनको तालिमपश्चात् अन्तिम प्रतिस्पर्धामा उतारिएको थियो ।

राजाराम पौडेल

## संक्षेप

### हङकङमा मिस नेपाल



नेपाली महासंघको १९औं वार्षिकोत्सव कार्यक्रमका लागि मिस नेपाल २०१८ श्रृखला खतिवडा हङकङ जाने भएकी छिन् । वार्षिकोत्सवलाई भव्य र संगीतमय बनाउन राष्ट्रप्रेमका गीतहरू गाएर चर्चित बनेका गायक सुमित खड्का पनि हङकङ जाँदैछन् । उक्त कार्यक्रम वैशाख १६ गते हुनेछ । नेपाली संघसंस्थाहरूको छाता संगठन हङकङ नेपाली महासंघले हरेक वर्ष आफ्नो सफल वार्षिकोत्सव मनाउँदै आएको छ । कार्यक्रममा नेपाली समाजमा उत्कृष्ट काम गरेका प्रतिभाहरूलाई सम्मानसँगै राष्ट्रिय ख्याति प्राप्त कलाकारहरूको प्रस्तुति रहनेछ ।

अनोज रोक्का

### ट्यालेन्ट शोमा किड्स

टिएस फिल्म्सले आयोजना गरिरहेको किड्स क्यापिटल-२०१८ प्रतियोगिताका लागि छनौट भएका बालबालिकाहरूले काठमाडौंमा आयोजित एक समारोहमा आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् । ट्यालेन्ट शोका क्रममा उनीहरूले अभिनय, नृत्य, गायन, कविता वाचन, वक्तृत्व कला, खेल कौशल प्रदर्शनसहित आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए । प्रतियोगिताको फाइनल भोलि वैशाख १५ गते शनिबार हुँदैछ ।



### ब्रिटिस कलेज विजयी

ब्रिटिस अल्फा बेटा कप-२०१८ अन्तर कलेज फुटसल टुर्नामेन्टमा ब्रिटिस कलेज विजयी भएको छ । द ब्रिटिस कलेज तथा अल्फा बिटा इन्स्टिच्युटको संयुक्त आयोजनामा यही साता सम्पन्न प्रतियोगिता धन्यन्तरी फुटसलमा सम्पन्न भएको हो । विभिन्न विश्व विद्यालयका १६ अण्डर ग्रयाजुएट कलेजले उक्त प्रतियोगितामा सहभागिता जनाएका थिए । प्रतिस्पर्धी टिमबाट शीर्ष विजेता ब्रिटिस कलेज तथा उपविजेता किङ्स कलेज घोषित भएका छन् । प्रतियोगितामा ब्रिटिस कलेजका धीरज थापा सर्वश्रेष्ठ खेलाडी तथा सर्वश्रेष्ठ किपरमा तेन्जिङ सामडुप घोषित भए ।



## समर फेसन नाइट

एसश्री एन्जल्सले पोखरामा आयोजना गरेको समर फेसन नाइटमा पोखराका १५ जना मोडल सहभागी भए । कार्यक्रममा समर वेयरका अतिरिक्त साडी सेगमेन्टले समेत प्रशस्त प्रशंसा पायो । तीनवटा सिक्वेन्समा विभाजित यो फेसन शोको कोरियोग्राफी सञ्जु, संगीता र स्मिताले गरेका थिए । कार्यक्रमको थप आकर्षणका रूपमा गायन तथा नृत्य प्रस्तुति समेत रह्यो ।



# जुनियर ब्याटल-२०१८

काठमाडौंमा सम्पन्न जुनियर ब्याटल-२०१८ मा आयुषा थापाले सिनियरतर्फको शीर्ष उपाधि जितेकी छिन् भने जुनियरतर्फको शीर्ष उपाधि भ्युसालोनी सुब्बाले हात पारिन् । उक्त प्रतियोगितामा सिनियरतर्फ अवेश उराउ फस्ट रनर्सअप तथा हिमेश शाक्य सेकेन्ड रनर्सअप घोषित भए भने जुनियरतर्फ फस्ट रनर्सअपको उपाधिमा जेनियाँ तामाङले तथा सेकेन्ड रनर्सअपको उपाधिमा कुसुम राणाले कब्जा जमाए ।

# पोखरामा पुस्तक साटासाट

विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस पोखरामा पुस्तक साटासाट गरी मनाइयो । र्‍यान्डम रिडर्स सोसाइटी अफ नेपालको उक्त कार्यक्रम पठन संस्कृतिको विकास गर्ने उद्देश्यले आयोजना गरिएको र्‍यान्डम रिडर्स सोसाइटी अफ नेपालका अध्यक्ष केशवशरण लामिछानेले बताए । कार्यक्रममा राजनीति, पत्रकारिता, शिक्षा, स्वास्थ्य, समाजसेवा, व्यवसाय आदि क्षेत्रमा आबद्ध व्यक्तिहरूको सहभागिता थियो ।

## नर्सिङ आइडल



नर्सिङ पेसामा आबद्ध तथा अध्ययनरत स्वास्थ्य परिचारिकाहरूको सौन्दर्य एवं बौद्धिकताको प्रतियोगिता नर्सिङ आइडलका प्रतियोगीहरूले ट्यालेन्ट शोमा सहभागी हुँदै आफ्नो प्रतिभा प्रदर्शन गरेका छन् । त्यस क्रममा प्रतियोगीहरूले नृत्य, गायन, अभिनय, चित्रकला र वक्तृत्व कलामार्फत आ-आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए । अमेजोन इन्टरटेन्मेन्टले आयोजना गरिरहेको यो प्रतियोगिताको ग्रान्ड फिनाले वैशाख १८ गते मंगलबार हुँदैछ ।

# मिस्टर इन्टरनेसनलमा साजिद



२४ वर्षीय साजिद आलाम मिस्टर इन्टरनेसनल-२०१८ मा नेपालका तर्फबाट सहभागी हुन म्यानमार प्रस्थान गरेका छन् । विराटनगर निवासी साजिद पेसाले विज्ञापन व्यवसायी हुन् । साजिदले साउथ एसिएन स्कुल अफ टुरिज्म एन्ड होटल म्यानेजमेन्टबाट बीबीएसम्मको अध्ययन पूरा गरेका छन् । वैशाख १७ गते म्यानमारको राजधानी याङगोनमा सञ्चालन हुने १२ औं संस्करणको मिस्टर इन्टरनेसनलमा नेपाललगायत विश्वका ३७ मुलुकका प्रतिस्पर्धीहरूको सहभागिता छ ।


रोजिन शाक्य


# सुजाता मिस ग्ल्याम वर्ल्डमा


मिस ग्ल्याम वर्ल्ड-२०१८ मा नेपालका तर्फबाट सहभागिता जनाउन सुजाता राउत भारततर्फ प्रस्थान गरेकी छिन् । पेगासस इभेन्ट प्रोडक्सन कम्पनीको आयोजनामा भारतको केरलाको कोचीमा सञ्चालन हुने उक्त प्रतियोगितामा नेपाललगायत दुई दर्जनभन्दा बढी मुलुकका युवतीको सहभागिता छ । प्रतियोगिताको फाइनल आज वैशाख १४ गते सञ्चालन हुँदैछ । प्रतियोगिताका लागि सुजाताको सहभागिताको संयोजन तथा व्यवस्थापन इभेन्ट बेटर ग्यालेक्सी इन्टरटेनमेन्टले गरेको हो ।




पहिलो विश्व







# याकी ब्वाइको बडी क्रेज

याकी ब्वाइको क्रेज अहिले सामाजिक सञ्जालमा बढ्दै गएको छ। उनको क्रेज बढ्नुको मुख्य कारण उनको शरीरभरि रहेको टाटु र भीमकाय शरीर नै हो। याकी ब्वाइ उनले आफैंले राखेको नाम हो। उनी सामाजिक सञ्जालमा मुस्लिम सिपाहीका रूपमा लोकप्रिय छन्। उनी आफूलाई मुस्लिम सिया सिपाही भन्छन्। उनको शरीर र संगतकै कारण अस्ट्रेलियाको प्रहरीले उनी कुनै ठूलो आपराधिक समूहका सदस्य हुन् कि भनेर शंकासमेत गरिरहेको छ। किनभने उनका केही घनिष्ठ साथी भूमिगत आपराधिक समूहमा सक्रिय छन्। उनले आफूलाई बेला-बेलामा एके-४७ बन्दुक तथा अन्य हतियार बोकेको तस्बिरलाई सामाजिक सञ्जालमा अपलोड गर्ने उनी माथिको शंका बढेको हो। यद्यपि याकी आफ्नो परिवारसँग बस्छन् र केही तस्बिरमा उनले आफुलाई परिवारिक रूपमा समेत प्रस्तुत गरेका छन्।



## चिकेनकरीसँग विवाह प्रस्ताव

बेलायतको नर्थम्टनस्थित एक रेस्टुराँले आफूले बनाएको सर्वाधिक मीठो चिकेन करीको विवाह गराउन खोजेको कुरा बताएको छ। सेफ्रोन रेस्टुराँका मालिक नाज इस्लामले आफ्नो रेस्टुराँमा तयार हुने म्याङ्गो चिकेन करीको विवाह गर्न उचित व्यक्तिको खोजी गरिरहेको जनाएका छन्। यदि कसैले यो चिकेन करीसँग विवाह गरे ती व्यक्तिलाई एक वर्षसम्म उक्त करी निःशुल्क दिने प्रस्तावसमेत गरिएको छ। यो तथ्य खानेकुरासम्बन्धी एक ब्लगरले सार्वजनिक गरेपछि चर्चामा आएको हो। रेस्टुराँले चिकेन करीसँग विवाह गर्ने व्यक्ति फेला परे भव्य रूपमा विवाह सम्पन्न गर्ने पूर्वतयारी पनि गरिसकेको बताइन्छ।




## बार्बी बनेपछि आत्मविश्वास बढ्यो

क्यान्सर रोगको उपचार गर्ने क्रममै आफ्नो शरीर परिवर्तन गर्ने सोच बनाएकी एक युवती अहिले जीवित बार्बी डलमा परिणत भएकी छिन्। ३४ वर्षीया केथी रोसलाई दुई वर्षअघि क्यान्सर भएको थियो। क्यान्सर रोगलाई जित्दै जाने क्रममा उनले आफ्नो शरीरलाई परिवर्तन गर्ने सोच बनाइन्। क्यान्सर रोगको खर्चिलो उपचारबीच शरीरलाई परिवर्तन गर्नु अर्को खर्चिलो कार्य थियो। यद्यपि पहिल्यैदेखि वयस्क धनाढ्य प्रेमी (सुगर ड्याडी) सँग बस्दै आएकी केथीको सपना तिनै प्रेमीले पूरा गरी दिएका हुन्।

केथीले आफूलाई जीवित बार्बी डल बनाउन ओठ, स्तन र पुठ्ठाको शल्यक्रिया गराइन् भने त्यसका लागि करिब साढे ४१ लाख रुपैयाँ खर्च भयो। उक्त रकम उनका सुगर ड्याडीले तिरेपछि उनी जीवित बार्बी भइन्। उनले ओठ, स्तन र पुठ्ठामा ल्याएको परिवर्तनप्रति उनका सुगर ड्याडी मोहित छन् भने केथी पनि आफ्नो ग्ल्यामर बढेकोमा थप आत्मविश्वासी भएकी छिन्।



## निर्वस्त्र सफाइको माग

युरोपका केही मुलुकमा निर्वस्त्र भएर घरको सफाइ गर्ने कर्मचारीहरूको माग बढिरहेको छ। कतिपय कम्पनीहरूले निर्वस्त्र भएर सफाइ गर्न चाहने कर्मचारीहरूको आह्वान पनि गर्न थालेका छन्। गत वर्षको तुलनामा घर सफा गर्न लगाउने घरधनीहरूको स्वभावमा परिवर्तन समेत आउन थालेको छ। विगतका वर्षमा पातला युवतीहरू निर्वस्त्र भएर घर सफाइमा लागेकोमा अहिले घरधनीहरूले मोटाघाटा महिलाहरूको माग गर्न थालेका छन्। घरधनीहरू यस्ता सफाइ कर्मचारीलाई घण्टाको साढे ४ हजारदेखि साढे ६ हजार रुपैयाँसम्म तिर्न राजी छन्। पुरुष घरधनीहरू महिला कर्मचारी तथा महिला घरधनी पुरुष कर्मचारीलाई प्राथमिकता दिइरहेका छन्।

# सुनको पासो

● जनक तिमिल्सिना/अनिल श्रेष्ठ



१ माघमा संयुक्त अरब इमिरेट्स (युएई) बाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै साढे ३३ किलो तस्करीको सुन काठमाडौं भित्रियो । विमानस्थलको कडा सुरक्षा घेराबाट पार गराइएको सुन काठमाडौं त झर्‍यो, तर त्यसपछि उक्त सुन सम्बन्धित व्यक्तिसम्म नपुगेर बीचमै हरायो ।

त्यसयता सुनसँग जोडिएका एक जनाको हत्या भएको छ भने दुई जनाले आत्महत्या गरेको भनिएको भएपनि उनीहरूको शंकास्पद मृत्युको कारण खुल्न सकेको छैन् । यो सुन तस्करी प्रकरणसँग जोडिएर 'हाइप्रोफाइल' प्रहरी अधिकारीदेखि केही कहलिएका व्यवसायीहरू पनि अनुसन्धानमा तानिएका छन् । हराएको साढे ३३ किलो सुन अहिलेसम्म फेला परेको छैन् ।

तस्करीको सुन तोकिएको व्यक्तिसम्म नपुगी बाटैमा हराएपछि घटनाले नाटकीय मोड लियो । त्यसपछि तस्करीमा संलग्न गिरोहले सुन खोज्ने नाममा ओसार-पसारमा संलग्न एकजनाले टर्चरका कारण आत्महत्या गर्न बाध्य भए भने अर्का एकजना भरियाको यातनाका कारण मृत्यु हुन पुग्यो । शंकास्पद रुपमा पक्राउ परेका एक जनाले प्रहरी हिरासतमा आत्महत्या गरेको बताइएको छ । तर, उनको पनि हत्याको कारणबारे छानविन भइरहेको छ ।

१८ फागुनमा सुन तस्करीका भरिया सनम शाक्यको हत्यासँगै उक्त ठूलो परिमाणको सुन तस्करीसम्बन्धी घटना सार्वजनिक भएको थियो । त्यसपछि विमानस्थलमा संगठित रूपमा सेटिङ मिलाएर काठमाडौंमा ठूलो परिमाण सुन भित्र्याइएको घटनामाथि अनुसन्धान अघि बढ्यो । झन्डै दुई महिनाको अनुसन्धानपछि उक्त घटनाको लहरो हाइप्रोफाइल व्यवसायीदेखि उच्च प्रहरी अधिकारीसम्म जोडिन पुग्यो ।

भरियाको हत्या र सुन तस्करीमाथि अनुसन्धान गर्न सुरुमा प्रहरी प्रधान कार्यालयले डिआईजी पुष्कलराज रेग्मीको नेतृत्वमा छानबिन समिति बनाएको थियो, तर उक्त सुन तस्करीमा केही उच्चपदस्थ प्रहरी अधिकृतहरूको पनि संलग्नता हुन सक्ने सम्भावना देखिएपछि नेपाल सरकारले सहसचिव ईश्वर पौडेलको नेतृत्वमा सुन तस्करी र भरिया हत्या प्रकरणको छानबिन गर्न विशेष छानबिन समिति बनायो ।

उक्त समितिले तस्करहरूसँग मिलेमतो गरेर सुन भित्र्याइएको निष्कर्ष निकाल्दै त्रिभुवन विमानस्थलका तत्कालीन प्रहरी प्रमुख डिआईजी गोविन्द निरौलालाई पक्राउ गरिसकेको छ । निरौला सुनकाण्डमा जोडिएर पक्राउ पर्ने अहिलेसम्मकै उच्च प्रहरी अधिकारी हुन् । वैशाख ९ गते पक्राउ परेका निरौलाको सम्बन्ध उक्त सुन तस्करी काण्डका मुख्य योजनाकार भनिएका चूडामणि उप्रेती 'गोरे'सँग रहेको छानबिन समिति स्रोत बताउँछ । गोरे नेपालमा सुन तस्करीका मास्टरमाइन्ड मानिन्छन् । विगत ७ वर्षदेखि सुन तस्करीमा सक्रिय गोरेको सम्बन्ध प्रहरीका उच्च अधिकारीहरूसँग रहेकाले उनी सेटिङमा सुन नेपाल भित्र्याउन संगठित रूपमा सक्रिय रहेको बताइन्छ ।

सम्भवत: अहिलेसम्मकै सबैभन्दा बढी मानिस मुछिएको सुन तस्करीको यो घटनामा अहिलेसम्म २६ जना पक्राउ परिसकेका छन् भने २१ जनालाई प्रहरीले खोजी गरिरहेको छ । त्यस्तै, सरकारले बनाएको समितिले सुन तस्करीमा संलग्न रहेको आशंकामा ३८ जनाको बैंक कारोबार तथा खाता रोक्का गरिदिएको छ । अनुसन्धान सफल भए यो सूचीमा थप केही हाइप्रोफाइल नाम सामेल हुने अनुसन्धानमा संलग्न अधिकारीहरू बताउँछन् ।

### डेढ महिनापछि ट्वीस्ट

माघको दोस्रो साता ल्याइएको तस्करीको सुन हराएपछि फागुन १५ गते सुन लुकाएको आशंकामा तस्कर गिरोहले तीनजना भरिया उर्लाबारी, मोरङका सनम शाक्य, मोहन काफ्ले र कृष्ण भनिने नरेन्द्र कार्कीको अपहरण गर्‍यो । अपहरणपछि विराटनगर पुर्‍याइएका उनीहरूलाई पोल खोल्न दबाव दिँदै करेन्ट लगाएर यातना दिने क्रममा सनम शाक्यको मृत्यु भयो । उनको शवलाई व्यवस्थापन गर्ने जिम्मेवारी काभ्रेका ड्राइभर टेकराज मल्ल तथा अपहरण गरिएका अन्य दुई जना भरियालाई दिइएको थियो ।

यातनाका क्रममा मृत्यु भएका सनम शाक्यको शव लुकाउन लैजाने क्रममा १९ फागुनमा महानगरीय प्रहरी अपराध महाशाखा, काठमाडौं र मोरङबाट खटिएको टोलीले विराटनगर, पोखरिया कन्या मार्गबाट बरामद गरेको थियो । मुलुकभित्रै शव 'डिस्पोज' गर्दा घटनाबाहिर आउने डरले घटनामा संलग्नले शव नेपाली सीमा कटाएर भारतमा 'डिस्पोज' गर्न खोजेका थिए । प्रहरीले स्कोरपिओ र त्यसकै पछाडि गुडिरहेको मे १ च ५३९५ नम्बरको टाटा गाडीलाई नियन्त्रणमा लिएर शव 'डिस्पोज' गर्न हिँडेका तीन जनालाई नियन्त्रणमा लिएको थियो ।

मल्लले चलाएको बा १२ च ५९६३ नम्बरको स्कोरपिओ चालक काभ्रेका मल्ल, मोहन र नरेन्द्र पक्राउ परे । सोही स्कारपियो जिपको डिक्कीमा तौलिया र मेट्रेसले बेरेको अवस्थामा सनमको लास भेटियो । तिनै जनालाई पक्राउ गरेर अनुसन्धान गर्ने क्रममा साढे ३३ केजी सुन तस्करीको रहस्य सतहमा आयो । मोरङका एसपी अरुणकुमार बिसीका अनुसार हत्या गरिएका शाक्यसहित काफ्ले र कार्कीलाई उप्रेतीले लामो समयदेखि सुन तस्करीमा सहयोग गर्ने भरियाका रूपमा प्रयोग गरिरहेको खुलेको छ ।

महानगरीय अपराध महाशाखाका डिएसपी प्रजित केसीको नेतृत्वमा सई बालकृष्ण सन्जेलसहित विराटनगर पुगेको टोलीले धरानमै उक्त लास पक्राउ परे पनि विराटनगर पुर्‍याउन सहयोगी भूमिका खेलेको आरोप लागेको छ । अपराध महाशाखाले कार्यक्षेत्र नाघेको विषयमा पनि छानबिन समितिमा कुरा उठेको छ । यद्यपि छानबिन समितिलाई महानगरीय अपराध महाशाखाका तत्कालीन प्रमुख दिवेस लोहनीले प्रहरी प्रधान कार्यालयको आदेशमा आफूहरूको टिम विराटनगर पुगेको बयान दिएका छन् ।

### उच्च प्रहरी अधिकारी पनि तानिए

सुन तस्करीमा अनुसन्धानका क्रममा तत्कालीन डिआईजी, बहालवाल एससपी, डिएसपी र सईसमेत यो घटनामा तानिएका छन् । घटनालाई ढाकछोप गर्न र सुन तस्करलाई लुकाउन प्रहरीले महत्वपूर्ण भूमिका खेलेको आरोप छ ।


छानबिनका क्रममा प्रहरीले विमानस्थलमा कार्यरत तत्कालीन डिआईजी गोविन्द निरौलालाई पक्राउ गरेको छ । सुन तस्करीका मास्टरमाइन्ड गोरेसँग सम्बन्ध देखिएपछि उनलाई बयानका लागि विराटनगर लगिएको छ ।

बयानका क्रममा निरौलाले गोरेसँग आफ्नो पारिवारिक सम्बन्ध भएका कारण सम्पर्कमा रहेको बताएका छन् ।

घटनामा मुछिएपछि मंगलबार मकवानपुरका एसपी विकासराज खनाललाई समेत पक्राउ परेका छन् । स्रोतकाअनुसार विकास प्रहरी हेडक्वार्टरमा तान्ने तयारी भइरहेकै बेला पक्राउ परेका हुन् । यस्तै, मंगलबारै बयानका लागि बोलाइएका डिएसपी सन्जय राउत फरार भएका छन् । उनलाई समितिकै केही सदस्यले रहस्यमय तरिकाले भगाएको गृहका एक अधिकारी बताउँछन् । उनीहरू दुवैको गोल्ड डन भनिने गोरेसँगको सम्पर्क भेटिएको समिति स्रोतको दाबी छ ।

यस्तै, कार्यक्षेत्र बाहिर गएर अनुसन्धानमा संलग्न भएकोमा शंकास्पद देखिएपछि महानगरीय अपराध अनुसन्धान महाशाखाका प्रमख एसएसपी दिवेश लोहनी, डीएसपी प्रजित केसी तथा सईद्वय बालकृष्ण सञ्जेल र गजेन्द्र रावल हेडक्वार्टरमा तानिएका छन् । महाशाखाबाट हेडक्वार्टर तानिएका उनीहरू चारै जनासँग गृहको छानबिन

## तीन जनाको मृत्यु



कुनै फिल्मजस्तो लाग्ने सुन तस्करीको यो घटना विभिन्न 'ट्विस्ट र टर्न'ले जेलिएको छ । सुन लुकाउनेहरूसँग मिलेको आशंकामा सनमलाई अपहरण गरेर सुन तस्करहरूको गिरोहले कुरा खोल्न करेन्ट लगाएका थिए । त्यही क्रममा उनको मृत्यु भएको थियो ।

सनमको हत्यासँगै सुन तस्करी काण्डसँग जोडिएका शंकास्पद थप दुई जनाले समेत ज्यान गुमाइसकेका छन् । सुन तस्करीमा संलग्न रहेको अभियोगमा पक्राउ परेका नेपाल एयरलाइन्सका लोडर प्रेमलाल चौधरीले ३० चैतमा सिंहदरबार वृत्तको प्रहरी हिरासतमै रहस्यमय तरिकाले आत्महत्या गरे । घटनामा संलग्न भनिएका थाइ एयरवेजका वरिष्ठ टेक्निसियन सानु बनको भने २२ माघमा त्रिभुवन विमानस्थलमा गुडिरहेको टंयाकरले कुल्चिएर रहस्यमय मृत्यु भएको थियो । ती दुवै प्रकरण हत्या वा दुर्घटना के हो ? रहस्यमै छ ।

## २६ जना पक्राउ

सनम हत्या तथा तस्करीमा संलग्न २६ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ, जसमा प्रहरीका उच्च अधिकारीदेखि राजनीतिक दलका नेतासम्म छन् । प्रहरीले तत्कालीन विमानस्थलको सुरक्षाको कमाण्ड सम्हालेका नेपाल प्रहरीका पूर्व डिआईजी गोविन्द निरौला, बहालवाला एसपी विकासराज खनाल र राप्रपा प्रजातान्त्रिकका नेता भुजुङ गुरुङ पक्राउ गरेर अनुसन्धान जारी राखेको छ । गुरुङले तस्करीका लागि विमानस्थलमा सेटिङ मिलाउन भूमिका खेलेको र निरौलाको सुन तस्कर गोरेसँग सम्पर्क देखिएपछि पक्राउ गरिएको बताइएको छ । १७ फागुनमा धरानको जंगलमा मारिनुअघि सनमले बोलेको भिडियोमा पनि निरौलाको नाम लिइएको प्रहरी निकट स्रोत बताउँछ ।

### पक्राउ परेकाहरु

१. चाचाजी भनिने महावीर गोल्यान
२. सम्प्रवीरप्रसाद तोलाङ्गे
३. माधव भनिने मदनप्रसाद घिमिरे
४. गोपालकुमार श्रेष्ठ
५. दोराम खत्री
६. बालकृष्ण श्रेष्ठ
७. वीरेन्द्रमान श्रेष्ठ
८. लाक्पा शेर्पा
९. कपिलराज पुरी
१०. हेमन्त गौतम
११. पुण्यप्रसाद लामा(तक्लु)
१२. एलबी मगर
१३. राजु महर्जन
१४. भुजुङ गुरुङ
१५. टेकराज मल्ल ठकुरी
१६. मोहन काफ्ले
१७. नरेन्द्र कार्की 'कृष्ण'
१८.अमरमान डंगोल
१९. तुलराम थारु
२०. राजेन्द्र कुँवर
२१. राजेन्द्र शाक्य
२२. राजनकुमार

### पक्राउ परेका प्रहरी

२३. गोविन्द निरौला (पूर्व डिआईजी)
२४. विकासराज खनाल– एसपी
२५. बालकृष्ण सन्जेल– सई
२६. गजेन्द्र रावल– सई

### अनुसन्धानमा तानिएका प्रहरी अधिकारी

१. दिवेस लोहनी– एसएसपी
२. श्याम खत्री– एसएसपी
३. प्रजित केसी– डिएसपी
४. सञ्जय राउत- डिएसपी (फरार)



समितिले बयान लिइरहेको छ । सई सञ्जेल र गोरेबीच मामा-भान्जाको साइनो रहेको बताइन्छ । अहिले सईद्वय सन्जेल र रावललाई प्रहरी हिरासतमा राखेर छानविन भैरहेको छ । गृह स्रोतका अनुसार प्रहरीका थप केही उच्च अधिकारी पनि यो घटनामा तानिन सक्ने सम्भावना छ ।

## दुई छानबिन समिति

३३ किलो सुन तस्करी र सनम शाक्य हत्यापछि प्रहरी प्रधान कार्यलयले डिआईजी रेग्मीको नेतृत्वमा चार सदस्यीय छानबिन समिति बनायो । सुन तस्करीमा प्रहरीको पनि संलग्नता हुन सक्ने भन्दै सरकारले सहसचिव ईश्वर पौडेल नेतृत्वको नौ सदस्यीय छानबिन समिति बनाएको छ । समितिले पहिलो चरणको छानबिन सकेर दोस्रो तहमा छानबिनको प्रक्रिया अगाडि बढाएको छ । स्रोतकाअनुसार प्रहरीको छानविन समितिले हत्या तथा तस्करीसँग जोडिएको घटनालाई निष्पक्ष रुपमा छानविन गर्न नसक्ने देखिएपछि सरकारले अर्को समिति बनाएको हो । सरकारले समिति बनाउनुपूर्व विमानस्थलमा वर्षौंदेखि हुने ठूलो मात्राको सुन तस्करीका विषयमा प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रामबहादुर थापालाई राखेर एकजना प्रहरीका डिएसपीले प्रिजेन्टेसन नै दिएका थिए । प्रधानमन्त्री ओली र गृहमन्त्री थापा उनको प्रिजेन्टेसनबाट कन्भिन्स भएपछि छानविन समिति बनाइएको हो । स्रोत भन्छ, 'प्रधानमन्त्रीले नै जो तानिए तानिन्छन्, समिति बनाएर निष्पक्ष अनुसन्धान गर्नुहोस भनेपछि यो अनुसन्धान यति अगाडि बढेको हो ।' त्यही प्रिजेन्टेसनपछि गृहमन्त्री थापाले टनका टन सुन विमानस्थलबाट तस्करी हुने कुरा सार्वजनिक रूपमा बताएका थिए ।

## मुख्य रुट

नेपालमा युएई, कतार, हङकङ र चीनबाट सुन तस्करी हुने गरेको छ । प्रहरीका अनुसार सुन तस्करीमा तीनवटा लेयरमा हुन्छ । पहिलो लेयरमा भएका मालिकहरूले माथि उल्लेखित देशहरूबाट सुन काठमाडौंसम्म पुऱ्याउँछन् । त्यसपछि काठमाडौंमा रहेका स्थानीय भरियाहरू सक्रिय भएर सुन नेपाली पसल तथा भारतको सिमानासम्म पुऱ्याइन्छ । नेपाली बजारमा मागअनुसार पर्याप्त सुन आपूर्ति नहुने हुँदा केही यहींका व्यापारीले उक्त सुन किन्छन् । यद्यपि नेपाली बजारभन्दा सुन तस्करहरूको आँखा भारतीय बजारमा हो । त्यहाँ सुन पुऱ्याउन सुनवल, वीरगन्जजस्ता खुला सिमानाको फाइदा उठाइन्छ ।

*अबुधावी-काठमाडौं-भारत*
*तिब्बत-तातोपानी-काठमाडौं-भारत*
*तिब्बत-केरुङ-काठमाडौ-भारत*

## सेटिङ भत्काउन कर्मचारी सरुवा

गृहमन्त्री रामबहादुर थापाले मन्त्री भएलगत्तै विमानस्थलबाट 'टनका टन सुन तस्करी' हुने भनाइ सार्वजनिक गरे । गृहकै जिम्मेवारी सम्हालेका मन्त्रीको उक्त भनाइ सार्वजनिक भएपछि उनको आलोचनासमेत भयो । कतिपयले त गृहमन्त्रीको उक्त भनाइलाई लोकप्रिय बन्ने माध्यमसमेत भने ।

गृहमन्त्रालय निकट स्रोतका अनुसार त्रिभुवन विमानस्थलबाट ठूलो परिमाणमा सुन भित्रिने गृहमन्त्रीको भनाइ पपुलिस्ट हुनका लागि मात्र थिएन । त्यसमा सत्यतासमेत रहेको गृहस्रोत बताउँछ । पछिल्लो अनुसन्धानका क्रममा पनि करोडौं मूल्यको सुन विमानस्थलबाट सेटिङमार्फत भित्रिने देखिएको छ । गृहमन्त्री थापाको आग्रहमा विमानस्थलका २३ जना कर्मचारीलाई राजधानी बाहिर सरुवा गरिएको छ । त्यसअघि सामान्य प्रशासनले पनि सेटिङको जालो भत्काउन ३० जना कर्मचारीलाई बाहिर सरुवा गरेको थियो । 'अहिले विमानस्थलमा रहेको सुन तस्करीको सेटिङ लगभग ध्वस्त भएको छ,' गृहका एक उच्च अधिकारी भन्छन्, 'अहिले मालपोल, नापी आदि मालदार ठाउँमा नबसेका कर्मचारीलाई विमानस्थलमा पठाइएको छ ।'

## अनौठा शैली

सुन तस्करीमा अनौठा शैलीहरू प्रयोग हुन थालेको घटनाक्रमले देखाउँछन् । ५ वैशाखमा ६० तोला सुनसहित एक भारतीय नागरिक विमानस्थलमा पक्राउ गरे । झन्डै करिब ३४ लाख बराबरको उक्त सुन उनले जुत्तामा लुकाएर ल्याएका थिए । त्यसको चार दिनपछि ९ वैशाखमा भारतीय नागरिक महेश रामचन्द्रम २ किलो झोल सुनसहित पक्राउ परे । उनले दुबईबाट आफूले लगाएको बेल्टमा उक्त झोल सुन ल्याएका थिए । यसअघि केरुङतिरबाट सुन तस्करी गर्नेहरूले गाडी तथा मोटरसाइकलमा लुकाएर सुन ल्याउने गरेका थिए भने त्रिवि विमानस्थलबाट लगेजहरूमा विभिन्न शैलीमा सुन ल्याइँदै आएको छ ।



# ३८ जनाको सम्पत्ति रोक्का

प्रहरीले चैत २६ गते अनुसन्धानका लागि ३८ जनाको सम्पूर्ण कारोबार रोक्का गर्न अदालतसँग आदेश मागेको थियो । अदालतले चैत २६ गते नै अनुसन्धानका लागि ३८ जनाको बैंक खाता, जग्गालगायत सम्पत्ति रोक्का गर्न संगठित अपराध निवारण ऐन २०७० को दफा १६ अनुसार अदालतले रोक्का गर्न अनुमति दिएको हो ।

पक्राउ परेका २२ सहित प्रहरीको खोजी सूचीमा रहेका चूडामणि उप्रेती (गोरे), रमेश उप्रेती, नर्वदा खरेल उप्रेती (निरु), मोहनकुमार अग्रवाल (एमके), रक्षा भण्डारी, प्रयास पराजुली, रोहित आचार्य, कृष्ण बस्नेत, मोहमद उस्ताम मियाँ (रुस्तम), भविन राई (बोलाउने नाम भविन तामाङ), कमल कार्की, सन्दीप खड्का, चेतन भण्डारी, सुनिल अग्रवाल, प्रमोद श्रेष्ठ, डोलेन्द्रप्रसाद खरेल, दावा शेर्पा, भोजराज भण्डारी, दुर्गा खरेल (उप्रेती), भीमकुमारी खरेल, सुरेन्द्र गौतमको सम्पूर्ण कारोबार रोक्न अदालतले अनुमति दिएको हो ।

# प्रहरीको खोजीमा रहेकाहरू

१. मोहनकुमार अग्रवाल (एमके)
२. चूडामणि उप्रेती (गोरे)
३. रमेश उप्रेती
४. नर्वदा खरेल उप्रेती (नीरु)
५. दुर्गा खरेल (उप्रेती)
६. भीमकुमारी खरेल
७. डोलेन्द्रप्रसाद खरेल
८. कृष्ण बस्नेत
९. मोहमद उस्ताम मियाँ (रुस्तम)
१०. भविन राई (बोलाउने नाम भविन तामाङ)
११. कमल कार्की
१२. सन्दीप खड्का
१३. चेतन भण्डारी
१४. सुनिल अग्रवाल
१५. प्रमोद श्रेष्ठ
१६. रोहित आचार्य
१७. दावा शेर्पा
१८. भोजराज भण्डारी
१९. रक्षा भण्डारी
२०. प्रयास पराजुली
२१. सुरेन्द्र गौतम

# पछिल्ला ६ वर्ष बरामद तस्करीको सुन


८३ किलो
२०६९/७०


९० किलो
२०७०/७१


१११ किलो
२०७१/७२


६८ किलो
२०७२/७३


९१ किलो
२०७३/७४


१६० किलो
२०७४/७५ (चैत्र मसान्तसम्म)

स्रोत : नेपाल प्रहरी

# को हुन गोल्ड डन 'गोरे' ?



उर्लाबारीका चूडामणि उप्रेतीलाई 'गोरे' का रूपमा चिनिन्छ । सुन तस्करी काण्डमा उनलाई प्रहरीले मोस्टवान्टेडको सूचीमा राखेर खोजी गरिरहेको छ । चूडामणि सात वर्षदेखि सुन तस्करी सक्रिय रहेको प्रहरी बताउँछ ।

हत्या गरिएका शाक्य र पक्राउ परेका काफ्ले तीन वर्षदेखि गोरेको सहयोगीका रूपमा कार्यरत थिए । कार्की भने एक वर्षदेखि उनको गाडी चालकका रूपमा कार्यरत थिए । उप्रेती पूर्व फुटबलर पनि हुन् । फुटबल खेल्न छाडेर उनी भारतीय सेनामा भर्ना भए । त्यसपछि उनी नेपाल फर्केर नेपाली सेनामा पनि कार्यरत रहेका थिए । तर, त्यहाँबाट भागेर उनी दुबईको अवुधावी पुगेर त्यहाँको प्रहरीको काम गर्न थाले । त्यही क्रममा उनको सुन माफियासँग सम्पर्क भएको बताइन्छ ।

उनका बारेमा जानकारी राख्ने एक युवाका अनुसार पाँच वर्ष दुबई बसेर उनी त्यहींबाट सुन तथा हुन्डीको कारोबारमा संलग्न हुन थाले । त्यसपछि नेपाल फर्किएर दुबई, सिंगापुर आदि मुलुकबाट पठाइएका सुन नेपालका विभिन्न ठाउँमा सप्लाई गर्ने धन्दामा समेत उनको सक्रियता रहँदै आएको बताइन्छ ।

'पहिले उहीं बसेर सुन पठाउने काम गरेको पाइयो,' घटनाको अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले भने, 'पछि ऊ आफैं नेपाल फर्किएर सुन तस्करी गर्न थालेको पत्ता लाग्यो ।' स्रोतका अनुसार मोस्टवान्टेड हुँदाहुँदै पनि प्रहरीका उच्च अधिकारीहरूसँग पनि उनको बाक्लो उठबस थियो ।

अपराध

# मनोज पुन कनेक्सन

## अपराधयात्रामा राजनीति र अन्तर्राष्ट्रिय कनेक्सन

विदेशमा लुकेर अन्डरवर्ल्ड शैलीमा हत्या, अपहरण तथा फिरौतीको अपराध साम्राज्य चलाइरहेका गुण्डा नाइके मनोज पुन प्रहरी इन्काउन्टरमा मारिएको दुई महिना भएको छ। फागुन ९ गते रुपन्देहीको देवदहमा प्रहरी इन्काउन्टरमा मारिएका पुनको अपराध साम्राज्यमाथिको अनुसन्धान भने पूरा भैसकेको छैन। प्रहरीले उनको राष्ट्रिय/अन्तर्राष्ट्रिय कनेक्सनलाई गहिरो रूपमा केलाइरहेको बताएको छ।

हामीले उनको नेसनल/इन्टरनेसनल नेटवर्क र कनेक्सनमाथि गहिरो अनुसन्धान गरिरहेका छौं, रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरिक्षक (एसपी) श्याम ज्ञवालीले साप्ताहिकसँग भने, अहिलेसम्म २५/२६ जना पक्राउ परिसकेका छन्। थप अनुसन्धान जारी छ, अझै केही समय लाग्न सक्छ। ज्ञवालीले प्रहरीले उनको थप कनेक्सन पनि पर्दाफास गर्ने गरी काम गरिरहेको बताए।

पुनबाट बरामद ल्यापटप तथा मोबाइलबाट प्राप्त प्रमाणहरूका आधारमा प[illegible]को अपराध सञ्जाललाई जरैदेखि भत्काउने प्रयासमा जुटेको बताइन्छ। प्रहरी अनुसन्धानबाट केही रोचक र अविश्वसनीय तथ्य पनि बाहिर आएका छन्। रुपन्देही प्रहरीले अनुसन्धानबाट पाएको सबैभन्दा ठूलो सफलता भनेको गुण्डागर्दीको आवरणमा लुकेको 'हाइप्रोफाइल राजनीतिक कनेक्सन'को पर्दाफास नै हो। मनोज इकाउन्टरको झन्डै दुई महिनाको अनुसन्धानपछि प्रहरी मनोजको राजनैतिक कनेक्सन खोतल्न सफल भएको छ।

मनोजका लागि फिरौती, हत्या र धम्कीका लागि सुराकी गर्ने, सूचना दिने, लाभ लिने, उनको अपराधकर्मको व्यवस्थापनमा सक्रिय रुपन्देहीका केही प्रभावशाली राजनीतिज्ञ एवं व्यवसायीहरूलाई प्रहरीले पक्राउ गरिसकेको छ। ५ वैशाखमा प्रहरीले देवदह-४ का लेखनाथ न्यौपाने, देवदह-५ का तुल्सी न्यौपाने, बुटबल उपमहानगरपालिका-७ का उत्तम आचार्य, स्याङ्जाको पुतलीबजार-४ का हरिप्रसाद श्रेष्ठ तथा देवदह-६ का रोशन खड्कालाई पक्राउ गऱ्यो भने भोलिपल्ट काठमाडौंबाट सुजु मल्ल समातिए।

पक्राउ परेका लेखनाथ माओवादी केन्द्रका केन्द्रीय सदस्य हुन् भने सुजु मल्ल प्रजातान्त्रिक राष्ट्रिय युवा संघका केन्द्रीय सदस्य हुन्। मल्ल युवासंघको केन्द्रीय समिति बैठकमा सहभागी हुन काठमाडौं आएकै बेला समातिएका थिए। यस्तै, उत्तम युथफोर्सका पूर्वजिल्ला नेता हुन् भने श्रेष्ठ मदिरा उद्योगी हुन्। खड्का भने घरजग्गा कारोबारमा संलग्न व्यक्ति हुन्।

प्रहरीकाअनुसार लेखनाथ, तुल्सी र रोशनले मनोजको जनशक्ति व्यवस्थापन एवं फिरौती असुलीमा सघाउँदै आएका थिए। सुजु र उत्तमले मनोजलाई व्यवसायीहरूको कन्ट्याक्ट नम्बर उपलब्ध गराउने तथा रेकी गर्ने काममा सहयोग पुऱ्याएको प्रहरीको दाबी छ। हरिप्रसाद श्रेष्ठ भने आफ्ना प्रतिस्पर्धी व्यवसायीहरूलाई सिध्याउन जासुसीको काम गर्थे। उनीहरूले मनोजको अपराधकर्मलाई सघाएको देखिएको छ, रुपन्देहीका प्रहरी प्रमुख ज्ञवाली भन्छन्- हामी उनीहरूमाथि थप अनुसन्धान गरिरहेका छौं।

### राजनीतिक आवरणभित्र अपराध

लेखनाथ न्यौपाने पहिले नेविसंघमा थिए। पछि उनी अखिल क्रान्तिकारीको रुपन्देही अध्यक्ष हुँदै माओवादी केन्द्रको केन्द्रीय राजनीतिमा उदाए। बाहिरी आवरणमा राजनीतिमा सक्रिय देखिए पनि उनको मुख्य पेसा घरजग्गा दलाली थियो। काठ तस्करी र जग्गा दलालीकै क्रममा उनले सुरुदेखि नै मनोजसँग मित्रता गाँसेका थिए भने उनको उठबस पहुँच भएका राजनीतिज्ञहरूसँग थियो। उनको राजनीतिक पहुँच कतिसम्म थियो भने गत फागुनमा देवदह औद्योगिक व्यापार मेलामा उनकै एकल प्रयासमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड प्रमुख अतिथि भएका थिए।

कन्ट्रक्सन व्यवसायमा संलग्न सुजु मल्लको वास्तविक परिचय ठेकेदार हो। यद्यपि उनी एमाले निकट युवा संघको केन्द्रीय राजनीतिमा अनौठो गतिमा उदाए। सुजुको त्यो आकस्मिक उदय एमालेको स्थानीय तहका धेरै इमान्दार कार्यकर्तालाई मन परेको थिएन। कतिसम्म भने पार्टीमा डनवाद हुर्किएको, सुजु मल्ल र मनोज पुनलाई पार्टीमा राख्न नहुने विषयमा लेख लेखेबापत एमाले जिल्ला सचिवालय सदस्य सिद्धिचरण भट्टराईलाई कारवाही नै गरियो।

रुपन्देहीमा देखिएको एमालेभित्रको गुटगत लडाइँमा प्रभावशाली गुटमा लागेका सुजुले त्यसकै बुइ चढेर केन्द्रीय नेताको छवि बनाए। कालान्तरमा सुजु र उत्तमहरूको अपराधिक संलग्नता खुलेपछि अहिले एमाले रुपन्देही समस्यामा परेको छ। दुवैलाई प्रहरीले पक्राउ गरेपछि शनिबार मात्र एमालेले विज्ञप्ति निकालेर उनीहरूमाथि कारबाही गरिएको कर्मकाण्डी धारणा सार्वजनिक गरेको छ। सुजु र उत्तमले मनोजलाई सूचना उपलब्ध गराएको आरोप छ।

मनोजसँग जोडिएका अर्का व्यक्ति हरि श्रेष्ठ मदिरा व्यवसायी हुन्। आफ्ना प्रतिस्पर्धी व्यवसायीहरूलाई सिध्याउन उनी मनोज निकट पुगेका थिए। प्रहरी स्रोतकाअनुसार उनले कुनै समयका आफ्ना व्यापारिक साझेदारलाई समेत मनोजको सहयोग लिई मार्ने योजना बनाएका थिए। त्यसबाहेक उनी फिरौती माग्ने व्यापारीको सूची बनाउने तथा कन्ट्याक्ट नम्बर उपलब्ध गराउने सुराकी गर्थे। पक्राउ परेका अर्का व्यक्ति रोशन खड्का पहिले हरि श्रेष्ठको मदिरा कम्पनीमा काम गर्थे। पछि उनी लेखनाथ र तुल्सीहरूको सम्पर्कमा पुगेर जग्गा दलालीमा सक्रिय भए। त्यही क्रममा लेखनाथ र तुल्सीसँगै रोशन पनि मनोजको सहयोगी भए।

### अन्तर्राष्ट्रिय कनेक्सन

प्रहरीको टाउको दुखाउने गरी विदेशमा बसेर नेपालमा फिरौती र कन्ट्याक्ट किलिङको अपराध साम्राज्य चलाइरहेका पुनको अपराधकर्मको जरा खोतल्ने क्रममा प्रहरीले उनको अन्तर्राष्ट्रिय कनेक्सनको जरा पनि पहिल्याएको छ। उनको कनेक्सन भारतका बिट्टु भनिने जोगेन्द्र सिंहसँग रहेको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जनाएको छ। मनोजलाई सहयोग गर्ने माओवादीका केन्द्रीय सदस्य लेखनाथसँग पनि जोगेन्द्रको निकटको सम्बन्ध रहेको खुलेको छ।

मनोज पुन र माओवादीका केन्द्रीय सदस्य लेखनाथसँग सम्बन्ध बनाएका बिट्टु भनिने जोगेन्द्र सिंहले भारतीय खुफिया एजेन्सीका लागि काम गर्ने प्रारम्भिक सूचना प्रहरीसँग छ। जोगेन्द्र नेपालको कपिलवस्तु तथा रुपन्देही क्षेत्रमा सक्रिय छन्। भारत गोवाका बासिन्दा योगेन्द्रले सन् १९९५ मा कपिलवस्तुको घुम्ती शिविरबाट नेपाली नागरिकता लिएका थिए। उनले सन् २०१६ मा नेपालकै एमआरपी पासपोर्टसमेत बनाएको तथ्य प्रहरीले हात पारेको छ। कहिले मुस्लिम त कहिले शिखको आवरणमा भैरहवा आसपासका क्षेत्रमा बस्ने जोगेन्द्र रसियन युवतीहरूको तस्करीमा समेत संलग्न देखिएका छन्। रुपन्देही र कपिलवस्तुमा रहँदा उनले पहिलेदेखि नै मनोज र लेखनाथसँग सम्पर्क बनाएका थिए।

मनोजलाई भारतमा बसोबास गर्ने र लुकाउने काममा पनि जोगेन्द्र नै सहयोगी भएका थिए। केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) टोलीले गोवामा मनोजलाई पक्राउ गर्न लागेका बेला पनि जोगेन्द्रले नै उनलाई जोगाएको बताइन्छ।

रुपन्देही र कपिलवस्तुदेखि काठमाडौंसम्मका ठूला ब्यापारीबाट मनोजले उठाएको करोडौं रुपैयाँ पनि जोगेन्द्रले नै पचाएको अनुमान प्रहरीको छ। अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरूका अनुसार मनोज पुनको अपुतालीका रूपमा उनले फिरौतीमार्फत उठाएको करोडौं रुपैयाँ जोगेन्द्रको खल्तीमा गएको सम्भावना छ। मनोजबाट प्रहरीले एउटा मात्र एक्सिसिस बैंकको एटीएम फेला पारेको छ। कपिलवस्तुबाट हराएका पाकिस्तानी सेनाका पूर्वलेफिटनेन्ट कर्णेल मोहम्मद हबिब जाहिरको अपहरणमा पनि जोगिन्द्रको संलग्नता हुनसक्ने प्रहरीको अनुमान छ।



इन्फोग्राफ : रामेश्वर श्र


जन्म : २०४५ मंसिर २५
देवदह: ६, खैरेनी, रुपन्देही

२०६२




ठेक्कापट्टामा हस्तक्षेप

२०६३




माओवादी प्रवेश/वाईसीएलमा सक्रिय

२०६७



एमालेमा प्रवेश/प्रयुवा संघमा सक्रिय

२०६७



चोरीमा संलग्न, २२ दिन थुनामा

२०७०



हातहतियार तथा खरखजाना मुद्दामा पक्राउ

२०७३



दुर्गा तिवारीको गोली हानी हत्या

२०७३



दीपक उपाध्यायबाट २० लाख फिरौती माग

२०७४




बलु पौडेलको हत्या

२०७४



सहयोगी सोम आलेसहित देवदहमा इन्काउन्टरमा मृत्यु

## फेसबुक फन्डा



संकलक : जीवन भट्टराई

ब्रेकअप भैसकेकी जीएफको निमन्त्रणा कार्ड आयो खडानन्दलाई ।
साथी : अनि त्यो विवाहमा जान्छस् त तँ ?
खडानन्द : जान्छु यार, प्रेम आफ्नो ठाउँमा छ, मासु-पुलाउ आफ्नो ठाउँमा ।

---

इन्टरनेट राम्रोसँग नचलेर दिक्क भएका खडानन्दले कस्टमर केयरमा बार-बार फोन गरे । यद्यपि उनको समस्या समाधान भएन, फेरि फोन गरे ।
कस्टमर केयरबाट : नमस्ते, तपाईंको के सेवा गर्न सक्छु ?
खडानन्द : खुट्टो धेरै दुखिरा'को छ, तेल लगाएर मिचिदिनुस् न ।

---

खडानन्द र पत्नी ।
खडानन्द : धत ....यस्तो पनि सब्जी हुन्छ ...? न नुन, न मसला, न खुर्सानी अनि पूरा पाकेको पनि छैन, के हो यस्तो ....??
पत्नी : तिमी जहिले पनि किचकिच नगर खडु, भन्द्या छु म माइत गैदिन्छु अनि त्यही सब्जीको फोटो फेसबुकमा राखेको– ५ सय ६७ वटा लाईक तथा १ सय ९४ वटा कमेन्ट आएका छन्, ३९ जनाले सेयर गऱ्या छन् तिम्लाई के थाहा ?

---

खडानन्दका ससुरासाव्है माया गर्थे खडुलाई । उनको मृत्युपछि टेन्सन भइरा'को थ्यो खडानन्दलाई । मलामीका साथ हिंड्दै थिए खडानन्द ।
हरिबोल (घरबाट फुत्त निस्केर) : ससुरा बूढा मरे कि क्या हो खडु ??
खडानन्द (रिसले) : हैन, बूढालाई यसो बजार घुमाउन लगेको ।

---

खडानन्द ज्योतिषीकहाँ गए ।
ज्योतिषी (हात हेर्दै) : यो महिना तिम्री पत्नी अलि कम बोल्नेछिन् ।
खडानन्द : हो र गुरु ....? कसरी ....?
ज्योतिषी : यो महिना नै २८ दिनको छ मूर्ख ।

---

खडानन्द र जीएफ ।
जीएफ : ह्याप्पी बर्थ डे माई डियर खडु !
खडानन्द : थ्याङ्क्यु सो मच डार्लिङ ।
जीएफ : पार्टी ....??
खडानन्द : मेरो ? नेपाली कांग्रेस ।

---

हुँदाहुँदै 'हल्का' शब्द यति हल्का रूपले आउन थाल्यो स्टाटसमा
हाल्का रमाइलो
हल्का घुमघाम
हल्का क्लिक
हल्का पिएको अवस्था
हल्का पिटाई खाएको अवस्था
हल्का पा....को अवस्था
हुँदाहुँदै अब त,
हल्का १ सय ३० किलोको भारी बोक्या अवस्था रे ....
लौ नसकिने भो.... ।

---

खडानन्द कक्षामा ।
शिक्षक : मीठो, गुलियो रस आउने बिरुवाको नाम भन त ।
खडानन्द : आउँदैन सर ....
शिक्षक : यसो विचार गरी हेर त, चिनी कहाँबाट आउँछ ....?
खडानन्द : छिमेकीको घरबाट मागेर सर ।

---

खडानन्द र साथी ।
खडानन्द : जुन दिन धेरै ठूल्ठूलो र महान् काम गरूँ भनेर सोच्छु नि, हुँदै हुँदैन यार !
साथी : किन र ....?
खडानन्द : त्यही दिन श्रीमान्ले झोला बोकाएर सब्जी किन्न पठाउँछे भन्या !

---

खडानन्द र पत्नी ।
पत्नी : तिमी मलाई कति माया गर्छौ खडु ?
खडानन्द : ७५ प्रतिशत ।
पत्नी : किन ७५ प्रतिशत मात्र ....? अरूचाहिं ....?
खडानन्द : १० प्रतिशत भ्याट, १० प्रतिशत सेल्स ट्याक्स, अन्य ट्याक्स ५ प्रतिशत कटाएर ।

---

खडानन्द र साथी ।
खडानन्द : सरल बन्ने प्रयास गर भाइ, स्मार्ट होइन ।
साथी : किन र ....?
खडानन्द : शास्त्रअनुसार तँलाई बनाएको ईश्वरले हो, सामसुङले होइन .... ।

---

खडानन्द कलेज पढ्दा ।
प्रोफेसर : वैवाहिक जीवन भनेको के हो ?
खडानन्द : सर, 'मानिहाल न' देखि 'भाडमा जाऊ न' सम्मको यात्रा नै वैवाहिक जीवन हो ।

---

खडानन्द र हरिबोलबीचको फोनवार्ता ।
हरिबोल : हेल्लो, खडानन्द हो ?
खडानन्द : हो त, किन र ?
हरिबोल : आज बहुला तथा भुस्याहा कुकुरहरू पक्रन नगरपालिकाको गाडी घुम्दैछ रे, घरबाहिर ननिस्की है ।

---

स्कुलमा पढाउँदै ।
खडानन्द : तिमीहरू रोज डे, प्रोमिस डे, भ्यालेन्टाइन डे मनाउने भन्दै उफ्रिन्छौ, पूर्णिमा, एकता दिवस, भानु जयन्ती, लक्ष्मीपूजाका बारेमा केही थाहा छ तिमीहरूलाई ?
बिर्खे : सर यी पुर्णिमा, दिवस, पूजा, भानु, एकता, जयन्ती, लक्ष्मीहरू चाहिँ कुन स्कुलमा पढ्छन् ????

---

खडानन्द र हरिबोल ।
हरिबोल : गधाहरूको पनि दिन आउँछ भन्थे, हो रै'छ ?
खडानन्द : हो र ?
हरिबोल : अँ, तेरो पनि त जन्मदिन आउँदै होला नि होइन ? दुई महिनापछि ???

---

भ्यालेन्टाइन डे मा खडानन्द र जीएफ ।
जीएफ : भ्यालेन्टाइन डेमा मलाई के गिफ्ट दिन्छौ खडु ?
खडानन्द : तिमी जे भन्छौ त्यही ।
जीएफ : मलाई अरू केही चाहिएन, बस् रिङ दिए पुग्छ ।
खडानन्द : ल, भरे घर पुगेपछि दिन्छु, तर एक-दुई रिङमै चाहिँ नउठाऊ है, ब्यालेन्स नै छैन क्या मेरो फोनमा ।

---


## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश कुमार खपाङ्गी
yogeshkhapangi@gmail.com







## पत्याउनु हुन्छ ?




चीनको जिङ्सुस्थित राष्ट्रिय सुरक्षा शैक्षिक संग्रहालयमा चिनियाँ नागरिकलाई मात्र प्रवेश दिइन्छ किनभने उक्त संग्रहालयमा चिनियाँ जासुसी विधिको जानकारी संग्रहित गरिएको छ ।

ग्रेट ह्वाइट सार्क माछाको मुखमा ३ सय दाँत सात तहमा फैलिएका हुन्छन्, जसका कारण सार्कले कुनै पनि खानेकुरा धेरै चपाइरहनु पर्दैन ।




## तथ्य - सत्य

# महँगा सहरहरू

दइकोनोमिस्ट इन्टेलिजेन्ट्स युनिट नामक आर्थिक सर्वेक्षणसँग सम्बन्धित संस्थाले गरेको पछिल्लो अध्ययनअनुसार सिंगापुर संसारकै सबैभन्दा महँगो सहर हो । उक्त संस्थाले संसारका १ सय ३३ सहरमा मानव जीवनयापनका लागि आवश्यक १ सय ५० वटा वस्तु तथा सेवाको मूल्यका आधारमा गरेको उक्त सर्वेअनुसार सिंगापुरपछि फ्रान्सको राजधानी पेरिस दोस्रो महँगो सहरमा दरिएको छ । सर्वेक्षणअनुसार त्यसपछि क्रमश:





स्वीट्जरल्यान्डको जुरिच, हङकङ, नर्वेको ओस्लो, स्वीट्जरल्यान्डकै जेनेभा, दक्षिण कोरियाको सियोल, डेनमार्कको कोपेनहेगन, इजरायलको तेलअभिभ तथा अस्ट्रेलियाको सिड्नी छन् ।



# ग्ल्यामरस गर्मी

तस्विर : महेश प्रधान

## गर्मी र ग्ल्यामरको के सम्बन्ध छ ?

गर्मीमा छोटा लुगा लगाउँदा शीतल हुने भएर होला । छोटा लुगा लगाएपछि ग्ल्यामरस त भैहाल्यो नि ।

**बादल प्रसाई, गायक**

गर्मीमा कम र पातला पहिरन लगाइन्छ । जसको शरीर आकर्षक छ उनीहरूका लागि यो शारीरिक सुन्दरता दर्साउने मौसम पनि हो । जहाँ सुन्दरता छ त्यहाँ ग्ल्यामर छ तर भल्गर होइन ।

**राजेश हमाल, अभिनेता**


गर्मीमा पातला र छोटा पहिरन लगाउँदा कम्फर्ट हुन्छ र त्यसैमा प्रस्तुत हुनुपर्छ । स्वभाविक रूपमा पहिरन छोटो र पातलो हुनासाथ ग्ल्यामरस त देखिने भैहाल्यो नि ।

**शिल्पा पोखेल, अभिनेत्री**

दुइटै 'ग' बाट आउँछन् ।

**जेविका कार्की, अभिनेत्री**

गर्मीमा अलिकति खुल्ला पहिरन लगाएर हिँड्ने भएर



यतिबेला मौसम नै गरम हुन्छ । यस्तो गरम मौसममा महिलाहरूले अलिकति छोटा अनि सहज हुने खालका पहिरन लगाउँछन्, त्यही भएर यी दुई कुरालाइ जोडिएको होला ।

**सारिका घिमिरे, अभिनेत्री**

यसलाई ग्ल्यामरसँग जोडिएको हो कि ?

**अनिता आचार्य, अभिनेत्री**

शरीरले खुलापन खोज्ने भएकाले होला नि ।

**आलोक श्री, संगीतकार**

मलाई लाग्दैन गर्मी र ग्ल्यामरसँगै जोडिएको हुन्छ । ग्ल्यामर भनेको हेराइ, सोचाइ तथा क्रिया-प्रतिक्रियामा भर पर्ने कुरा हो । मानिसको सोच छोटा लुगामा ग्ल्यामर हुन्छ भन्ने छ तर यो सुरुमा आँखाबाट झल्कने कुरा हो, त्यसपछि हाउभाउ तथा बोलीको कुरा आउँछ । यी कुरा भएपछि आफुलाई सुहाउने सामान्य पोसाकमा पनि ग्ल्यामर झल्कन्छ ।

**गजित विष्ट, निर्माता**


गर्मीमा मौसम खुला हुन्छ र सबै खालका रङ गर्मीमै खुल्छन् । गर्मीमा मानिस मात्र होइन, प्रकृति नै ग्ल्यामरस लाग्छ । निलो आकाश, हरियो फाँट, पानीले सिनित्त पखालिएपछिको हिमाल सबै त्यसै ग्ल्यामरस देखिन्छन् ।

**सरस्वती प्रतीक्षा, साहित्यकार**

## विश्वका बढी गर्मी हुने स्थान

**दश्ते लुट,** इरान

इरानको दश्ते लुट सबैभन्दा बढी ग्राउन्ड तापक्रम भएको स्थानका रूपमा सूचित छ । सन २००३ देखि २००९ सम्म लिएको तापक्रम ७० दशमलव ७ डिग्री सेल्सियससम्म मापन गरिएको छ ।



**डेथ भ्याली,** अमेरिका

क्यालिफोर्नियाको मरुभूमिको तापक्रम ५६ दशमलव ७ डिग्रीसम्म मापन गरिएको छ । यहाँको औसत तापक्रम ४७ डिग्री सेल्सियससम्म पुग्ने गरेको छ ।

**अजिजियाह,** लिबिया

अजिजियाह लिबियाको पूर्व राजधानी जाफराभन्दा २५ सय माइल दक्षिणमा छ । यहाँको तापक्रम पछिल्लो ९० वर्षको रेकर्डमा सबैभन्दा गर्मी स्थानका रूपमा नापिएको छ । सामान्यत: त्यहाँ गर्मीको मध्य समयमा तापक्रम ४८ डिग्री सेल्सियससम्म पुग्छ ।

**बाडी हाल्फ,** सुडान

यो स्थानको औसत तापक्रम पनि ४१ डिग्री सेल्सियस रहँदै आएको छ । त्यहाँ हालसम्म सबैभन्दा बढी तापक्रम ५३ डिग्री सेल्सियससम्म पुगेको रेकर्ड छ ।

## काठमाडौं कति गर्मी ?

काठमाडौंमा पछिल्ला तीन वर्षमा सर्वाधिक गर्मी भएको समय ६ जुन २०१५ हो । उक्त दिन काठमाडौंको तापक्रम ३५ डिग्री सेल्सियस मापन गरिएको जल तथा मौसम विज्ञान विभागको रेकर्डमा उल्लेख छ । त्यसभन्दा अघि ३१ जुन २०१२ मा ३५ दशमलव २ डिग्री सेल्सियस पुगेको थियो भने १९९८ मा काठमाडौंको तापमान सबैभन्दा बढी मापन गरिएको थियो । त्यतिबेला उपत्यकाको तापक्रम ३६ दशमलव ६ डिग्री पुगेको थियो । अहिले काठमाडौंको औसत तापक्रम २९-३१ डिग्री सेल्सियसलाई मानिन्छ । जुन बितेको दशकको तुलनामा केही बढी हो ।



## नेपालका बढी गर्मी हुने सहर

### नेपालगन्ज

नेपालगन्ज नेपालकै सबैभन्दा बढी गर्मी हुने सहर हो । गत वर्ष यहाँको तापक्रम ४१ डिग्री सेल्सियससम्म तापक्रम पुगेको थियो ।

### भैरहवा

भैरहवाको गर्मी मौसमको औसत तापक्रम ३६ देखि ३८ डिग्रीसम्म पुग्ने गरेको छ ।

### वीरगन्ज

वीरगन्ज पनि बढी गर्मी हुने सहर हो । यहाँ गर्मी मौसममा औसत ३६ डिग्री सेल्सियससम्म तापक्रम मापन हुने गरेको छ ।

### जनकपुर

जनकपुरमा गर्मी मौसमको औसत तापमान ३६ डिग्री सेल्सियस हुने गरेको छ । यहाँको तापमान ४० डिग्रीसम्म पुग्ने गरेको छ ।

### विराटनगर

विराटनगरलाई पूर्वी नेपालकै गर्मीको राजधानीका रूपमा लिइन्छ । यहाँको उच्च तापक्रम ४० डिग्रीभन्दा माथि पुगेको रेकर्ड छ ।



# गर्मीमा के राम्रो के नराम्रो

**राम्रो**

फेसनेबल हुन पाइने फलफूलको मौसम/रुघाखोकीको जोखिम कम हुने समय/शारीरिक कसरतका लागि उपयुक्त/घुमघामका लागि अनुकूल मौसम/आइसक्रिम तथा स्वीमिङको मज्जा लिन पाइने ।

**नराम्रो**

बढी धूलो उड्ने हुँदा एलर्जी हुन सक्छ/खाना कम रुच्छ/खानामा चाँडै ब्याक्टेरियाले असर गर्छ/घामले छाला डढेर कालो हुन्छ/लामखुट्टेलगायतका कीरा-फट्याङ्ग्राको बिगबिगी बढ्छ/माइग्रेनको समस्या वृद्धि हुन्छ/पसिना बढी आउने तथा शरीर गन्हाउने समस्या सिर्जना हुन्छ । घाउखटिराले सताउन सक्छ ।

**पहिरन**

हल्का खालका पहिरन लगाउने ।

सकेसम्म सेता वा हल्का रंगका पहिरन लगाउने/कालो वा गाढा रंग प्रयोग कम गर्ने ।

यतिबेला कटन वा लिलेनका कपडा उपयुक्त हुन्छन् ।

चस्मा तथा ह्याट लगाएर हिँड्ने ।

घरबाहिर निस्कँदा छाता ओढ्ने ।

लामा बाहुला भएका पहिरन प्रयोग गर्ने ।

## गर्मीमा स्वास्थ्य



प्रा.डा. एइ अन्सारी, जनरल फिजिसियन

बाथ भएकाहरूका लागि राम्रो समय ।

चैत-वैशाखलाई स्वास्थ्यको दृष्टिकोणले राम्रो महिनाका रूपमा लिइन्छ ।

**राम्रो पक्ष**

भिटामिन डीको स्रोत, क्याल्सियम बन्ने, मधुमेह, प्रेसर तथा कोलेस्ट्रोल कम हुने । (गर्मीमा हिँडडुल बढी र खानपान कम हुने हुँदा), टन्सिल भैरहनेहरूका लागि मुक्ति, रुघाखोकी तथा भाइरल फिवर कम,

**नराम्रो पक्ष**

शल्यक्रिया गर्दा वा चोटपटक लाग्दा इन्फेक्सनको जोखिम बढ्ने, झाडापखाला लाग्ने, आलस्यता देखा पर्ने, टाउको दुख्ने, टाइफाइड, डिहाइड्रेसन तथा मूर्च्छा पर्ने सम्भावना ।



## गर्मीका फलफूल

आँप, आरुबखडा, तरबुजा, खरबुजा, बेल, केरा, अंगुर, मेवा, अमला, भुइँकटहर, काँक्रा आदि ।




## पेय पदार्थ

सर्बत, लस्सी, लेमन सोडा, सातु, ताडी, बियर, ह्वाइट वाइन, फलफूलको जुस, कागती पानी, नरिवल पानी, दही, मही, माटाको भाँडामा राखिएको पानी, गोला, आइसक्रिम, कुल्फी, जलजिरा आदि ।



## गर्मीका लागि आवश्यक घरेलु सामग्री





फ्यान, छाता, कुलर, रेफ्रिजेरेटर, आइस बक्स, एयर कन्डिसनर, जुसर आदि ।

## गर्मीका लागि सागसब्जी



फर्सी, करेला, हरियो सिमी, लौका, पुदिना, रामतोरिया, परवर, कटहर, गोलभेंडा आदि ।

## गर्मी @ ट्विट



गर्मी बढेको छ ।

**संगीता सापकोटा**

गर्मी लागेर पीपलको छहारीमा बसेको कौवाले पानी गिज्याउँदै, आ आ पो भन्छ । कहाँ जाऊँ अब ?

**शिशिर मगर**

होइन गर्मी बढेछ कि क्या हो, बजारमा सेता तीघ्रा देखिन थाले त ।

**लुरे भाइ**

नेपालमा गर्मी भयो भनेर छोटो कट्टु लगाएर हिँड्ने केटीहरू खाडीमा पुगे भने त नाङ्गै हिँड्छन् होला ।

**लक्छु**

गर्मीमा छोरी मानिसहरू पातलो र छोटो जे भए नि माथि-तल नै कपडा लाउँछन् ।

छोरा मानिसले पो गति छाडेका हुन् यार, गर्मीमा माथि त नाङ्गै हुन्छन् ।

**ब्याट्री लो**

के सारो गर्मी हो । यत्रतत्र सर्वत्र टन्टलापुर घाम

यसपालि त पोल्ने मात्र होइन, डढाउने नै भयो ।

**एनपी जोशी**

जिन्दगी यसै ल्याङ हुन थाल्यो, दारु नखाइ टाउको ह्याङ हुन थाल्यो,

गर्मी पनि के विधि बढेको हो गाँठे ! बिहान पकाको भात साँझ छ्याङ हुन थाल्यो ।

**प्रदीप भट्टराई**

जिन्दगीमा यी दुई कुरा सत्य हुन्– १. चिसो बढेपछि जाडो हुन्छ, २. तातो बढेपछि गर्मी हुन्छ । बाँकी सब त मायामोह न हुन् ।

**मनोज क्षेत्री**

गर्मीको एउटा बेफाइदा छ– गर्मीमा साह्रै गर्मी हुन्छ ।

**जेठो छोरो सुवास**

बफ मःम नखाने बाहुन भेटिएला, तर यो गर्मीमा नाइटो र तिघ्रा नदेखाउने केटी भेटिन्नन् ।

**पीएस विमल**

सही समयमा गोरो हुन लागेकी थिएँ, फेरि गर्मी आयो ।

**स्मृति**

हिजोआज त पानी पनि चिसो पिउने गरेको छु, मुटुमा बसेकी उनलाई गर्मी नहोस् भनेर ।


**खतिवडा कान्छो**

लामखुट्टेको बूढोले अर्की ल्याएछ क्या हो ? मेरै गालामा किस खान आउँछ त ?

**सौगात**

पानको पात, गर्मी बढ्यो रुच्दैन धानको भात, पसिना खलल ।

**मुकुन रेग्मी**



## गर्मीको खानपान

- गर्मीमा बासी खानेकुरा खानु हुँदैन । यदि पकाएको खाना उब्रिएर पछि खानुपरे त्यसलाई राम्रोसँग फ्रिजमा राख्नुपर्छ ।
- यो मौसममा सरुवा रोगका कीटाणु बढी सक्रिय हुने हुँदा पानीलाई उमालेर वा निर्मलीकरण गरेर मात्र पिउनुपर्छ ।
- गर्मीका कारण पसिना बढी आउने र घामले शरीरको पानी सोस्ने हुँदा झोल खानेकुरा पर्याप्त मात्रामा खानुपर्छ ।
- खानासँग गेडागुडीको रस, फलफूल तथा सलाद खानु उपयुक्त हुन्छ ।
- खानामा भन्दा गाँजर, गोलभेंडा, पालुंगो, काँक्रा, तरबुजा, मेवा, आँपजस्ता क्यालोरी कम भएका खानेकुरा उपयुक्त हुन्छन् । एसिडिटी भएकाहरूलाई पनि यस्ता फलफूल अनुकूल मानिन्छन् ।
- बेलुकाको खानामा गहुँ, फापर वा कोदोको परिकार सेवन गर्नु उपयुक्त हुन्छ । खाने कुरामा हरियो सागसब्जीका साथै दूध पनि सेवन गर्न सकिन्छ ।
- बेलुकाको खानापछि १० देखि १५ मिनेट खुल्ला ठाउँमा टहल्नु फाइदाजनक हुन्छ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## मेष

आम्दानी हुने व्यवसायमा लगानी गर्न उत्सुकता तथा तत्परता देखा पर्नेछ। प्रेमी-प्रेमिकाको भावनाअनुरूप चल्न सके थप फाइदा हुनेछ। आर्थिक पक्ष सबल हुँदै भौतिक सुखका साधन जुट्नेछन्। पहेंलो रंगको पहिरनले उन्नतिको मार्ग पहिल्याउन सहज बनाउनेछ।

## वृष

पराक्रम बढ्नुका साथै सोचेजस्तै सफलता पाइनेछ। विभिन्न खालका प्रतिस्पर्धामा सहभागी भै उत्कृष्ट नतिजा हात पार्न सकिनेछ। पदीय जिम्मेवारीले थप मेहनत तथा समयको अपेक्षा गरेको छ। स्वास्थ्यको ख्याल राख्नुहोला। साताको अन्त्यमा नयाँ स्थानको भ्रमण गर्न सकिनेछ।

## मिथुन

नयाँ अवसर प्राप्त हुनेछ। समयले थप प्रयासको अपेक्षा राखेको छ। स्वार्थी मित्रहरूले घेरा हाल्न सक्छन्। खराब व्यक्तिहरूबाट टाढै रहनुहोला। गरिब तथा अशक्तहरूलाई सहयोग गर्न मन उत्साहित हुनेछ। साताको अन्त्यमा पारिवारिक वातावरण मनोरञ्जक रहनेछ।

## कर्कट

झन्झटिला कार्य आइलाग्दा मनमा निराशाले डेरा जमाउन सक्छ। योग, ध्यान एवं शारीरिक कसरतले आलस्यताबाट मुक्त गर्न सहयोग पुऱ्याउनेछ। प्रेमी-प्रेमिकाको झूटो आश्वासनमा पर्दा क्षति बेहोर्नुपर्ने हुन सक्छ। साताको अन्त्यमा घरायसी व्यवहारमा समय व्यतीत हुनेछ।

## सिंह

भाग्यले साथ दिनेछ भने मान-सम्मान तथा आर्थिक उपलब्धि हात पर्ने सम्भावना पनि छ। कुरा काट्नेहरूले विवादमा तान्ने प्रयत्न गर्न सक्छन्। मंगलबारपछि काम बन्ने योग छ। निर्णय शक्ति बलियो बनाई कार्य प्रारम्भ गर्दा परिवारका सदस्यहरूको समर्थन रहनेछ।

## कन्या

समकक्षीहरूको सुझाव अनुसरण गर्दा विशेष फाइदा हुनेछ। सामाजिक काममा सहभागी हुँदा परिवारकै प्रतिष्ठा वृद्धि हुनेछ। सामान्य स्वास्थ्य बाधा भए पनि जल एवं फलको सेवनले स्वास्थ्य अनुकूल बनाउन सकिनेछ। साताको अन्त्यमा सवारी साधन खरिद गर्न उत्सुक भइनेछ।

## तुला

उच्च शिक्षाका लागि रोजेको विषयले सही बाटो देखाउनेछ। नयाँ मित्रबाट अपेक्षा गरेभन्दा बढी सहयोग पाइनेछ। सामान्य खटपट भए पनि व्यवसायिक क्षेत्रमा गरिएको निर्णयलाई परिवारले अनुमोदन गर्नेछन्। साताको अन्त्यमा मानसिक तनाव सिर्जना हुन सक्छ।

## वृश्चिक

अथक प्रयासले काममा अपेक्षित सफलता हात पर्न सकिनेछ। आत्मीय मित्र मानेर कुराकानी गर्दा गोपनीयताप्रति सचेत रहनुपर्नेछ। सहकर्मीसँगको वैचारिक मतभिन्नतामा आफन्तहरूको सहयोग प्राप्त हुनेछ। साताको अन्त्यमा स्वास्थ्यमा गडबडी देखा परे पनि जटिलताहरू क्रमशः कम भएर जानेछन्।

## धनु

तपाईंको प्रभावशाली कार्यले उचित स्थान पाउनेछ। स्वास्थ्य गडबड हुन सक्छ। सञ्चित धन गरगहनाको खरिदमा खर्च हुनेछ। साथीहरूसँग मनोरञ्जन तथा यात्रा गर्ने अवसर जुर्नेछ। सामाजिक क्षेत्रमा गरिएका कार्यबाट प्रतिष्ठा प्राप्त होला। सवारी साधन चलाउँदा सावधानी अपनाउनुमै तपाईंको हित छ।

## मकर

मान्यजनको सुझाव आत्मसात् गर्दा जीवनले सकारात्मक ऊर्जा प्राप्त गर्नेछ। आर्थिक क्षेत्रमा गरिएका प्रयत्नले लक्ष्यमा पुग्ने बाटो देखाउनेछ। भविष्यका निम्ति दिगो जग बसाउने बेला आएको छ। नयाँ मित्रताले नयाँ प्रेम अंकुरित गराउन सक्छ। छोटो समयमै घुलमिल हुन खोज्नेहरूसँग सचेत रहनुहोला।

## कुम्भ

खलबलिँदो पारिवारिक वातावरणबाट मुक्ति पाइनेछ। मन मिल्ने साथीको सुझावमा मात्र भर पर्दा पछि परिएला। आफ्नो क्षमता प्रदर्शन गरी इनाम प्राप्त गर्ने अनुकूल समय छ। नाटकीय प्रेम गरी झुक्याउनेहरूसँग सचेत रहनुहोला। भगवान् शिवको आराधनाले मानसिक तनाव कम गर्नेछ।

## मीन

सभा समारोहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर प्राप्त हुनेछ। आकर्षक सवारी साधनको खरिदले अरूको मन लोभ्याउनेछ, जसमा फजुल खर्चसमेत हुने देखिन्छ। प्रेमिकासँग अनावश्यक वादविवाद हुन सक्छ। कामलाई बेवास्ता गर्दा विभिन्न समस्या आइलाग्न सक्छ।

### यो साता

**वैशाख १७ गते**
काममा सुरक्षा र स्वास्थ्यका लागि विश्व दिवस

**वैशाख १७ गते**
विश्व नृत्य दिवस

**वैशाख १७ गते**
बुद्ध जयन्ती, उभौली पर्व

**वैशाख १८ गते**
मे १, विश्व मजदुर दिवस

**वैशाख २० गते**
अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस

अब हाम्रो पालो

# अचेलका केटीहरू कत्तिको केटा जिस्क्याउँछन् ?

जिस्क्याउने मात्र हो र ? भेटाए सिध्याउँछन्।

**संयम महर्जन**

जिस्क्याउँछन् नि ! यो मामिलामा केटाभन्दा केटीहरू अगाडि छन्।

**नवीन**

त्यो त सोध्नै पर्दैन। समाज परिवर्तन भैसकेको छ अचेल।

**सुमन**

केटा जिस्क्याउन कहाँ त्यत्तिकै सकिन्छ ? हिम्मत चाहिन्छ।

**चित्र सुनुवार**

एक्लै, राति तथा हाफ प्यान्टमा हिंड्नै गाऱ्हो पर्न थाल्यो हजुर। कलेज पनि जान मन लाग्दैन, स्कुटी चलाउँदा पनि नजिक आएर हर्न बजाउँछन्। अझ बसमा त हिंड्नै गाह्रो। कतिले त हात नै लगाउँछन्। गल्लीहरूमा पनि ढुकेर बस्छन्। लौ न केही गर्नुपऱ्यो।

**प्रशान्त पौडेल**

हिजोआज जिस्क्याउँछन्।

**वैकल्पिक मुस्कान**

आफूसँग त बोल्नै डराउँछन्। धेरै मोटो देखेर पो हो कि ?

**डेड सोल**



तस्बिर : श्रुति श्रेष्ठ

एक्ली केटीको जिस्क्याउने आँट (मुटु) त हुँदैन, तर समूहमा भएका केटीहरूले केटाको बिल्ला (कठपुतली) उडाउँछन्।

**मिलन बोहरा**

कुरै छोड्दिनुस् हजुर ! मैले त केटी देख्नेबित्तिकै टाउको मोड्ने गरेको छु। बाँकी कुरा आफैं बुझ्नुहोस्।

**बाबा रमेश**

अहिलेसम्म त्यस्ती युवती फेला परेकी छैनन्, जसले मलाई जिस्क्याउन सकून्।

**कैलास**

धेरै नै जिस्क्याउँछन नि, एक्लै त हिंड्नै नहुने भो।

**नवीन गैरे**

खै, थाहा छैन।

**विकास कटुवाल**

गनेरै साध्य छैन।

**मुना थापा**

जिस्क्याउने मात्र होइन, केटी-केटी मिले भने केटालाई नांगेझार बनाउँछन्।

**सुमन**

केही दिनको अनुन्धानपछि खबर गरौंला।

**कैलाश पर्वत**

गल्ली-गल्लीमा ढुकेर बस्या हुन्छन्, जहिल्यै पछि लाग्छन् मेरो।

**सागर**

अति नै धेरै।

**कुलरिम्स**

पूरै जिस्क्याउँछन् नि। हेर यो अंकल अहिले त यति ह्यान्डसम छ, जवान हुँदा कति ह्यान्डसम होला है भनेर जिस्क्याउँछन्।

**उमेश सिग्देल**

हो, हो अत्ति धेरै जिस्क्याउँछन्।

**विवस धरेल**

अस्ति केटीहरूको एउटा ग्याङले मलाई 'ओए केटा, यता हेरेर हाँस् त। तेरो स्माइल खत्रा रै'छ भने।' म त डराएर त्यहाँबाट कुलेलाम ठोके।

**रिजन भण्डारी**

केटालाई एक्लै देखे भने आँखा झिम्क्याउनदेखि लिएर सिट्टी बजाउन समेत भ्याउँछन्।

**विक्रम गौतम**


आजभोलि त थाहा भएन, आजभन्दा ६ वर्षअघि म आफैं परेको छु।

**पात्र**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
१. सार्वजनिक स्थलमा महिलाहरूमाथिको दुर्व्यवहार एवं अपमानजनक व्यवहार घटाउन के गर्नुपर्ला ?


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउनेः Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * *

नोटः यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेलः २०८११०९, लगनखेल बसपार्कः २१२२४४८, चावहिलचोकः ४४९३३६१, नयाँबानेश्वरः २०४२६५२, कोटेश्वरचोकः ४६०००१५, कलंकीचोकः ५२३४४८९, गोंगबुचोकः ४०२००९९, बुटवलः ०७१-५४१४६९, नारायणगढः ०५६-५७२१४४, पोखराः ०६१-६२२०९५, बाग्लुङ्गः ०६८-५२२७१०, इटहरी चोकः ०२५-५८७१७५, दाङ घोराहीः ०८२-५६३६११, बिर्तामोडः ०२३-५४६५२९

## भर्ना खुल्यो ! भर्ना खुल्यो !!

CTEVT बाट सम्बन्धन प्राप्त यस इन्ष्टिच्यूटमा ३ महिने अप्टिकल डिस्पेन्सर तालिममा भर्ना खुलेकाले १० कक्षा वा सो भन्दा माथि उत्तिर्ण ईच्छुक व्यक्तिहरुलाई भर्नाको लागि जानकारी गराइन्छ।

SEE दिई बसेका विद्यार्थीहरुको लागि विशेष छुट साथै उपयोगी

कक्षा सञ्चालन मितिः २०७५ बैशाख १६ गते देखि

पर्फेक्ट आई इन्ष्टिच्यूट, जडिबुटी-३२, काठमाडौं
फोनः ०१-५१४९१८५/मोबाईल नं. ९८५१२२९४०५

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म १९ वर्षको भएँ । मलाई यौनसम्पर्क राख्ने चाहना हुँदैन । के पहिलो पटक यौनसम्पर्क गर्दा पीडा हुन्छ ?

९०७७६



### मानव यौनेच्छा

यौन चाहना मानव जीवनको अभिन्न पाटो हो । यौनेच्छा वा यौन व्यग्रता मानसिक तथा भावनात्मक जैविक व्यग्रतासँग सम्बन्धित स्वाभाविक शक्ति हो । अहिले यौन क्रियाकलाप वंश निरन्तरताका लागि अर्थात् सन्तान जन्माउनभन्दा पनि यौन आनन्दमा बढी प्रयोग भएको पाइन्छ ।

मोटामोटी रूपमा हेर्दा यौनेच्छाको सञ्चालनमा विभिन्न प्रणाली सक्रिय देखिन्छन् । एक त इन्डोक्राइन सिस्टम (endocrine system) अन्तर्गतका रागरसहरूले यसको सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्छन् भने अर्कातिर इन्द्रिय प्रणालीका साथमा स्नायुप्रणालीले । यौनेच्छा जाग्ने (विकसित हुने) वा त्यसको व्यग्रतामा रागरस अर्थात् हार्मोनको महत्वपूर्ण भूमिका हुन्छ । यौन क्रियाकलापमा भन्दा टेस्टेस्टेरोनले यौनेच्छा वा यौन व्यग्रतालाई बढी प्रभाव पारेको हुन्छ । महिलामा पनि टेस्टेस्टेरोनले नै यौनेच्छा वा यौन व्यग्रताका लागि महत्वपूर्ण भूमिका खेल्छ । यसमा इन्द्रियहरूको महत्वपूर्ण भूमिका हुन्छ । हाम्रा इन्द्रियहरू दृष्टि, स्पर्श, ध्वनि, गन्ध तथा स्वादसँग यौन सम्पर्क वा यौनेच्छासँग सम्बन्धित छन् भन्ने कुरा त हामीलाई थाहै छ । यौन उत्तेजनाको स्रोत जेसुकै भए पनि अन्तिम रूपमा त्यसलाई अथ्याउने र बुझ्ने कुरा मस्तिष्कले नै गरिरहेको हुन्छ । यौनसम्बन्धी हाम्रा भावनाहरू मस्तिष्कबाट सुरु हुन्छन् ।


### यौनेच्छामा कमी

सबै व्यक्तिमा एकैनासको यौनेच्छा हुँदैन, कसैमा बढी हुन्छ भने कसैमा कम । त्यसैगरी कुनै एक व्यक्तिमा पनि सधैं एकनासको यौनेच्छा हुँदैन । यसैगरी कतिपयलाई यौनसम्पर्क राख्न मन नलाग्ने स्थिति हुन सक्छ अर्थात् कम यौन इच्छा (hypoactive sexual desire) को स्थिति हुन सक्छ । यस्तो स्थितिमा यौनसम्पर्क राख्ने चाहना, यौन परिकल्पना तथा यौन क्रियाकलाप महिनाको दुई पटकभन्दा कम भएको अवस्थालाई जनाउँछ । तपाईंको मनबाट आउने यस्ता भावनाका बारेमा तपाईंलाई नै बढी थाहा हुन्छ, तर यसो भन्दैमा महिनामा एकपल्ट मात्र यौनसम्पर्क राख्ने जोडीलाई यो समस्याबाट पीडित भनी हाल्न मिल्दैन, यदि दुवै जना यसमा सन्तुष्ट छन् भने । त्यसैले कतिपय यौन विषेशज्ञहरूले यौन इच्छा कम भएको भनेर त्यतिबेलासम्म भन्दैनन् जबसम्म यी कुराले उक्त जोडीलाई समस्यामा पारेको हुँदैन वा व्यवहारमा कुनै खासै परिवर्तन देखिएको हुँदैन । यौनेच्छा भए पनि अन्य कारण जस्तै कि शारीरिक (यौनसम्पर्क राख्दा पीडा हुने, कुनै रोगव्याधि लागेको वा थकान) वा मानसिक (चिन्ता, तनाव, भय) जस्ता अनेक कारणले व्यक्तिले यौनसम्पर्क राख्न अरुचि देखाउन वा नराख्न सक्छन् ।

विरलै हुने भए पनि केही व्यक्ति यौनसम्बन्धी क्रियाकलापमा आकर्षित हुँदैनन् र त्यसमा संलग्न हुन चाहँदैनन् । यस्तो स्थितिलाई 'अयौनिकता' भन्न सकिन्छ । यस्तो स्थितिमा व्यक्ति कसैप्रति पनि यौन आकर्षण हुँदैन र यौन क्रियाकलापमा पनि संलग्न हुँदैन । अंग्रेजीमा यस्तो स्थितिमा Asexuality वा Non-sexuality भन्ने शब्द प्रयोग गरिन्छ । यौनसम्पर्क नराख्नु र ब्रह्मचर्यको पालना गर्नु अयौनिकता होइन । यो यौन परिचय भित्रदेखि नै निर्देशित हुन्छ र प्राकृतिक रूपमै भित्रैबाट यसका लागि इच्छा हुँदैन ।

### के पहिलो यौनसम्पर्कमा पीडा हुन्छ ?

यौनेच्छा पूरा गर्न व्यक्ति यौनसम्पर्कप्रति लालायित हुन्छ र त्यसका लागि प्रयास पनि गर्छ । प्रेमीसँग होस् वा अन्य व्यक्तिसँग कुनै पनि व्यक्तिका लागि पहिलो यौनसम्पर्क एउटा विशेष परिस्थिति वा घटना हो । यौनसम्पर्क नराखेको व्यक्तिबाट यौनसम्पर्क राखेको व्यक्ति हुनुको आफ्नै महत्व छ । व्यक्तिमा यस विषयमा चासो वा चिन्ता हुनु स्वाभाविक हो । यसको निर्णय गर्न सजिलो छैन । अध्ययन, पहिरन वा भोजन जस्तै यो विषयमा के रोज्ने भनेर खुलेर छलफल गर्ने स्थिति भने हुँदैन । निर्णयको अभिभारा आफैंमा भरपर्ने हुँदा थप चिन्ता हुनसक्छ । सामाजिक मूल्य-मान्यताका कारणले किशोरी वा युवतीका लागि कौमार्य भङ्ग हुने कुराले चिन्ता थप्छ । विवाहभन्दा पहिले हुने र विवाहपछि गरिने पहिलो यौन सम्पर्कको आ-आफ्नै प्रभाव हुन्छन् र यसमा पर्याप्त भिन्नता पाइन्छ । जे होस्, पहिलो यौनसम्पर्कका सन्दर्भमा अनेक चासो वा चिन्ता हुन सक्छ र त्यसका लागि केही तयारी पनि भए यौन जीवन सुमधुर बनाउन सहयोग मिल्छ ।



**दुख्ला कि ? :** पहिलो यौनसम्पर्क राख्दा सबै महिलालाई दुख्छ नै भन्ने छैन । विशेष गरेर योनिच्छद (hymen) च्यातिने क्रममा कतिपयलाई केही पीडा अनुभव हुन सक्छ, तर यो योनिच्छदको स्थितिअनुसार हुन्छ । यौन सुखको परिप्रेक्ष्यमा यसमा कतिपयमा यो पीडाले खासै महत्व पाउँदैन । योनिमा पर्याप्त चिप्लोपन भए पछि लिङ्ग प्रवेश बिस्तारै-बिस्तारै धेरै जोड नलगाइ प्रवेश गराउनु आवश्यक हुन्छ । भयका कारणले योनिको मांसपेशी खुम्चिएको स्थितिमा भने पीडा हुन्छ ।

**यौन संक्रमण :** यौनसम्पर्क नै यौन रोग सर्ने माध्यम भएकाले यसबाट जोगिन पर्याप्त जानकारी राख्नुपर्छ । पहिलो यौनसम्पर्क सुखद भए प्रथम रात्रिमा धेरैपटक यौनसम्पर्क र त्यसमा पनि योनि सुख्खा भएको स्थिति भए यौन सम्पर्कले मूत्रथैली तथा मूत्रनलीको संक्रमण गराउन सक्छ ।

**गर्भनिरोध :** विभिन्न कारणले गर्भ निरोधका बारेमा नसोचिएको र त्यसको साधनको व्यवस्था गर्न बिर्सिएको वा नपाएको हुन सक्छ । जोसमा होस नहुँदा गर्भ रही हाले पछुताउनुपर्ने हुन्छ । भैपरी अउने यौनसम्पर्कका लागि भरपर्दो गर्भ निरोधका बारेमा जानकारी लिई तयारी गरिरहनुपर्छ ।

**वीर्य स्खलन :** वीर्य स्खलन आफैंमा अनौठो अनुभव हुनसक्छ । कतिपयलाई त्यसको च्यापच्याप्पेपन वा गन्धले असजिलो लाग्न सक्छ । पुछ्ने कपडा साथै भए सजिलो हुन्छ ।

**सम्बन्धको स्थायित्व :** सम्बन्ध कत्तिको गहिरो वा प्रेमपूर्ण छ भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ । यदि सम्बन्धको निरन्तरतामा प्रश्न छ भने पहिलो यौनसम्पर्क राख्नुभन्दा पहिले पर्याप्त विचार पुऱ्याउनु उपयुक्त हुन्छ र धेरैजसो परिस्थितिमा त्यसबाट परहेज गर्नु नै राम्रो मानिन्छ ।

**यौन कार्य सम्पादन :** के मैले चाहेअनुरूप मेरो वा मेरो साथीको यौन चरमसुख प्राप्तिसम्म पुग्न सक्छु वा सक्दिनँ भन्ने चिन्ता हुन्छ । जस्तै पुरुषमा शीघ्र स्खलन वा लिङ्ग उत्तेजित नहुनु वा महिला योनि सुख्खा भएका कारणले यौन सम्पर्कलाई निरन्तरता दिन नसक्ने स्थिति हुन्छ । बिस्तारै, कोमलतापूर्वक तनावरहित ढंगमा यौन क्रियाकलाप अघि बढाए यस्ता समस्या न्यूनीकरण गर्न सकिन्छ ।

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

विरलै हुने भए पनि केही व्यक्ति यौनसम्बन्धी क्रियाकलापमा आकर्षित हुँदैनन् र त्यसमा संलग्न हुन चाहँदैनन् । यस्तो स्थितिलाई 'अयौनिकता' भन्न सकिन्छ । यस्तो स्थितिमा व्यक्ति कसैप्रति पनि यौन आकर्षण हुँदैन र यौन क्रियाकलापमा पनि संलग्न हुँदैन । अंग्रेजीमा यस्तो स्थितिमा Asexuality वा Non-sexuality भन्ने शब्द प्रयोग गरिन्छ । यौनसम्पर्क नराख्नु र ब्रह्मचर्यको पालना गर्नु अयौनिकता होइन ।



# नेपालले धेरै सिक्न बाँकी




दक्षिण एसियाली जुडोमा भारत अरूको तुलनामा निकै बलियो छ भन्ने तथ्य सबैलाई थाहा थियो । यसै साता काठमाडौंमा भएको आठौं दक्षिण एसियाली जुडोले यसलाई अझ स्पष्ट मात्र पारेको छैन, भारत र अरू देशबीचको अन्तर धेरै रहेको प्रमाणित पनि गरेको छ । प्रतियोगितामा कुल १४ स्वर्ण पदक उपलब्ध थियो, त्यसमध्ये १० भारतको नाममा रह्यो । यस्तोमा यो प्रतियोगितालाई भारतले गरेको प्रदर्शन लगभग 'क्लिन स्विप' का रूपमा सम्झिइनेछ ।

भारतले प्रतियोगिताको अन्तिम दिन टिम इभेन्टतर्फ दुवै स्वर्ण जितेको थियो । पुरुषतर्फ भारतले पाकिस्तानलाई हराएको थियो भने महिलातर्फ नेपाललाई । भारतले व्यक्तिगत स्पर्धाको महिलातर्फ सबै ७ स्वर्ण र पुरुषमा ३ स्वर्ण जितेको थियो । विशेषतः महिला स्पर्धामा भारतको एकछत्र आधिपत्य कायम रह्यो । पुरुषतर्फ मात्र नेपाल र पाकिस्तानी खेलाडीले केही चुनौती पेस गरे । यस्तोमा नेपाल र पाकिस्तानको नाममा २-२ स्वर्ण रह्यो ।

नेपालका लागि प्रतियोगिता कस्तो रह्यो त ? नेपालले अपेक्षाअनुसार प्रदर्शन गर्न सकेन । प्रतियोगिताको सुरुमा नेपालमा दाबी थियो, हामीले कम्तीमा ५ स्वर्ण जित्नेछौं, तर नेपाल यसको छेउ पनि पुग्न सकेन । महिलातर्फ जहाँ भारतीय खेलाडीको प्रदर्शन उच्च थियो, त्यहीं नेपालको प्रदर्शन खराब रह्यो । नेपालले महिलातर्फ दुई खेलाडी फुपुल्हामु क्षेत्री र मनिता प्रधान श्रेष्ठबाट स्वर्णको आश गरेको थियो, तर दुवैले निराश पारे ।

नेपाली टिमका प्रशिक्षक वीरेन्द्र रञ्जित पनि निराशजस्तै देखिए । उनको दाबी थियो, नेपाली खेलाडी भारतीयसँग पराजित हुनुको कारण प्राविधिक भन्दा पनि मानसिक बढी थियो । रञ्जित भन्छन्– हाम्रा सबैजसो खेलाडी भारतीय प्रतिद्वन्द्वीसँगै पराजित भए । उनीहरूका अगाडि मनोवैज्ञानिक रूपमा हाम्रा खेलाडी कमजोर देखिए ।

प्रशिक्षक रञ्जितले नेपालको प्रदर्शनमा धेरै सुधार गर्ने पनि बताए । भारतीय खेलाडी एक स्पर्धामा मात्र नेपालीसँग पराजित भए । इन्द्र श्रेष्ठले ६६ किलोग्राम तौल समूहको सेमिफाइनलमा अंकित विष्टलाई हराएका हुन् र यो धेरै अर्थमा ऐतिहासिक प्रदर्शन रह्यो । नेपालले भारतीय खेलाडीलाई मान्यता प्राप्त जुडो प्रतियोगितामा हराएको यो २३ वर्षयता पहिलो थियो । यसअघि सन् १९९५ मा भारतको मद्रासमा भएको दक्षिण एसियाली खेलकुदमा रमेश बस्नेतले स्वर्णपदक जित्दा भारतीय खेलाडीलाई हराएका थिए । इन्द्रले फाइनलमा पाकिस्तानका हुसेन बाबरलाई इप्पोन प्रहार गर्दै स्वर्णपदक प्राप्त गरे ।

प्रतियोगिताको पहिलो दिन नेपालले एक मात्र स्वर्ण जितेको थियो । त्यो रविन श्रेष्ठको नाममा रह्यो । उनले १ सय किलोग्रामभन्दा कमको तौल समूहमा एकमात्र स्वर्ण जिते । घरेलु स्पर्धामा नेपाल प्रहरीबाट खेल्ने २५ वर्षीय रविनको अन्तर्राष्ट्रिय स्तरमा यो पहिलो स्वर्ण हो । रविनले अन्तिम खेलमा बंगलादेशका मोहमद अब्दुल कलाम आजादलाई पन्छाउँदै स्वर्ण पक्का गरे ।

स्वर्ण आशा गरिएका फुपुल्हामु र मनिताले अपेक्षित सफलता हात पार्न सकेनन् । फुपु फाइनलमा भारतीय सुनिवाला देवी हुइद्रोमसँग पराजित भइन् भने मनिता पनि भारतीय प्रतिद्वन्द्वी अंगोम अनिता चानुसँग सेमिफाइनलमै रोकिइन् । प्रतियोगिताका बारेमा प्रशिक्षक रञ्जितको निचोड थियो– यो प्रतियोगिताले दक्षिण एसियाली जुडोमा हामी कहाँ छौं भनेर प्रस्ट पारेको छ । यसैका आधारमा अब हामीले एसियाली र दक्षिण एसियाली खेलकुदको तयारी गर्नुपर्छ ।

**मैदान बाहिर**

## स्वादमा रमाए इब्राहिमोभिच

युरोपमा लामो समयदेखि प्रोफेसनल फुटबल खेलिरहेका स्वीडेनका फुटबलर जाल्टान इब्राहिमोभिच अहिले अमेरिकाको एलए ग्यालेक्सि टिमसँग आबद्ध छन् । जाल्टानले एलएसँगको सम्झौतापछि खेलेका खेलहरूबाट राम्रो नतिजा निकाल्न सफल भएका छन्, जसका कारण उनी अमेरिकाको प्रोफेसनल फुटबलमा पनि आफूलाई स्थापित गराउने सुरमा छन् । युरोपियन फुटबलबाट अमेरिकी फुटबलको क्षेत्रमा छिरेका जाल्टान अमेरिकामा रमाउँछन् कि रमाउँदैनन् भनेर उनका प्रशंसकहरूबीच ठूलो चिन्ता थियो, तर जाल्टानले आफूलाई ब्रेभरी हिलमा रहेको विश्वकै चर्चित जापानी सेफ नोबु मात्सुहिसाको खानाले मोहित बनाएको कुरा पोस्ट गरेका छन् । आफू नोबुको पकवानको प्रशंसक रहेका कारण नियमित आइरहने समेत बताए । नोबुले बनाएको खानेकुरालाई अमेरिकामै पनि महँगो मानिन्छ ।





## द रकलाई तेस्रो पुत्री लाभ

डब्लुडब्लुई रेस्लिङका रेस्लर द रकलाई तेस्रो पटक पुत्री लाभ भएको छ । द रकले आफूलाई पुत्री लाभ भएको तस्बिर इन्स्टाग्राममार्फत पोस्ट गरेर सार्वजनिक गरेका छन् । अब बाँकी जीवनको खुसीका रूपमा टियाना गिया रहेको बताउँदै द रकले छातीमा राखेर खिचेको तस्बिरलाई पोस्ट गरेका थिए । चलचित्रका अभिनेता ड्वायने द रक जोन्सनले आफ्नो छोरीको नाम टियाना गिया राखेका छन् । लाउरेन हरियनसँग दोस्रो विवाह गरेका द रक दम्पतीका पहिलादेखिनै एक छोरी छिन् भने द रककी पहिलो श्रीमतीबाट पनि एक छोरी छिन् ।

**पाँच प्रश्न**




एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेल्ने नेपाली मूलका पहिलो खेलाडी हुन्– शेरबहादुर लामा । उनी सुनिल नामले बढी चिनिन्छन् । उनले हङकङका लागि वान डे खेलेका हुन् । यतिबेला उनी काठमाडौंमा छन् । जगत टमाटा र विनोद दाससँगै आईसीसीको कोच लेभल–थ्री गर्ने उनी पहिलो पुस्ताका प्रशिक्षक हुन् । उनकै प्रशिक्षणमा टिम चौराह धनगढीले हालै सम्पन्न धनगढी प्रिमियर लिग (डीपीएल)-टु जितेको थियो । उपाधि जितेसँगै उनका अबका योजना के छन् त ? लामासँग साप्ताहिकको पाँच प्रश्न :

**प्रशिक्षकका रूपमा आफ्नो टिमले डीपीएल–टु जित्दा कस्तो लाग्यो ?**

आफ्नो प्रशिक्षणमा रहेको टिमले जितेपछि खुसी लाग्नु स्वभाविक हो । यसअघि मैले बालुवाटारलाई खुकुरीकप ट्वान्टी-२० उपाधि पनि दिलाइसकेको थिएं ।

**प्रतियोगितामा टिम चौराहको प्रदर्शन कस्तो रह्यो ?**

मेरो विश्लेषणमा पूरा प्रतियोगितामा हाम्रो टिम र खेलाडीले राम्रो प्रदर्शन गरे । फाइनलमा उनीहरूले जे गर्नु पर्ने थियो, त्यही गरे । सबैले योजनाअनुसार खेले, त्यसैले हामी सफल भयौं ।

**प्रतियोगिताकै उत्कृष्ट खेलाडी रोहन मुस्तफाको प्रदर्शन कस्तो रह्यो ?**

हाम्रो टिम एक खास खेलाडीको प्रदर्शनमा मात्र टिकेको थिएन । प्रत्येक खेलमा कुनै न कुनै खेलाडीले राम्रो गरे ।सबै खेलाडीको योगदान रह्यो । त्यसमध्ये रोहन मुस्तफाको प्रदर्शन विशेष रह्यो । उनी युएईका कप्तान हुन् । टिमको उपाधि यात्रामा उनको विशेष योगदान रहेको स्वीकार गर्नुपर्छ ।

**अबको योजना के छ ?**

ठोस योजना बनाएको छैन । सबै खाले सम्भावना खुला छन् । खासमा म मौकाको प्रतीक्षामा छु ।

**नेपाली क्रिकेटमा ठूलो अवसर पाए के त्यसका लागि तयार हुनुहुन्छ ?**

निश्चित रूपमा । मैले भविष्यमा जे-जस्तो अवसर पाउने छु, त्यसमा आफूलाई प्रमाणित गर्नेछु ।


KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर 2
बम्पर उपहार | १ किलो सुन
हरेक महिना | १० तोला सुन
हरेक साता | १ किलो चाँदी
* सर्तहरू लागू हुनेछन् ।
जित्नुहोस १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
वायरलेस हेडफोन
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रू २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

मुक्त आकाश

# थुइक्क हाम्रो बुद्धि !



अविरल थापा

पढेर ज्ञान हुनु र चेतना आउनु फरक कुरा रै'छ ! फोहोर जथाभावी फाल्नु हुँदैन भनेर जान्नु ज्ञान हो भने नफाल्नुचाहिँ चेतना आउनु हो । कसैसँग बुद्धि हुनु र विवेक हुनु पनि फरक-फरक कुरा हो । पैसाको बचत गर्नु बुद्धि हुनसक्छ भने सही ठाउँमा परिचालन गर्नु विवेक हुनसक्छ ।

हामी सबैलाई थाहा छ, यो देश विविध जात, धर्म, सम्प्रदाय एवं संस्कृतिले भरिएको छ । इतिहासमा कसरी जातको विकास गरियो, कसरी धर्म-संस्कृतिको विकास भयो, कसरी कोही अघि लागे, कसरी कोही पछि परे, धेरै अध्ययन-अनुसन्धान भैसकेका छन् । तत्कालिन शासनसत्तामा बसेका कथित उपल्ला जातका केही मानिसले शक्तिको दुरुपयोग गरेर आफ्नो वृतिविकास गरे होला, तर कुनै जातको भएकै भरमा वा कुनै धर्मको भएकै भरमा न सबै धनी छन्, न कथित तल्लो जात र अर्कै धर्मको भएकै कारण सबै गरिब नै छन् । समाजमा कसरी विष घोल्न सकिन्छ र रडाको मच्चाउन सकिन्छ भनेर अराष्ट्रिय तत्वहरू सलबलाइरहेका हुन्छन् । हाम्रो एकतालाई कसरी भाँडन सकिन्छ, कसरी विग्रह ल्याउन सकिन्छ भनेर विरोधी शक्तिहरू दाउ हेरेर बसेका हुन्छन् । कसैले उक्साएको भरमा उचालिने र उफ्रने हो भने हामी हामी नरहन सक्छौं ।

हालै काठमाडौंको बानेश्वरमा बाटो विस्तारमा अन्यायमा परेको, धार्मिक-सांस्कृतिक सम्पदा मासेको जस्ता मागका साथ भएको विरोध प्रदर्शनमा भएको प्रहरी दमन आफैंमा भर्त्सनायोग्य त छँदै थियो, तर उक्त कुरालाई जातीयता र धार्मिकताको रंग घोलेर सामाजिक संजालमा उत्तेजक तरिकाले प्रस्तुत गरी विषयवस्तुलाई अन्यत्रै मोड्ने प्रयास गरिएको देखियो । कतिले त गाउँबाट तिमीहरू आएर त हो नि हाम्रो सहर यस्तो साँघुरो र अस्तव्यस्त भएको सम्म भनेको पाइयो । के बाटो विस्तार गर्नु, सहर अस्तव्यस्त हुनु कुनै जातीय कुरा हो र ? के सबै धर्मका मानिस हिँड्ने-गुड्ने बाटो एउटै होइन र ? के कुनै जातिका मानिसले नियोजित रूपमै अर्को जातिको मानिसलाई कुनै कामकाज गर्न रोक र विकास गर्न बन्देज लगाएका छन् र ? सामाजिक संजालमा यस्तो अफवाहजन्य सामग्री फैलाइरहेका मानिसहरू पढेलेखेका र अधिकांश युवा नै थिए । के हाम्रो बुद्धि यत्ति हो ? के हामीले बुझेको, पढेको, सिकेको यत्ति हो ? के अब हामी यस्तै-यस्तै कुरा झिकेर एकआपसमा लड्ने हो ? कोही पनि अन्यायमा पर्नु हुँदैन, आफ्नो हक-अधिकारका लागि सबैले लड्न र विरोध प्रदर्शन गर्न पाउनुपर्छ तर कानुनको पालना गर्नु र कर्तव्य पालना गर्नु हामी सबै नागरिकको दायित्व पनि हो । आजको जमानामा आएर हामी शिक्षित र चेतनशील भनिएका युवाहरूसमेत विचलित र दिग्भ्रमित भयौं भने हाम्रा लागि कसले सोचिदेला ? गृहमन्त्री समेतले समाजमा द्वन्द मच्चाउने कुतत्वहरू सक्रिय भएका छन् भनिसकेको परिप्रेक्ष्यमा हामी बहकिने होइन, बरु सचेत भएर ती अदृश्य दुस्मनको पहिचान गर्नुपर्छ । कसैले एकछाक खान दिएको भरमा वा केही पैसाले क्षणिक रूपमा गोजी भरिदिएको भरमा आपसमा लड्न र काटमार गर्न तम्सिने हो भने हाम्रो विनाशलाई कसैले रोक्न सक्दैनन् । नयाँ संविधानले हामी सबैलाई उत्तिकै अधिकार दिएको छ । के माथिल्लो जात, के तल्लो जात, कमाइका लागि सबैले उस्तै संघर्ष गर्नु र बिदेसिनुपरेकै छ ।

समाज रहेसम्म आपसी द्वन्द्व त रहन्छ नै, तर त्यसलाई सहमतिमा हल गर्दै अघि बढ्नुपर्छ । अब पनि समस्यालाई विषयान्तर गरेर सानातिना कुरामा अल्झेर बस्ने हो भने यो देश कहिल्यै अघि बढ्न सक्नेछैन । हामी कुनै जातका हौं भने हामी नेपाली जाति हौं र हाम्रो धर्म केही छ भने मानवताको धर्म छ । त्योभन्दा बाहेक हाम्रो दोस्रो जात र धर्म हुनु हुँदैन । सनातनदेखि हामीले मान्दै आएका विविध संस्कृति नै हाम्रा धरोहर हुन् । हाम्रा कला र सम्पदाको माया यदि कसैलाई छ भने हामी नेपालीहरूलाई नै छ । हामी सबै मिलेर यिनको रक्षा गर्नुपर्छ । हामी कसैलाई पनि आफ्नो जातीय धर्म, संस्कृति मान्न कसैले अवरोध गरेको छैन, तर यदि कोही त्योभन्दा राम्रो धर्म हाम्रो छ, हाम्रो संस्कृति राम्रो छ भन्दै हामीलाई फकाउन आउँछ भने सचेत हुनुपर्छ । यति कुरा बुझे पुग्छ कि यहाँ कुनै नयाँ धर्म मानेबापत कोही रातारात धनी र सुखी हुनेवाला छैन र पुरानाले हामीलाई गरिब र दुःखी बनाएको पनि होइन ।

एक तहमा राजनीतिक संक्रमणकाल सकिएर देशमा स्थिरता आएका बेला अब के कुरा झिकेर हाम्रो समाज र देशलाई अघि बढ्न नदिने भन्ने खेलमा बिचौलियाहरू अनेक भेषमा समाजमा पसेका हुन सक्छन् । बेलैमा हामी युवा चनाखो भै त्यस्ता भूतहरूलाई सिमाना कटाउन सकेनौं र आपसमै लड्न थाल्यौं भने समृद्ध देशको नागरिक भएर बाँच्ने सपना कहिल्यै पुरा हुनेछैन । युवाहरू एक भै हातेमालो गरौं, यो देश बनाउने हामीले नै हो । फुटेर होइन, जुटेर काम गरौं ।

आफैंलाई धिक्कार्दै थुइक्क हाम्रो बुद्धि भन्ने दिन कहिल्यै नआओस् ।

Facebook.com/abeeralthapa
Twitter@abeeralthapa







# फेस अफ नेपाल

एसिया मोडल फेस्टिभल फेस अफ नेपाल शीर्षकको फेसन तथा मोडलिङसम्बन्धी कार्यक्रममा विक्रम आदित्य महासेठ तथा पूजा श्रेष्ठ फेस अफ नेपाल-२०१८ घोषित भएका छन् । विक्रम यसअघि मोडल हन्ट नेपाल सीजन थ्रीका विजेता हुन् भने पूजा मिस सुप्रानेसनल २०१६ का विजेता हुन् ।

कोरिया मोडल एसोसिएसनको सहकार्यमा पूणे फेसन विकले आयोजना गर्दै आएको यो कार्यक्रमअन्तर्गत नेपाली मोडलहरूले अन्तर्राष्ट्रिय मञ्चमा अवसर प्राप्त गर्छन् ।

विक्रम र पूजा वैशाख २५ गते बुधबारदेखि दक्षिण कोरियामा सञ्चालन भैरहेको एसियन मोडल फेस्टिभलमा सहभागी छन् ।








कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।